वर्ष : १६, अंक : ४७, काठमाडौं, २०७७ फागुन २८ गते शुक्रबार, 12 March 2021, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse@gmail.com

## एजेण्डा पूरा भएपछि मात्रै सत्ता समीकरणबारे छलफल



काठमाडौं । जसपा नेपालका अध्यक्ष महन्थ ठाकुरले आफूले उठाएका एजेण्डा पूरा भएपछि मात्रै सत्ता समिकरणबारे छलफल गर्ने बताएका छन् । जसपा, नेपालको केन्द्रीय कार्यालयमा सञ्चारकर्मीसँग कुराकानी गर्दै अध्यक्ष ठाकुरले आफूहरुका नेता, कार्यकर्ताको मुद्दा फिर्ता तथा जेलमा रहेका नेताहरुको रिहाइ गर्नुपर्ने माग पूरा भएमात्रै सत्ता समिकरणको विषयमा छलफल गर्ने बताए । उनले भने, 'हाम्रा सांसद रेशम चौधरी अहिले पनि जेलमा छन्, प्रदेशका मन्त्रीहरु माथि मुद्दा छ । उनीहरुको रिहाइको विषयमा, मुद्दा फिर्ताको विषयमा एमाले र माओवादी केन्द्र स्पष्टताका साथ आउनु पर्छ ।' उनले आफूहरुले उठाउँदै आएको मुद्दाबाहेक सत्ता समीकरणको विषयमा कुरा नगर्ने स्पष्ट पारे । 'हाम्रो एजेण्डा पूरा भएपछि मात्रै हामी सत्ता समीकरणबारे सोचौंला,'ठाकुरले भने । अध्यक्ष ठाकुरले यस विषयमा नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डसँग भेट गरिसकेको र नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवासँग पनि भेट गर्ने जानकारी दिए। उनले जसपाको संसदीय दलको बैठक शुक्रबार दिउँसो १ बजे बस्ने र संसदीय दलको विधान पारित गर्ने विषयमा छलफल हुने पनि बताए ।

## जसपाको संसदीय दलको बैठक बस्दै

काठमाडौं । जसपाको संसदीय दलको बैठक शुक्रबार बस्ने भएको छ । बिहीबार बसेको जसपा पदाधिकारी बैठकले संसदीय दलको नेता चयन गर्न शुक्रबार दिउँसो १ बजे बैठक बस्ने निर्णय गरेको हो । शुक्रबारको बैठकमा संसदीय दलको विधान पारित गर्ने विषयमा छलफल पनि हुनेछ । राजपा र समाजवादी पार्टी नेपालबीच एकीकरण भएको लामो समय भइसक्दासमेत संसदीय दलको नेता चुनिएको छैन । संघीय परिषद अध्यक्ष डा. बाबुराम भट्टराईकाअनुसार पार्टीको समायोजन तथा आगामी कार्ययोजनाबारे आवश्यक निर्णय गर्न कार्यकारिणी समितिको बैठक आगामी बुधबार चैत ५ गते बस्नेछ । सामाजिक सञ्जालमाफर्त भट्टराईले आफ्नो पार्टीका आधारभूत मान्यताबारे सबै राजनीतिक दलहरूसँग उच्चतहमा संवाद गर्ने र वर्तमान राजनीतिक संकटको अग्रगामी निकास दिने बताएका छन् ।

# सत्ता समीकरणको निर्णायक शक्ति

# शीर्ष नेतृत्व विभाजित, उधारोमा सहमति नगर्न नेताहरुको दबाब

मधेशवाणी डेस्क

काठमाडौं । सर्वोच्च अदालतले नेकपा एकीकरण खारेज गरेपछि जनता समाजवादी पार्टी (जसपा) अहिले संसद्को चौथो शक्तिको रुपमा देखा परेको छ । अंकगणतीय हिसाबले जसपा सत्तासमीकरणको निर्णायक अवस्थामा रहेको छ ।

जसपालाई प्रधानमन्त्री केपी शर्मा ओलीले नेतृत्व गरेको एमाले र पुष्पकमल दाहाल प्रचण्डले नेतृत्व गरेको माओवादी केन्द्रले अलगअलग रूपमा सत्ता साझेदारी गर्न प्रस्ताव गरेका छन् । ओली आफू नेतृत्वको सरकार टिकाइरहन चाहन्छन् भने दाहाल अन्य दलको सहयोगमा ओलीलाई हटाएर नयाँ सरकार बनाउने लाइनमा छन् ।

प्रधानमन्त्री केपी शर्मा ओलीले आफ्नो सत्ता टिकाउन र माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले कांग्रेससहितको सरकार गठन गर्न अहिले जसपाको साथ खोजिरहेका छन् भने जसपाले दुवै पक्षसँग आफ्नो माग सम्बोधन हुने सुनिश्चितता चाहिरको छ ।

रेशम चौधरीको रिहाइलाई मुख्य मुद्दा बनाएको जसपाले प्रधानमन्त्री ओली र अर्को पक्षलाई 'उधारोमा होइन नगद'मै मात्र कुरा हुने अडान लिएको हो ।

एमाले र माओवादी केन्द्र दुवैले जसपाका नेताहरुसँग भेट गरेका छन् । जसपाभित्र भने शक्ति सन्तुलन कायम राख्न शीर्ष नेतृत्वलाई अप्ठ्यारो भइरहेको छ । जसपाभित्र राजपा पृष्ठभूमिका नेताहरु ओलीप्रति उदार देखिएका छन् भने समाजवादी पृष्ठभूमिका नेताहरु ओलीको विपक्षमा छन् । उनीहरु ओलीसँग सहकार्य गर्न नहुने मत राखेका छन् ।

अहिले केपी ओली सरकारलाई माओवादी केन्द्रको समर्थन कायम रहेको छ । उसले समर्थन फिर्ता लियो भने सरकार टिकाउन ओलीलाई १८ मत चाहिन्छ । जसका लागि ओलीले जसपाभित्रको राजपा पृष्ठभूमिका नेतालाई फकाउने प्रयास जारी राखेका छन् ।



माओवादी केन्द्र भने यो सरकारको विकल्पमा अर्को समीकरण बनेपछि मात्र समर्थन फिर्ता लिने पक्षमा देखिएको छ । कांग्रेस, माओवादी केन्द्र र जसपा एक ठाउँमा उभिए मात्र प्रधानमन्त्री ओलीको विकल्प खोज्न सक्ने प्रचण्डको रणनीति छ । त्यसैले उनले पनि जसपालाई आफनो रणनीतिभित्र पार्न खोजिरहेका छन् ।

अहिले परिस्थिति यस्तो बनेको छ कि जसपको निर्णय नै ओली सरकारको भविष्य बनेको छ । त्यसैले एमाले र माओवादी केन्द्र जसरी पनि जसपालाई आफू तिर तान्ने प्रयासमा छन् ।

तर अहिलेसम्म जसपाले आफनो अडान कायम राख्दै कसैलाई पनि वचन दिएको छैन । बरु उसले स्पष्ट रुपमा भन्दै आएको छ कि जसले मुद्दा सम्बोधन गर्न, सहयोग उसैलाई गरिने छ । जसपा नेता प्रमोद साह भन्छन्, 'जसले माग पूरा गर्छ उसलाई समर्थन गर्ने हो । हामीले सत्ताका लागि बार्गेनिङ्ग गरिरहेको होइन । जसले हाम्रो आवश्यकता र औचित्य बुझेको छ र जसको कदम अगाडि बढ्छ, उसलाई नै समर्थन गर्छौं ।'

'हामीले आश्वासन वा सहमतिकै आधारमा सरकारलाई समर्थन गर्ने वातावरण नै छैन,'नेता साहले मधेशवाणीसँगको कुराकानीमा भने, 'बारम्बार हामीसँग धोका भएको छ । कति पटक हामी ठगिने ?' ओली नेतृत्वको सरकार र जसपाबीच सहमति जुटाउन दुवै पक्षको संयुक्त कार्यदल बनेको छ । कार्यदलले पहिलो चरणमा बैठक गरिसकेको छ ।

पछिल्लो समय प्रचण्ड र जसपाका संघीय परिषद्का अध्यक्ष बाबुराम भट्टराईबीच मित्रता बढ्दै गएको छ । संसद विघटनपछि भट्टराईले ओलीको तीव्र विरोध गर्दै उनको राजीनामा माग्दै आएका छन् । यद्यपी जसपा एमाले र माओवादी केन्द्रसँग अहिले छलफलमै रहेकाले कोसँग मिलेर जाने निक्यौलमा पुगिसकेको छैन । तर नेताहरु दुई धारमा भने बाँडिएका छन् । अध्यक्ष उपेन्द्र यादव र भट्टराई कुनै पनि अवस्थामा ओलीसँग मिलेर सत्तामा जाने पक्षमा छैनन् । गत वर्ष यादव प्रधानमन्त्री ओलीबाट अपमानित भएपछि सरकारबाट बाहिरिएका थिए । त्यो अपमानले यादवको चित्त दुखेको छ ।

अध्यक्ष यादव भने लोकतन्त्र र संघीय गणतन्त्र पक्षधर शक्ति एमाले नभएको भन्दै अहिलेको सरकारसँग सहयात्रा नहुने पक्षमा छन् । उसो त ओली नेतृत्वकै सरकारमा उपप्रधानसहित स्वास्थ्यमन्त्री रहेका यादव भारत भ्रमणमा रहेकै बेला थाहै नदिई मन्त्रालय परिवर्तन गरिदिएपछि सरकार छाडेका थिए । त्यसपछि ओलीसँग टाढिएका यादव भने ओलीकै निरन्तरताको पक्षमा छैनन् ।

### जसपाको सर्त

- संविधान संशोधन
- रेशम चौधरीलाई रिहा
- लाल आयोग प्रतिवेदन सार्वजनिक
- मधेश आन्दोलनका क्रममा लगाइएका मुद्दा फिर्ता
- मधेश आन्दोलनका घाइतेको उपचार

भट्टराई र यादवलाई राजेन्द्र श्रेष्ठ, रामसाहय यादवलगायत नेताको साथ छ । उता, अर्को अध्यक्ष महन्थ ठाकुर र राजेन्द्र महतो पक्षका नेताहरू भने आफ्ना माग पूरा भए ओली सरकारमा पनि जान सकिने बताउँछन् । उनीहरू दाहालभन्दा ओलीप्रति केही लचिलो देखिएका छन् ।

जसपाका लागि ओली र दाहाल उस्ताउस्तै भएको ठाकुर पक्षधर नेताहरूको भनाइ छ । यो लाइनमा तत्कालीन समाजवादीकै केही सांसद पनि उभिएका छन् । खासगरी गत वर्ष पार्टी फुटाउन लागेका तत्कालीन समाजवादीका असन्तुष्ट सांसद ओलीसँग लचिलो छन् ।

जसपाले दुवै पक्षसँग सत्ता साझेदारीका लागि संविधान संशोधन हुनुपर्ने, रेशम चौधरीलाई थुनामुक्त गर्नुपर्ने, लाल आयोग प्रतिवेदन सार्वजनिक गर्नुपर्ने, मधेश आन्दोलनका क्रममा लगाइएका मुद्दा फिर्ता गर्नुपर्ने, घाइतेको उपचार गर्नुपर्नेलगायत सर्त राखेको छ । अहिले पनि जसपा सरकारसँग सहमति गर्दा उधारो नै रहने हो कि भन्ने त्रासमा देखिन्छ । जसपाका नेताहरुले अब उधारोमा कसैलाई सहयोग नगर्ने बताउँछन् । जसपाका अधिकांश नेता यसपटक पार्टी सरकारमा जाँदा उधारोमा सहमति गर्न नहुने भन्दै शीर्ष नेतृत्वलाई खबरदारी गरिरहेका छन् ।

## प्रदेश २ का प्रमुखले फिर्ता पठाए दुई विधेयक



जनकपुरधाम । प्रदेश २ का प्रदेश प्रमुख राजेश झाले प्रमाणिकरणको लागि पठाइएका दुईवटा विधेयक फिर्ता पठाएका छन् । प्रदेश प्रमुख झाले स्वास्थ्य सम्बन्धी व्यवस्थापन गर्न बनेको विधेयक र प्रदेश पदक सम्बन्धमा व्यवस्था गर्न बनेको विधेक फिर्ता पठाएका हुन् ।

सामाजिक विकास मन्त्रालयले स्वास्थ्य सम्बन्धी व्यवस्थापन गर्न बनेको विधेयक पारित गराएर प्रमाणीकरणका लागि प्रदेश प्रमुखको कार्यालयमा पठाएको थियो । तर त्यस विधेयकमा मातृत्व सुरक्षा लगायतका विषय वस्तुहरु नसमेटिएका कारण आवश्यक सुझावसहित परिमार्जन गरेर विधेयक ल्याउन भन्दै प्रदेशसभामा फिर्ता पठाइएको छ ।

त्यस्तै प्रदेश पदक सम्बन्धमा व्यवस्था गर्न बनेको विधेक पारित गराएर प्रमाणीकरणको लागि प्रदेश प्रमुखको कार्यालयमा पठाएकोमा त्यसमा किसान लगायतलाई पदक दिने व्यवस्था नगरिएको कारणले त्यसमा समेत सुझावसहित प्रदेशसभालाई विधेयक फिर्ता पठाइएको प्रदेश प्रमुखको कार्यालयले जनाएको छ ।

प्रदेश भित्र विशिष्ठ योगदान दिने व्यक्तिहरुलाई सम्मान गर्नका लागि प्रदेश सरकारले पदक प्रदान गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्नका लागि विधेयक निर्माण गरेको थियो । सरकारले यसै चालु आर्थिक वर्षमा पदक बाँड्नका लागि करिब १० लाख रुपैयाँ विनियोजन समेत गरेको थियो । विधेयकमा प्रदेश स्थापनाको पहिला नै नाम घोषणा गरि स्थापनाको दिन फागुन ३ गते पदक दिने गरि विधेयक प्रदेशसभाबाट पास गराइएको थियो ।

प्रदेश २ मा अहिले सम्म ३९ वटा विधेयक प्रमाणीकरण भएर ऐन बनेको छ । यद्यपी अधिकांश ऐन संघीय ऐनको अभावमा कार्यान्वयनमा आउन सकेका छैनन् ।

## 'सरकार सकारात्मक छ भनेर मात्रै हुँदैन, हाम्रा मागहरु पूरा गरेर देखाउनुपर्‍यो'

काठमाडौं । जनता समाजवादी पार्टी नेपालका वरिष्ठ नेता राजेन्द्र महतोले आफूहरुको मागप्रति सरकार सकारात्मक भएर मात्रै नहुने बताउँदै पूरा गरेर देखाउनुपर्ने बताएका छन् ।

बुधबारको प्रतिनिधिसभा बैठकपश्चात् संसद भवनबाट बाहिरिँदै सञ्चारकर्मीलाई संक्षिप्त प्रतिक्रिया दिँदै उनले जसपाको माग जसले पूरा गर्छ, उसलाई नै जसपाले समर्थन गर्ने प्रष्ट्याएका छन् ।

'सरकारमा जाने हाम्रो प्राथमिकतामा छैन, पहिला हाम्रा मागहरु पूरा हुनुपर्‍यो । त्यसपछि मात्रै हामीले सरकारमा जाने वा नजानेबारे सोच्छौं ।' महतोले बताए ।

उनले केपी ओलीले पनि आफूहरुलाई बारम्बार ठगेकोले अब प्रतिबद्धता वा आश्वासनकै भरमा कसैलाई समर्थन गर्ने आफूहरुको प्रष्ट अडान रहेको बताए ।

सांसद रेशमलाल चौधरी लगायतको रिहाइ, मधेश थरुहट आन्दोलनताका लगाइएका मुद्दा मामिला फिर्ता र संविधान संशोधन नै आफूहरु माग रहेको र ती मागहरु आफूहरुले पटक-पटक भन्दै आएको बताए ।

### सरकार सकारात्मक र गम्भीर छ : नेम्वाङ

काठमाडौं । सत्तारुढ नेकपा एमालेका नेता सुवासचन्द्र नेम्वाङले जनता समाजवादी पार्टी नेपालको मागप्रति सरकार सकारात्मक र गम्भीर रहेको बताएका छन् ।

उनले सरकार जसपासँग निरन्तर वार्ता र सम्वादमा रहेको बताउँदै भने, 'संसदको बैठक बस्नभन्दा पहिला पनि जसपासँग छलफल भएको थियो । जसपाको मागप्रति सरकार सदासर्वदा सकारात्मक थियो र छ ।'

नेम्वाङले जसपासँग सत्ता सहकार्यबारे छलफल नभएको पनि प्रष्ट्याएका हुन् । सांसद रेशमलाल चौधरी लगायत मधेश आन्दोलनका बेला भएका मुद्दा मामिलाबारे फिर्ताका लागि जसपा सरकारसँग वार्तामा रहेको उनले जानकारी दिए ।

सरकार कानूनबमोजिम अगाडि बढ्ने बताउँदै नेम्वाङले सोही आधारमा सरकार सकारात्मक रहेको बताएका छन् ।

## भारोत्तोलनमा भविष्य खोज्दै मधेशकी किशोरीहरू

उमेरले १२ वर्ष मात्र पुगेकी छिन्, अम्बिकाकुमारी यादव । कक्षा ५ मा अध्ययनरत सप्तरीको राजविराज नगरपालिका-६ की उनी छ महिनादेखि भारोत्तोलन खेलको अभ्यासमा निरन्तर छिन् । राष्ट्रियस्तरको पदक प्राप्त गर्ने र भविष्यमा सेना बन्ने सपना बुनेकी उनी बिहान ८ बजेदेखि ११ बजेसम्म फलामको गह्रौं भारी उचाल्ने कठोर अभ्यास गर्छिन् । उनको पदक प्राप्त गर्ने परीक्षा नजिकिएको छ । कोभिड-१९ को महामारीपछि पहिलो पटक राष्ट्रियस्तरको भारोत्तोलन प्रतियोगिता राजविराजमा हुँदै छ ।

यही फागुन २९ र आगामी चैत १ गते आयोजना हुने 'देवसुन्दर यादव स्मृति प्रथम राष्ट्रिय भारोत्तोलन' प्रतियोगितामा ४० किलो तौल समूहमा उनी प्रतिस्पर्धा गर्दैछिन् । भारोत्तोलन प्रशिक्षक पुन्तीलाल यादवका अनुसार सबैभन्दा कान्छी खेलाडीका रुपमा सहभागिता जनाउने अम्बिकाले पदक प्राप्त गर्ने निश्चित छ । हजुरबुवा दुर्गानन्द यादवको प्रेरणाले खेल क्षेत्रमा होमिएकी उनको एउटै लक्ष्य छ सेना बनेर सेवा गर्ने । खेल क्षेत्रमा राम्रो गरे सेनामा सहज प्रवेश पाउने विश्वास बोकेकी उनी भन्छन्, 'देशको सेवासँगै सेनामा प्रवेश पाए आफ्नो खेल क्षमता पनि विकास हुनेछ', आफ्नो सपना र लक्ष्य भनिरहँदा उनका आँखाभरी रहर र सपना भाव प्रष्ट झल्किन्थ्यो ।

भारोत्तोलनमा भविष्य सपार्ने सपना बुन्दै तीन वर्षदेखि कडा परिश्रम गरिरहेकी अर्की किशोरी हुन् विष्णुपुर गाउँपालिका-४ की १६ वर्षीया पूजाकुमारी मण्डल । कक्षा १० मा अध्ययनरत उनले प्रदेशस्तरमा स्वर्ण पदक प्राप्त गरी नेपालगञ्जमा २०७५ सालमा भएको राष्ट्रियस्तरको प्रतियोगितामा सहभागिता जनाइसक्नुभएको छ । यसपटक उनले राष्ट्रियस्तरको प्रतियोगितामा स्वर्णपदकको आशा गर्दै ४९ किलो तौल समूहमा प्रतिस्पर्धा गरिरहेका छन् ।

विष्णुपुर गाउँपालिका-१ खुरहुयाकी १५ वर्षीया सरिता यादव सबैभन्दा जोशिली खेलाडी हुन् । एघार वर्षको उमेरदेखि खेल्न शुरु गरेकी उनले प्रदेश २ स्तरको प्रतियोगितामा स्वर्णपदक प्राप्त गरेकी थिइन् । उमेरले कलिलै भए पनि राष्ट्रिय र प्रदेशस्तरीय प्रतियोगितामा दुई/दुई पटक सहभागिता जनाएर अनुभव बटुलेकी उनी पदकको आकांक्षा राख्दै साइकलबाट छ किलोमिटरको दूरी तय गरी नियमित अभ्यासमा आउँछिन् ।

पाइलैपिच्छे विभिन्न चुनौती र अभावको सामना गर्दै अगाडि बढिरहेकी खेलाडी हुन विष्णुपुर गाउँपालिका-३ मुसहरनियाकी १८ वर्षीया काजल सदा । अभावग्रस्त दैनिकीका बाबजुद भारोत्तोलनमा भविष्य खोज्दै अगाडि बढेकी उनले प्रदेश २ स्तरमा स्वर्ण पदक र नेपालगञ्जमा २०७५ सालमा भएको राष्ट्रियस्तरको प्रतियोगितामा कास्यपदक पाएकी थिइन् । उक्त सफलताले पाएको हौसलाका साथ अभ्यासमा तल्लिन उनले राजविराजमा हुन गइरहेको राष्ट्रियस्तरको प्रतियोगितामा पनि उत्कृष्ट प्रदर्शन गर्ने र पदक ल्याउने विश्वास व्यक्त गरिन ।

उनलाई नै आफ्नो प्रेरणाको स्रोत बताउने सोही गाउँकी १७ वर्षीया किरणकुमारी सदा पनि तीन महीनादेखि भारोत्तोलन खेलको अभ्यासमा छिन् । किरणले भनिन, 'एकदिन मैले काजलले भारोत्तोलन उचालेको देखेर बडो रोमाञ्चक लाग्यो । पुरस्कृत भएर गाउँ आएपछि उहाँसँग समाजको सकारात्मक व्यवहार देखेर मलाई पनि त्यसै गरी खेल्ने इच्छा जाग्यो ।'

परिवारले भरपुर साथ दिएपछि विष्णुपुर गाउँपालिका-५ कट्टीकी १९ वर्षीया ज्योतिकुमारी मण्डल पनि दुई महीनादेखि अभ्यास गरिरहेको छ । उनका बुबाआमाले आफन्तका अगाडि उनलाई चिनाउँदा 'मेरो छोरा हो यो' भन्दै पिँठ्यू थपथपाउँछन् । तीन दिदीबहिनीमा माइली ज्योतिले दाजुभाई नभए पनि बुवाआमाबाट छोरासरहको भरोसा र व्यवहारले उहाँलाई अगाडि बढ्न प्रेरणा मिलेको छ ।

## मुस्कानलाई साहसी महिलाको सम्मान



काठमाडौं । नेपालकी मुस्कान खातुनलाई अमेरिकी विदेश मन्त्रालयले अन्तर्राष्ट्रिय साहसी महिला सम्मानबाट सम्मानित गरेको छ । अन्तर्राष्ट्रिय महिला दिवसको अवसर पारेर आयोजित भर्चुअल कार्यक्रममा अमेरिकी प्रथम महिला जील बाइडेनले सो सम्मान प्रदान गरेकी हुन् । त्यस क्रममा बाइडेनले यसपालिको सम्मान पाउनेहरूका फरक फरक कथा रहेको बताईन् ।

तर सबै फरक पृष्ठभूमिका भए पनि भयरहित भएर काम अगाडि बढेका परीजस्तै रहेको उनको भनाई छ । नेपालबाट मुस्कान र नेपालका प्रधानमन्त्री तथा अन्य उच्च नेतृत्वले भिडियो सन्देशमार्फत सम्मानका विषयमा आफ्ना धारणा प्रस्तुत गरेका थिए ।

सो पुरस्कारबाट नेपाली चेली मुस्कानलाई सम्मान गरेकामा प्रधानमन्त्री केपी शर्मा ओलीले अमेरिकी सरकारको सराहना गरेका छन् उनले भने, "एसिड आक्रमणको पीडालाई सङ्घर्षमा बदल्दै सो पुरस्कारबाट सम्मानित भएकी हाम्री छोरी मुस्कानलाई सरकार र सम्पूर्ण जनताको तर्फबाट बधाई ज्ञापन गर्दछु ।" तेजाब आक्रमण जस्तो जघन्य अपराध बेलैमा नियन्त्रण गर्न नसके यसले भयावह रूप लिने उल्लेख गर्दै प्रधानमन्त्री ओलीले यसविरुद्ध कानुन ल्याउन सघाएकाहरूको सराहना गरे

## सम्पादकीय

# संसद् पुनःस्थापनादेखि नेकपा नाम खारेजसम्म

प्रधानमन्त्री केपी शर्मा ओलीले पुस ५ गते प्रतिनिधिसभा विघटन गरेपछि उत्पन्न राजनीतिक अन्योलको किनारा ६५ दिनपछि सर्वोच्च अदालतको फैसलापछि लागेको छ । संवैधानिक इजलासको संसद् पुनःस्थापना गरे पनि त्यसपछि राजनीति सीधा रेखामा हिँड्न सकेको छैन । पुनःस्थापनाको आदेशसँगै निकै कमजोर हुने अनुमान गरिएका प्रधानमन्त्री ओली झन् जब्बर भएर बसेका छन् ।

यतिकै मात्र होइन, सर्वोच्च अदालतले अर्को फैसलामार्फत एकीकरण भएका एमाले र माओवादीलाई पनि छुट्टाछुट्टै रहेको भनेर आदेश दिएको छ । यद्यपी संसद विघटन पछि यी दुई पार्टी व्यवहारिक रुपमा अलग भइ सकेका नै थिए र तर सर्वोच्चको अर्को आदेशले उनीहरु पूर्ववत् अवस्थामा पुगिसकेका छन् । अर्थात एमाले अब एमाले नै र माओवादी केन्द्र अब माओवादी केन्द्र नै रहेको सर्वोच्चको फैसलाले भनेको छ ।

सर्वोच्चको दोस्रो फैसलाले एमाले र माओवादी केन्द्रलाई पुनरजन्म दिए पनि यसले थुप्रै प्रश्नहरु पनि थपिदिएको छ । यो फैसलाले सत्तारूढ नेकपा र वर्तमान सरकार अनि नेकपाको आन्तरिक शक्ति सन्तुलनमा फेरबदल ल्याउनेजस्तो मात्रै देखिए पनि यसले जारी संसदीय, संवैधानिक

---

**अदालतको यो फैसलाबाट कुन पक्षलाई कस्तो राजनीतिक लाभहानी पुग्छ भन्ने प्रश्न प्रधान होइन । फैसलाबाट जन्मिएका प्रश्नहरूले उत्तर नभेट्दा निम्तिन सक्ने परिणतिका कारण कतै देशले बाटो बिराउने त होइन भन्ने प्रश्न महत्त्वपूर्ण हो ।**

---

र राजनीतिक कोर्सलाई नै परिवर्तन गर्ने पक्कापक्की छ । सर्वोच्चको दोस्रो फैसलाले राजनीतिको केन्द्र तत्कालका लागि वामपन्थी ध्रुवबाट गैरवामपन्थी ध्रुवमा जबरजस्त लैजान यो फैसलाले सहयोग गरेको छ । नेपालमा बढ्दो वामपन्थी प्रभावलाई जनमतबाट रोक्ने प्रयास गत निर्वाचनमा सफल हुन सकेन, सत्तारूढ दलभित्रको किचलो र प्रतिनिधिसभा विघटनको दोस्रो प्रयासले पनि प्रतिनिधिसभा पुनःस्थापना गर्ने फैसलासँगै सफलता प्राप्त गर्न सकेन । सबैका आँखा परेको र संविधानमै नभएको अधिकार प्रयोग गरेर विघटन गरिएका कारण बहुचर्तित त्यो मुद्दामा अरू कसैका लागि आफ्नो विवेक बन्धकमा राख्न संवैधानिक इजलासका न्यायाधीशहरू तयार भएनन् र अनेक दबाबका बाबजुद प्रतिनिधिसभा विघटन असफल भयो । तर यो मुद्दालाई भने सत्तापक्षबाहेक अरूले चर्चामा ल्याउने र ध्यान दिने गरेकै थिएनन् एवं यो मुद्दाको विषयवस्तु र माग पनि राष्ट्रिय राजनीतिको कोर्स परिवर्तन गर्ने प्रकृतिको थिएन । तर दुनियाँलाई खास महत्व नभएको र छायामा परेको विवादको गर्भबाट प्रतिनिधिसभा पुनःस्थापना गर्ने पाँच न्यायाधीशको फैसलालाई नै अप्रत्यक्ष रूपले ‘ओभर रुल’ गर्ने गरी यो फैसला सार्वजनिक भयो, जसले गत निर्वाचनमा जनमतबाट परास्त नभएको वामपन्थी जनमत परास्त गर्ने अस्त्रको रूप धारण गरेको छ ।

यो फैसला त्यस्तो समयमा आएको छ, जतिबेला हिजो एक भएका दुई दल फेरि फरक ढंगले दुवै चिरामा विभक्त भएका छन् । यही प्रक्रियाकै कारण मुलुकको समग्र राजनीति प्रभावित बनिरहेका बेला सर्वोच्चको फैसलाले परिस्थितिलाई थप जटिल बनाइदिएको ।

अदालतको यो फैसलाबाट कुन पक्षलाई कस्तो राजनीतिक लाभहानि पुग्छ भन्ने प्रश्न प्रधान होइन । फैसलाबाट जन्मिएका प्रश्नहरूले उत्तर नभेट्दा निम्तिन सक्ने परिणतिका कारण कतै देशले बाटो बिराउने त होइन भन्ने प्रश्न महत्त्वपूर्ण हो । यही कारण कतै हाम्रो न्यायालयको गरिमामै आँच आउने त होइन भन्ने सवाल मुख्य हो । प्रतिनिधिसभा विघटनको निर्णयलाई बदर गरेर अदालतले धेरै हदसम्म दिशाबोध गराएको पनि थियो । अहिले फेरि अदालतकै फैसलाका कारण मुलुकको राजनीतिक गाँठो थप बलियो बनेको छ । किन सर्वोच्चले एकीकृत दललाई अर्को नाम छान्ने सहज बाटो सुझाएन भन्ने प्रश्न यहाँ मननीय छ ।

# जहाँ छौं, ठिक छौं, यहींबाट राजनीतिक विचार अगाडि बढ्छ

नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को नामसम्बन्धी विवादमा सम्मानित सर्वोच्च अदालतको फैसलाले हामीलाई पूर्ववत् अवस्थामै फर्काइदिएको छ । नेकपा एमाले र नेकपा माओवादी केन्द्रलाई अदालतको निर्णयले ब्युताइदिएको छ । हामी सर्वोच्चको फैसलालाई सम्मान गर्छौं । तीन वर्ष पहिला पार्टी एकता गर्ने बेलामा एमाले र माओवादी विघटन गरी नेकपा घोषणा गरिएको थियो । त्यतिबेला हामीले त्यो एकतालाई स्वीकार गरी खुशियालीसमेत मनाएका थियौं । अहिले सर्वोच्चले साबिककै पार्टीलाई पूर्ववत् अवस्थामा फर्काइदिए पनि हामी विचारमा परिपक्क छौं । हामीले एउटा बोल्ड निर्णय गरेर सम्मानित प्रधानमन्त्री केपी शर्मा ओलीलाई नै साथ दिनेछौं । प्रधानमन्त्री ओली समूहमा गएका पूर्वमाओवादीका सबै नेताहरु फर्किनुपर्ने बाध्यता छ भन्ने खालका भ्रमहरु फैलाइएको छ । त्यो बिल्कूल गलत हो । हामी कुनै पनि हालतमा माओवादी केन्द्रमा फर्किनेवाला छैनौं । हामी जहाँ छौं त्यहीं बसेर आफ्नो राजनीतिक गतिविधि अगाडि बढाउँछौं ।

हामी एमालेमा जाने निर्णय गरेको होइन, जहाँ थियौं त्यहीं छौं । सर्वोच्चको फैसलाका कारण अहिले दुई पार्टी बनाइदिएको हो । तर पनि जुन नेतृत्व र विचारलाई समातेर अगाडि बढेका थियौं, त्यसमै छौं । हामी एमालेमा गयौं भन्ने भ्रम नरहोस् ।

हामीले माओवादी केन्द्रबाट चुनाव जितेका थियौं, त्यसैले कतिपयलाई लागेको हुनसक्छ कि पद जोगाउनका लागि माओवादीमै फर्किनुपर्छ । तर हामी पदको लोभी मान्छे होइन । बढीभन्दा बढी माओवादी केन्द्रले कारबाही गर्ला, सांसद पदबाट बर्खास्त गर्ला । हामी पदकै लागि माओवादी केन्द्रमा टाँसिरहने पक्षमा छैनौं । जहाँ छौं त्यहीं दृढ भएर उभिन्छौं ।

त्यसैले हाम्रो प्रदेशसभाको सांसद पद गए पनि कुनै पनि हालतमा माओवादी केन्द्रमा नफर्किने निर्णयमा पुगिसकेका छौं । हाम्रो विधानमा जेसुकै व्यवस्था भएपनि पदको लालच छैन । हिजोको दिनमा कमरेड प्रचण्डलाई नै नेता मानेका थियौं । तर उहाँमा जुन खालको अडान र भिजन हुनुपर्ने थियो, त्यो नदेखिएपछि पनि हामी माओवादीमा फर्किने अवस्था रहेन । माओवादीले मेरो सांसद पद पनि बर्खास्त गरे पनि फर्किनेवाला छैन । जहाँ छौं त्यहीं काम गर्ने निष्कर्षमा पुगेका छौं ।

माधव कुमार नेपाल, झलनाथ खनाल, भीम रावल लगायतका नेताहरुको विचार अलि परिपक्क देखिएन । उहाँहरुले जसरी आफ्नो कित्ताकाट गर्नुभएको थियो त्यसरी नै उहाँहरु अगाडि बढ्न सक्नुभएन । उहाँहरु ढुलमुले किसिमको देखिनुभयो । सर्वोच्चको फैसला आउने बित्तिकै उहाँहरु एमालेमै फर्किनुको एउटा मात्र कारण हो, उहाँहरु पदका लोभी हुनुहुन्छ । उहाँहरु आफ्नो सांसद पद बचाउनकै लागि फेरि एमालेमै फर्किनुभयो । एमालेका सबै फर्किए तर माओवादीका कोही पनि फेरि फर्किएर जानेवाला छैन । पूर्वमाओवादीका साथीहरु एमालेमै बस्ने निष्कर्षमा पुग्ने वातावरण पनि प्रचण्डकै कारण भएको हो । हामीले कम्युनिष्ट विचारधारालाई नै समातेर अगाडि बढ्नेमा दृढ छौं । मेरो पारिवारिक पृष्ठभूमि पनि सूर्य छापमै रहेको छ । तर जनयुद्धका बेला म माओवादीसँग लागें र मेरो मिहेनतकै कारण आज यहाँसम्म आएको छु । संविधानसभाको निर्वाचनमा पनि निर्वाचित भएको थिएँ र प्रदेशसभाको चुनावमा पनि बाराबाट म प्रत्यक्ष निर्वाचित भएको हुँ । मलाई कसैको दया, माया वा आशिर्वादले यहाँसम्म पुऱ्याएको छैन ।

यो बेला हाम्रो लागि पद ठूलो कुरा होइन, विचार र सिद्धान्त ठूलो कुरा हो । अहिलेको आवश्यकता भनेको कम्युनिष्ट विचारधारालाई कसरी अगाडि बढाउने, देशलाई विकास र समृद्धिको बाटोमा लग्ने हो । म देशको उज्वल भविष्यकै लागि निःशर्तरुपमा सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीलाई साथ दिइरहेको छु । प्रधानमन्त्री केपी शर्मा ओलीमा एउटा स्पष्ट भिजन र कार्ययोजना हामीले देखेका छौं । हामी अब एमालेकै नेताको रुपमा कार्य गर्नेछौं ।

हामी एमालेमै बस्ने भइसकेपछि हामीलाई कुन पद दिन्छ भन्ने अपेक्षा गरेका छैनौं । पार्टीले आवश्यकताअनुसार जुन जिम्मेवारी दिन्छ त्यो दृढतापूर्वक पूरा गर्छौं । हामीले पदको आशमा एमालेमा लागेका होइनौं । हामी निःशर्त एमालेमै बस्ने निधो गरेका छौं । भोलिको दिनमा पार्टीले मिहेनतअनुसार आवश्यकता परेको ठाउँमा राम्रो मूल्यांकन गर्छ भन्ने विश्वास छ ।

पूर्वमाओवादीका नेताहरुलाई एमालेमा पद दिन्छ भन्ने खालका भ्रम पनि फैलाइएको छ । कमरेड बादल पनि पदका लागि एमालेमै रहने भन्ने निर्णयमा पुग्नुभएको होइन । अहिलेको विषम् राजनीतिक परिस्थितिमा मुलुकलाई निकास दिनका लागि र देशलाई विकास एवं समृद्धिका लागि हामी लागेका हौं । हाम्रा लागि पद महान् कुरा होइन । हामीले पदका लागि कुनै किसिमको बार्गेनिङ्ग पनि गरेका छैनौं । यो बार्गेनिङ्गका कारण त आज मुलुकमा यस्तो अवस्था सिर्जना भएको हो । पार्टी एकता विरोधी कामहरुका कारण आज पार्टी दुई चिरा भएको हो ।

माओवादीमै फर्किनुस् भनेर हामीलाई फोन आएको आयै छ । हामीलाई धेरै फोन र दबाब आएका छन्, फर्किनुस् भन्ने खालका कुराहरु गरिरहेका छन् । थेगि नसक्ने दबाब आइरहेका छन् । तर म एउटा अडानका साथ दृढ छौं । अब कुनै पनि हालतमा फर्किनेवाला छैन । विचारमा परिपक्क भएर नै हामीले यस्तो निर्णय गरेका छौं । जनयुद्धका बेलामा पनि हामीले एउटा नीति र सिद्धान्तका साथ लागेका थियौं । यदि कसैले धेरै नै दबाब दियो भने त्यसको पनि प्रतिकार गर्ने व्यक्ति हो ज्वाला साह । कुनै हालतमा अब माओवादी म जान सक्दिँन । प्रचण्डले नै फोन गर्नु हुन्छ कि फर्किनुस् कमरेड, तपाइँको उज्जवल भविष्य यतै छ भन्नुहुन्छ ।

कमरेड प्रचण्डमा प्रष्ट अडान देखिएन, देशको आवश्यकता बुझ्नु भएको छैन । कोरोनाले गर्दा पूरा विश्व नै आतंकित थियो र नेपाल पनि त्यसबाट अछुतो थिएन । तर त्यो बेलामा पनि राष्ट्र र जनताभन्दा उहाँले गुटको राजनीतिमा लाग्नुभयो । सरकारले राम्रो काम गर्दा पनि नकारात्मक भ्रम मात्रै फौलाउने, गुटबन्दी सिर्जना गर्ने, व्यक्तिगत स्वार्थलाई बढी प्राथमिकता दिने लगायतका कार्यहरुले गर्दा हामी प्रचण्डसँग बस्ने वातावरण रहेन । प्रचण्डले आफ्नो व्यक्तिगत स्वार्थ पूरा गर्नका लागि मात्रै एकता गर्नुभएको थियो भन्ने प्रमाणित भएको छ ।

*(साह नेकपा एमालकी नेतृ हुन् ।)*



ज्वाला साह

**माओवादीमै फर्किनुस् भनेर हामीलाई फोन आएको आयै छ । हामीलाई धेरै फोन र दबाब आएका छन्, फर्किनुस् भन्ने खालका कुराहरु गरिरहेका छन् । थेगि नसक्ने दबाब आइरहेका छन् । तर म एउटा अडानका साथ दृढ छौं । अब कुनै पनि हालतमा फर्किनेवाला छैन । विचारमा परिपक्क भएर नै हामीले यस्तो निर्णय गरेका छौं ।**

# नगरपालिका र भूमि समस्या समाधान आयोग पनि असफल

महोत्तरी । महोत्तरीको बर्दिवास नगर क्षेत्रमा सरकारले सुकुम्बासी र अव्यवस्थित बसोबासी जग्गा व्यवस्थित गर्न थालेसँगै भूमाफियाहरुको जगजगी बढेको छ । सरकारले बर्दिवास नगरपालिकासँगको सहकार्यमा वर्षौंदेखि पर्ति र ऐलानी जग्गामा घर बनाएर बसेका सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत सङ्कलन गरेर जग्गाधनी प्रमाणपुर्जा दिने तयारी थालेसँगै यहाँ भूमाफियाको जगजगी ह्वात्तै बढेको हो । नगरका वडा बस्तीमा सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत सङ्कलन थालिएसँगै भूमाफियाले नदीउकास, पर्ति, ऐलानी र वन क्षेत्रका जग्गामा समेत साँध सीमा लगाएर जग्गा कब्जा गर्दैछन् । यसरी कब्जा गर्ने क्रम नदीउकास जग्गा र वन क्षेत्रमा बढी देखिएको बर्दिवास-१ का सामाजिक, राजनीतिक कार्यकर्ता शङ्कर फुँयाल बताउँछन् ।

‘हेर्नोस् न, रातु पुलदेखि दक्षिण-पश्चिमको नदीउकास जग्गामा साँध सीमाका पिलर (खाँबा) ठडिएका छन्, नेवारडाँडा, कामीडाँडा वन क्षेत्रको जग्गामा धमाधम घर ठडिने क्रम बढेको छ’, फुँयालले भने, ‘सरकारले सुकुम्बासी र वर्षौंदेखि भोगचलन गर्दै आएका गरिबलाई व्यवस्थित गरिने भन्दै लगत सङ्कलनको काम थालेसँगै अतिक्रमण ह्वात्तै बढेको छ ।’ नगरपालिका र सरकारले गठन गरेको भूमि समस्या समाधान आयोगले भूमाफियाको चलखेल रोक्न केही गर्दैछ भन्ने नदेखिएको फुँयालको थप गुनासो छ । ‘अन्तको कुरा छाड्नोस् न, बर्दिवास-१ र ३ मा पर्ने नेवारडाँडा कामीडाँडा वन क्षेत्रकै अतिक्रमित १६ बिघे कित्ताभित्र हेर्नोस, पार्टीका ठूलाबडा नेता, उपल्लो तहका हाकिम र ठाटबाँट देखाउने व्यापारीले कब्जा गरेर मोटो रकम लिँदै सोझासाझालाई फसाउँदैछन,’ फुँयालले भने, ‘वन क्षेत्र अतिक्रमण गर्न गराउन वनसम्बद्ध अधिकारी, पूर्वहाकिम र राजनीतिक दलका ठूलाबडा नै छन् ।’

जम्मा १४ वडामा विभाजित बर्दिवास नगरपालिका जिल्लाको मुख्य वन क्षेत्र ओगट्ने नगर भए पनि वन क्षेत्रको सुरक्षामा नगर नेतृत्वको चासो नदेखिएको यहाँका सर्वसाधारणसमेत टिप्पणी गर्छन् । ‘जिल्लामा ७० जति सामुदायिक वन क्षेत्र, धार्मिक वन क्षेत्र र सागरनाथ वन विकास परियोजनाका प्लट अतिक्रमित भएका छन,’ बर्दिवास-२ का बासिन्दा स्थानीय सामाजिक, राजनीतिक कार्यकर्ता देवनारायण महतो भन्छन्, ‘तर वनसम्बद्ध कार्यालय होउन् कि स्थानीय तहको नेतृत्व होस्, कानमा तेल हालेर बसेको देखिन्छ ।’ जिल्लामा सामुदायिक, साझेदारी, धार्मिक र सागरनाथ वन विकास परियोजनाको समेत गरी करिब २४ हजार हेक्टर क्षेत्रफलको वन क्षेत्र अहिले अतिक्रमणको चपेटाले १६ हजार हेक्टरभन्दा तल खुम्चिएको महतो बताउँछन् ।

जिल्लामा बर्दिवास र गौशाला नगरपालिका पूर्वपश्चिम राजमार्गसँग जोडिएको क्षेत्रको दायाँबायाँ मुख्य वन क्षेत्र छ । चुरेडाँडासम्मको वन क्षेत्रका जग्गा अतिक्रमणको चपेटामा परेका छन् । यसबाहेक नदीले बहाव छाडेको उकासक्षेत्र भूमाफियाको चपेटामा परेको बर्दिवास-१४ का बासिन्दा ६० वर्षीय हरि दाहालको भनाइ छ ।

बर्दिवास नगर क्षेत्रमा पर्ति, ऐलानी, नदीउकास र वन क्षेत्रको जग्गामा अतिक्रमण बढेको गुनासो बढिरहेबीच बर्दिवास नगर कार्यपालिकाले यस्ता जग्गाको संरक्षणबारे चासो बढाएको जनाएको छ । नगरप्रमुख विदुरकुमार कार्कीले एक महिनाअघि गत माघ २५ गतेको नगर कार्यपालिकाको निर्णयले वन क्षेत्रको सुरक्षाका लागि सम्बन्धित निकायसँग समन्वय गर्ने र पर्ति, ऐलानी र नदीउकास जग्गा छुट्याएर सार्वजनिक सरोकारमा उपयोग गरिने गरी नापी गर्ने निर्णय भएको जानकारी दिए ।

‘वन क्षेत्रको जग्गा अतिक्रमण भएका सूचना र गुनासा बढेका छन्, वनसम्बद्ध निकायसँगको समन्वयमा तिनको खोजी गरिनेछ’, नगरप्रमुख कार्कीले भने, ‘जनताले यसअघि घरबास नगरेका र खनजोत नगरेका पर्ति, ऐलानी र नदीउकास जग्गा अब नापी गरिने छ ।’ नगर कार्यपालिकाले वडापिच्छे चौहद्दी नै तोकेर यस्ता जग्गामा हुने दक्खल सह्य नहुने र कारवाहीबाट जग्गा खाली गराइने निर्णय गरेको नगरप्रमुख कार्कीको भनाइ छ ।

‘नगर क्षेत्रभित्र ५०० बिघाभन्दा बढी यस्ता जग्गा छन्, सबैको वैज्ञानिक लगत अभिलेख बनाएर सरकारी कार्यालय, विद्यालय तथा अन्य सामाजिक सङ्घसंस्थाका कार्यालय बनाउन जग्गा उपलव्ध गराइने नीति बनाइएको छ’, नगरप्रमुख कार्कीले भने, ‘हामी सुकुम्बासी र अव्यवस्थित बसोबासीको जग्गा स्वामित्व दिन लागिपरेका छौं तर यो क्रममा भूमाफियाको चलखेल नियन्त्रण गरिनेछ ।’

बर्दिवास अहिले प्रदेश २ को विभिन्न प्रशासनिक कार्यालय, सरकारी कार्यालय, शैक्षिक सङ्घसंस्था र स्वास्थ्य सेवाको मुख्य ठाउँ बन्दै गएको छ । यस्ता कार्यका लागि सार्वजनिक जग्गा उपयोगमा ल्याइने नगरप्रमुख कार्कीको भनाइ छ ।

नगरपालिकाले सार्वजनिक जग्गाबारे संरक्षण र उपयोगको चासो बढाएपछि यहाँ अब यस्ता जग्गाको खोजी र संरक्षण हुने आश भने पलाएको छ । नगरपालिकाले संस्थागत निर्णय नै गरेर यसबारे चासो देखाएपछि अब भूमाफियाको चलखेल रोकिने आश पलाएको बर्दिवास-२ का बासिन्दा तारानाथ आचार्यको भनाइ छ ।

# व्यवहारतः प्रधानमन्त्रीले विश्वासको मत लिनुपर्छ

यो फैसलाले दीर्घकालीन असर त पार्दैन तर यसले तत्कालीन असर पार्‍यो । अहिले प्रधानमन्त्री केपी शर्मा ओली बिल्कुलै अल्पमतमा परिसक्नुभएको थियो, अहिले फेरि परीक्षण हुने स्थिति आयो । उहाँ अहिले संविधानको धारा ७६ (१) को प्रधानमन्त्री नभइकन ७६ (२) अनुसारको हुनुभयो । अब उहाँले विश्वासको मत लिनुपर्ने हुन्छ । एमाले र माओवादी मिलेर सरकार बन्दा बहुमतमा थियो । माओवादीको समर्थन कायम रहेसम्म यो संयुक्त सरकार नै हुनेभयो । अहिलेसम्म माओवादीले आफ्नो समर्थन फिर्ता लिएको औपचारिक घोषणा गरेको छैन ।



## गिरीशचन्द्र लाल

**पूर्वन्यायाधीश, सर्वोच्च अदालत**

**० नेकपा विवादमा सर्वोच्च अदालतको फैसलाले संसदीय र दलीय व्यवस्थामा कस्तो प्रभाव पारेको छ ?**

– संसदीय व्यवस्था संविधानद्वारा सञ्चालित हुन्छ । सर्वोच्चको एउटै फैसलाले संसदीय व्यवस्थाको विपरीत भइहाल्छ भन्न सकिँदैन । दलीय कुराहरु पनि बिग्रिरहन्छन्, भत्किरहन्छन् । त्यसकारणले एउटा फैसलाले सबै कुरा बिगारिदिन्छ भन्ने कुरा होइन । अहिले फैसलामाथि विभिन्न प्रश्न चिन्हहरु छन् ।

**० तत्कालीन माओवादी केन्द्र र एमालेलाई सर्वोच्चको फैसलाले पुनः ब्युताइदिएको छ । तर निर्वाचन आयोगमा पनि यी दुई दल अहिले पनि दर्तामा छन् नि ?**

– यसले अलि अप्ठ्यारो अवस्था ल्याइदिएको छ । किनभने ऋषि कट्टेलको निवेदन दाबी थियो कि नेपाल कम्युनिष्ट पार्टी (नेकपा) हाम्रो पार्टी हो, हाम्रो पार्टीको नाउँमा अर्को पार्टी दर्ता हुनुहुँदैन । नाउँ खारेज गरी पाउँ भनेर ऋषि कट्टेलको निवेदन दाबी थियो । अदालतको निर्णय त्रुटिपूर्ण भएपनि मान्नुपर्ने हुन्छ । तर यसको पुनरावलोकन पनि लाग्छ । कुनै पक्षले पुनरावलोकन गरी पाउँ भन्ने निवेदन लिएर गए भने त्यो निवेदनमाथि पनि विचार हुन्छ । जुन प्रश्नहरु उठाइएको थिएन त्यसबारे पनि यो फैसलामा निर्णय गरिएको छ । ऋषि कट्टेलको निवेदनमा दुई पार्टी अलग गरी पाउँ भन्ने त थिएन । तर अदालतले दुई पार्टी मिलेर बनेको पार्टीलाई नै अलग-अलग अथवा पूर्ववत् अवस्थामा रहने निर्णय गरिदिएको छ । अदालतले एकीकृत पार्टीको नाम नेकपा नभई अर्को कुनै नाम रोज्नुस् भन्न सक्थ्यो । त्यसैले सम्मानित सर्वोच्च अदालतको यो फैसला कानूनी मात्रै छ भन्न गाह्रो भो । सर्वोच्च अदालतलाई निर्णय गर्ने अधिकार त छ । तर जुन कुरा विवादमा आएको छैन, जुन विवादसँग प्रसांगिक पनि देखा पर्दैन ती सबै कुराको सन्दर्भमा बोलिराख्नुपर्ने पनि आवश्यक छैन । त्यसकारणले सर्वोच्च अदालतले जुन अधिकार क्षेत्र ग्रहण गर्नुपर्ने थियो, त्यो अधिकार क्षेत्रभन्दा पनि बढी राजनीति विषयमा बोलेको देखिन्छ । राजनीति अर्कै गतिमा गइरहेको थियो, त्यसलाई यो फैसलाले अर्कोतिर मोडिदिएको छ । त्यो पार्टी आपसमा फुट्न लागेको थियो, त्यहाँ दुईटा मत देखिएको थियो । अब तिनीहरु बाध्य भएर आआफ्नो पार्टीमा फर्कन पनि बाध्य भए ।

सर्वोच्च अदालत अथवा कुनै पनि अदालतले विवादको निराकरण गर्नका लागि निर्णय गर्छ । विवादका विषयहरुमा निकास दिनुपर्ने हो तर यसले विवाद झन् बढ्ने भो । तर यसले संसदीय व्यवस्थालाई असर गर्ने कुरा होइन । सानोतिनो कुराले संसदीय व्यवस्थाले असर गर्दैन । संसदीय व्यवस्था जनताको इच्छाअनुसार आएको हो । तर तत्काल नेपालमा जुन राजनीतिक परिस्थिति थियो त्यसलाई धेरै असर गरेको छ । राजनीतिक पार्टीवालाहरुको चाहनाविपरीत मान्नुपर्ने अवस्था आएको छ ।

**० पुनर्स्थापित संसदको पहिलो बैठक बस्ने दिन केही घन्टाअघि मात्रै यस्तो फैसला आउनु स्वाभाविक, संयोग वा रणनीतिक थियो ?**

– यस विषयमा केही प्रतिक्रिया दिन चाहन्न । किनभने फैसला आउनुपर्ने थियो, त्यो आयो । पहिलादेखि नै सर्वोच्चको फैसला आउने कुरा भइरहेको थियो । अब त्यहीं दिन संयोग मिल्यो र आयो । अब कसैले नियतवश ल्याए वा ल्याउन लगाए भन्नेतिर म जान चाहँदिन ।

**० तर कुन समयमा कुन घटना भयो यसले पनि त महत्व राख्छ नि ?**

– यी अनुमानका विषयहरु हुन् । यसमा सबैका आआफ्ना अनुमानहरु हुन सक्दछ । यसमा कुनै प्रमाणिक कुराहरु छैनन् ।

**० नेकपाको विवादमा सर्वोच्चको फैसलाले कस्तो किसिमको दीर्घकालीन असर पार्छ ?**

– यो फैसलाले दीर्घकालीन असर त पार्दैन तर यसले तत्कालीन असर पार्‍यो । अहिले प्रधानमन्त्री केपी शर्मा ओली बिल्कुलै अल्पमतमा परिसक्नुभएको थियो, अहिले फेरि परीक्षण हुने स्थिति आयो । उहाँ अहिले संविधानको धारा ७६ (१) को प्रधानमन्त्री नभइकन ७६ (२) अनुसारको हुनुभयो । अब उहाँले विश्वासको मत लिनुपर्ने हुन्छ । एमाले र माओवादी मिलेर सरकार बन्दा बहुमतमा थियो । माओवादीको समर्थन कायम रहेसम्म यो संयुक्त सरकार नै हुनेभयो । अहिलेसम्म माओवादीले आफ्नो समर्थन फिर्ता लिएको औपचारिक घोषणा गरेको छैन ।

**० अहिलेको अवस्थामा प्रधानमन्त्रीले विश्वासको मत लिनुपर्ने आवश्यकता छ त ?**

– विश्वासको मत लिनुपर्छ । किनभने माओवादीले समर्थन फिर्ता नलिए पनि व्यावहारिक कुरा हेर्नुपर्छ । यदि माओवादी केन्द्रले समर्थन फिर्ताको घोषणा गर्‍यो भने बाध्यता हुन्छ । नैतिकरुपले पनि हेर्दा उहाँले विश्वासको मत लिनुपर्ने अवस्था देखा परेको छ ।

**० नेपाल कम्युनिष्ट पार्टी (नेकपा)को नाममा यस बीच निर्वाचित भएकाहरुको अवस्था के होला अब ?**

– यस विषयमा सर्वोच्च अदालतले आफ्नो फैसलामा बोलेन । जुन कुराहरु विवादमा थिएन, त्यसमा पनि निर्णय गर्ने स्थिति भयो भने त्यसपछि सोही नामबाट निर्वाचित भएका प्रतिनिधिहरुको बारेमा पनि बोल्नुपर्ने थियो । यसभन्दा अघि पनि सर्वोच्चले प्रतिनिधिसभा पुनर्स्थापनाबारे गरेको निर्णयमा नेकपाको नाम पनि उल्लेख गरेको छ । तर पार्टी विवादबारेको फैसलामा यो कुरा बोलिएको छैन । त्यसकारण यस्ता प्रश्नहरु उठेका छन् र यसको उत्तर यो फैसलामा पनि छैन । जो निर्वाचित भएका छन्, उसको पद त जाँदैन । तर कुन दलको हो भन्ने प्रश्न हो । यस्तो अवस्थामा निर्वाचित व्यक्तिले आफ्नो स्वेच्छाअनुसार दल रोज्ने हो ।

**० यो निर्णयले अदालतप्रति जुन किसिमका टिकाटिप्पणीहरु भइरहेका छन्, यसले न्यायालयप्रति आस्थामा केही ह्रास आएको हो कि ?**

– व्यक्तिहरुले आआफ्ना तर्कहरु गरिरहेका छन् तर आरोप होइन कि यो राजनीतिक फैसला भयो भनेर । अदालतका सबै फैसला जनताका चाहनाअनुसार नै हुन्छन् भन्ने पनि छैन । जनताका चाहना एकथरिका हुन्छन्, फैसला अर्को आउने गरेका हुन्छन् । त्यसैले यसबाट अदालतको आस्थामाथि नै असर पर्ने भयो भन्ने होइन । किनभने त्यो फैसला सच्चिने अवस्था छ । संसदले अदालतको फैसलालाई न्यूट्रिलाइज गर्न चाहन्छ भने कानूनमा आवश्यकताअनुसारको परिवर्तन पनि गर्न सकिन्छ । संसदीय व्यवस्थामा अदालतको फैसला न्यूट्रिलाइज नै गर्नुपर्ने आवश्यकता छ भने संसदले कानून बनाएर गर्न सक्दछ । ती सबै विकल्पहरु रहन्छन् । त्यसकारणले यो फैसलाले सबै कुरा खत्तम हुने भयो भन्ने छैन ।

**० नेकपा माओवादी केन्द्र र नेकपा एमाले निर्वाचन आयोगमा दर्ता भइसकेको छ, यो निर्णय पनि ती दुवै पार्टी खारेज हुने भयो त ?**

– यो फैसलाले त ती दुवै पार्टीको नाउँ पनि विवादमा पर्‍यो । गोपाल किरातीको नाउँमा नेकपा माओवादी केन्द्र र सन्ध्या तिवारीको नाउँमा नेकपा एमाले दर्ता छन् । यसले गर्दा ती नाउँहरु पनि विवादमा परे । ती नाउँका पार्टीहरु पनि निर्वाचन आयोगमा दर्ता छन् भन्ने कुरा पनि सर्वोच्च अदालतले आफ्नो संज्ञानमा लिनुपर्ने थियो । तर ती कुराहरु संज्ञानमा लिइएन ।

**० सर्वोच्च अदालतको पछिल्लो दुईटा निर्णयले मुलुकको राजनीतिक दिशा कतातिर जाँदैछ ?**

– यो विषय त राजनीतिक कुरा भयो । म पनि त सर्वोच्च अदालतको पूर्वन्यायाधीश हुँ, राजनीतिक विषयमा बोल्दिन । तर पनि मुलुकको राजनीति अलिकति अप्ठ्यारोमा परेको छ । यो कुरा पनि समाधान हुन्छ । अदालतको एउटा निर्णयले केही अप्ठ्याराहरु अवश्य भएको छ । जुन कुराहरु गर्नुपर्ने थिएन, त्यसमा पनि बोल्यो । अदालत स्वयम्ले पनि यस विषयमा विचार गर्नुपर्ने थियो । केही कुराहरुलाई अझ प्रष्ट पार्नुपर्ने थियो । केही कुराहरुमा प्रवेश नै गर्नुपर्ने थिएन । तर, अदालत राजनीतिक खेलाडी हुनुहुँदैन । त्यसैले यो राजनीतिक कुराको समाधान नेताहरुले नै गर्नुपर्ने हुन्छ ।

# जसपाको प्राथमिकता सत्ता होइन, मुद्दा हो

हामी स्पष्ट छौं कि जसले माग पूरा गर्छ उसलाई समर्थन गर्ने हो । हामीले सत्ताका लागि बार्गेनिङ्ग गरिरहेको होइन । जसले हाम्रो आवश्यकता र औचित्य बुझेको छ र जसको कदम अगाडि बढ्छ, उसलाई नै समर्थन गर्छौं । कतिपय मिडियाहरुले अफवाह फैलाइरहेका छन् कि सत्ता सहकार्यका लागि समर्थन नै गरिसक्यो ।



## प्रमोद साह

**प्रतिनिधिसभा सदस्य**

**जनता समाजवादी पार्टी नेपाल**

**० जनता समाजवादी पार्टी नेपालले अहिले नेकपा एमाले र नेकपा माओवादी केन्द्र दुवैसँग वार्ता र सम्वादमा छ । अहिले जसपाको धार के हो ?**

– विगतमा हामीसँग एमाले, माओवादी र कांग्रेसहरु पटक-पटक लिखित सम्झौताहरु गरेका छन् । ती सम्झौताहरु सम्झौताका लागि मात्रै गरियो, कार्यान्वयन भएन वा भनौं उनीहरुले चाहेनन् । ती पार्टीहरुले हामीलाई बारम्बार ठग्दै आएका छन् । यो देशका उत्पीडित वर्ग समुदायले आफ्ना अधिकार, सम्मान र पहिचानका लागि निरन्तर संघर्ष गर्दै आएका छन् । अहिले जनता समाजवादी पार्टी निर्णायक भूमिकामा छ । हामी अहिले सशक्त र सतर्क भएका छौं । हाम्रा लागि कांग्रेस, एमाले र माओवादी तीनै दल प्रतिगामी हुन । संविधान निर्माणका बेला हामीले हाम्रा माग र मुद्दाहरु पनि सम्बोधन होस् भनेर सडकमा रहँदा ती शासकवर्गले हाम्रा टाउको र छातीमा गोली चलाएर पनि संविधान जारी गरे । हामीसँग ती पार्टीहरुले आज वार्ता र सम्वाद गर्दा हामीले कुनै नयाँ कुरा भनिरहेका छैनौं । हामीसँग विगतमा गरिएका सहमति सम्झौताहरु कार्यान्वयन गरिदिनुस् भनेर स्पष्ट भन्दै आएका छौं र अहिले पनि भन्दै छौं । हाम्रा मागहरु कार्यान्वयन भएपछि मात्रै हामी सत्ता सहकार्यको कुरामा विचार गर्छौं । हामीले सत्ताका लागि वार्ता वा छलफल गरिरहेका छैनौं । हाम्रो माग पहिला पूरा हुनुपर्‍यो, त्यसपछि सत्तामा सहकार्य पछिको कुरा हो ।

**० तपाईंहरुले दुवै दलसँग वार्ता वा सम्वाद गर्दा तपाईंहरुको मागप्रति को बढी सकारात्मक देखिन्छ ?**

– नेकपा एमालेका नेता सुवास नेम्वाङले सार्वजनिक रुपमा भन्नुभयो कि जसपाको मागप्रति सरकार सकारात्मक छ । तर सकारात्मक मात्र भएर हुँदैन, गरेर देखाउनुपर्‍यो नि । जसले हाम्रा मागहरु पूरा गर्छन् उसलाई नै हाम्रो समर्थन हुनेछ । हाम्रा मागप्रति त पहिला नेकपा एमाले सकारात्मक थियो । यसभन्दा पहिला पनि हामीले आश्वासनको भरमा यो सरकारलाई समर्थन गरेका थियौं । त्यतिबेला हामीले प्रधानमन्त्री केपी शर्मा ओलीलाई समर्थन गरेका थियौं र उहाँले हाम्रो माग सम्बोधन हुन्छ भनेर पनि भन्नुभएको थियो । उहाँले आवश्यकता र औचित्यको आधारमा संविधान संशोधनदेखि लिएर अन्य कुराहरु पनि पूरा गर्नेछौं भन्नुभएकै थियो । त्यसले गर्दा यिनीहरुको नियत र व्यवहारमाथि हाम्रो शंका छ । त्यसले गर्दा हामी यसपटक आश्वासन वा सहमति गरेकै भरमा समर्थन गर्न जाँदैनौं । हामी सतर्क छौं । हामीले स्पष्टरुपमा आफ्ना कुराहरु राखिरहेका छौं कि हाम्रा मागप्रति सकारात्मक भएर मात्रै हुँदैन, पहिला गरेर देखाउनुस् । त्यसपछि अरु कुराहरु हुन्छ । हाम्रो संसदीय दल स्पष्ट छ । केपी ओलीलाई नै समर्थन गर्नुपर्ने वा प्रचण्डलाई नै साथ दिनुपर्ने भन्ने हाम्रो कुनै धार छैन ।

**० तपाईंहरुले वार्ता र सम्वादमा संविधान संशोधनको आवश्यकता र औचित्य पुष्टि भएको हो कि होइन भन्ने प्रश्न किन गर्नुहुन्न ?**

– हामीले दुवै पक्षलाई यो प्रश्न गरिरहेका छौं । यति मात्रै होइन, हामीले विगतका दिनलाई सम्झाइरहेका छौं । विगतमा हामीलाई दिइएको पीडा बिर्सिएका छैनौं भन्ने पनि भनिरहेका छौं । त्यसैले हाम्रो मुद्दामा जो सकारात्मक रुपमा आउँछ र गर्ने इच्छा शक्ति जाहेर गर्छ उहाँसँग हामी जान तयार छौं ।

**० तर अहिले तपाईंहरुको माग पूरा गर्ने ठाउँमा नेकपा एमाले देखिएको छ नि ?**

– निश्चितरुपमा नेकपा एमाले अहिले गर्ने ठाउँमा नै छ । तर उहाँहरु त्यति नै सकारात्मक हुनुहुन्छ भने गरेर देखाइदिनु पर्‍यो नि । कमसेकम सरकारले तत्काल गर्न सक्ने कामहरु पूरा गर्न सक्छ । हाम्रा आन्दोलनकारीहरुमाथि लगाइएको मुद्दा फिर्ता, क्षतिपूर्ति दिने, लाल आयोगको प्रतिवेदन सार्वजनिक लगायतका कुराहरु सरकारले सजिलै र तत्काल गर्न सक्छ ।

**० तपाईंहरु त दुवै पक्षसँग बार्गेनिङ्ग गरिरहनुभएको छ भन्ने आशंका गरिंदैछ नि ?**

– हामी स्पष्ट छौं कि जसले माग पूरा गर्छ उसलाई समर्थन गर्ने हो । हामीले सत्ताका लागि बार्गेनिङ्ग गरिरहेको होइन । जसले हाम्रो आवश्यकता र औचित्य बुझेको छ र जसको कदम अगाडि बढ्छ, उसलाई नै समर्थन गर्छौं । कतिपय मिडियाहरुले अफवाह फैलाइरहेका छन् कि सत्ता सहकार्यका लागि समर्थन नै गरिसक्यो । कतिपय मिडिया पनि नश्लवादी सोचबाट ग्रसित भएर समाचार सम्प्रेषण गर्छन् । हामीले सत्ता समीकरणको कुरा गरेकै छैनौं तर कतिपयले सत्ता सहकार्यका लागि वार्ता गर्‍यो लगायतका भ्रम फैलाउन खोजिरहेका छन् । हाम्रो संसदीय दलको बैठकबाट स्पष्ट निर्णय भएको छ कि हाम्रो प्राथमिकता मुद्दा हो, सत्ता होइन ।

**० सत्तामै भएको दलसँग ठोसरुपमा वार्ता गरी माग पूरा गराउने अवस्था छैन ?**

– हामीले त्यसैका लागि एउटा वार्ता समिति पनि बनाएकै छौं र सम्वाद भइरहेकै छ । सरकारले चाहयो भने हाम्रा एक हप्ताभित्रै पूरा गर्न सक्छ । संविधान संशोधनको प्रक्रियामा जान समय चाहिन्छ तर तत्काल गर्न सक्ने कामहरु गरेर देखाउनुपर्छ । विगतको दिनमा कांग्रेसले नै संविधान संशोधनको विषय संसदमा ल्यायो, पास हुन सकेन । संसदले गर्ने काम पछि हुँदै जाला तर कमसेकम सरकारले गर्ने काम गरिदिनु पर्‍यो । हामीले आश्वासन वा सहमतिकै आधारमा सरकारलाई समर्थन गर्ने वातावरण नै छैन । बारम्बार हामीसँग धोका भएको छ । कति पटक हामी ठगिने ? हामी समर्थन गर्नकै लागि जन्मिएको होइन नि । उहाँहरुले त पटक-पटक लिखित सम्झौता गर्नुभएको छ । कुनै व्यक्तिले लिखित सम्झौता गरेपछि पूरा नगर्दा कानूनी अपराध भनेर दण्ड सजायको व्यवस्था छ । त्यसले यिनीहरुले विश्वास गुमाएका छन् ।

**० जसपाभित्रै अहिले दुई धार प्रष्ट देखिएको छ नि ?**

– जसपाभित्र एउटा मात्रै धार हो, जसले हाम्रो माग पूरा गर्छ उसलाई समर्थन जान्छ । हाम्रा वार्ता टोलीमा पूर्वराजपाका मात्रै छन् भन्ने प्रश्नहरु पनि उठेका छन् । अचानक वार्ताका लागि बोलाइएपछि संयोगवश पूर्वराजपाका दुई जनाको नाम गयो । सो वार्ता टोलीमा पूर्वसमाजवादीका साथीहरुलाई राखिनेछ ।

**० अहिले पूर्वराजपा र पूर्वसमाजवादीका नेताहरुले छुट्टाछुट्टै रुपमा एमाले र माओवादीका नेताहरुसँग वार्ता गरिरहेको छन्, किन ?**

– संयुक्तरुपमा वार्ता टोली गठन भएपछि छुट्टाछुट्टै वार्ता हुँदैन । अहिले अनौपचारिक छलफल मात्रै भइरहेको छ ।

**० जसरी प्रधानमन्त्री ओलीकै कारण जसपाको निर्माण भयो, त्यसरी नै अहिलेको प्रक्रियाकै कारण जसपा फुट्ने सम्भावना छ कि छैन ?**

– यो बाहिरी हल्ला मात्रै हो । त्यस्तो कुनै सम्भावना छैन । हाम्रा एकताका लागि लामो समयदेखि वार्ता र सम्वाद चलिरहेको थियो, हामी एकता गर्ने निष्कर्षमा पुगिसकेकै थियौं । तर, जतिबेला प्रधानमन्त्रीले राजनीतिक दल फुटाउनेसम्बन्धी अध्यादेश ल्याउनुभयो, त्यही बेला एकता घोषणा भयो । त्यसैले सत्ता सहकार्यका लागि जसपा फुट्छ भन्ने भ्रमको पछि नलागौं । जसपा एकढिक्का छ र रहिनेछ । हामीले संसदीय दल पनि समायोजन गरिसकेका छौं । यदि फुट्ने अवस्था आएको भए अहिले संसदीय दल समायोजन गर्नुपर्ने आवश्यकता थिएन । हाम्रो संसदीय दलको बैठक करिब-करिब पाँच-छ घन्टासम्म चल्यो र त्यसले केही निर्णयहरु पनि गरेको सार्वजनिक भएकै हो । त्यसैले गर्दा जसपाभित्र कुनै विवाद छैन । लोकतान्त्रिक पार्टीमा सबैको आआफ्नो विचार र मत अवश्य नै हुन्छ । ठूलो त्याग र तपस्याबाट यो पार्टीको निर्माण भएको हो । अहिलेको राजनीतिक गतिविधिले जसपा फुट्न लाग्यो भन्ने खालका कुराहरु गलत प्रचार हो, यो भ्रममा नपर्न म सबैलाई आग्रह पनि गर्न चाहन्छु ।

**० जसपाले आफ्नो संसदीय दलको नेता कहिलेसम्म टुंगो लगाउँछ ?**

– अबको एक दुई हप्ताभित्र नै जसपाले आफ्नो संसदीय दलको नेता चयन गर्छ ।

**० जसपाले एमाले र माओवादीसँग वार्ता वा सम्वाद गर्दा जसपालाई सरकारको नेतृत्व दिने अफर आउँछ कि आउँदैन ?**

– त्यस्ता अफरहरु आउँदा हामीले त्यसमा प्रवेश नै गर्न चाहेका छैनौं । हाम्रा नेतृत्व पंक्तिले स्पष्टरुपमा भनेको छ कि अहिले हामी त्यो विषयमा प्रवेश नगरौं । विगतमा तपाइँहरुले हामीसँग गर्नुभएका सहमतिहरु कार्यान्वयन गर्नुस् । हाम्रा मागहरु सम्बोधन भएपछि देखा जाला ।

(मधेशवाणीका लागि रामसुकुल मण्डलले गरेको कुराकानीको सम्पादित अंश)

# नेपालमा वन व्यवस्थापनको टिना फ्याक्टर



बेचन कुमार महतो

पृष्ठभुमी

'हरियो वन नेपालको धन' । कुनै बेलाको यस्तो धरातलीय अनुभूति वर्तमानको व्यवस्थापकीय अपरिपक्वताका कारण 'हरियो वन राजनीति गर्ने साधन'को रुपमा परिणत हुँदै गएको आभास हुन थालेको छ । नेपालको वनको व्यवस्थापन गर्न वनलाई समय कालखण्डमा निजीकरण, राष्ट्रियकरण तथा समुदायीकरण गर्ने कार्य गरियो र गरिदैं पनि छ । यस्ता कार्यहरुलाई वन व्यवस्थापनको कडीको रुपमाबुझ्ने गरिएको छ । तर यथार्थता के हो भने वन एक प्राकृतिक एवं पुनरुत्पादन योग्य नविकरणिय श्रोत हो । उचित व्यवस्थापन मार्फत धेरै देशको कुल गार्हस्थ उत्पादनमा वन क्षेत्रको उल्लेखनीय योगदान रहेको देख्न सकिन्छ । अर्थशास्त्रमा वनको हकमा संरक्षणमुखी व्यवस्थापनको कुनै अर्थ मान्न सकिदैन, जबसम्म आर्थिक, सामाजिक र पर्यावरणीय दृष्टीकोणबाट हितकारी प्रमाणित गर्न सकिंदैन । वन व्यवस्थापनमा स्थानीय समुदायको सहभागिता पछि वन श्रोतको अवस्था सुधिदै गएको छ, यसमा कुनै शंका छैन तर वनको उत्पादन र उत्पादकत्व कसरी बढाउने भन्ने बहस पनि सँगै चल्दै आएको छ । प्रा.डा. राजेशकुमार राई (वन विज्ञ) का अनुसार वन क्षेत्रले ओगटेको भु-भागको दाँजोमा अर्थतन्त्रमा वन क्षेत्रको न्युन योगदान र नगदमुखी ग्रामीण अर्थतन्त्रले जिवनयापनमुखी घाँस दाउराको माँग भन्दा काठको माँगलाई बढाएको वर्तमान समयमा उचित व्यवस्थापनको अभावमा आपुर्ति कम भई माँग धान्नको लागि वन पैदावार आयात गर्नुपर्ने अवस्था छ । उचित व्यवस्थापनको अभावमा ठिँग उभिएका रुखहरु भित्रभित्रै खोक्रिएर मुल्यहिन बनेका छन् । यसले कतै वन क्षेत्र अनुत्पादक भएको त होइन? वनको औचित्यमाथि प्रश्न चिन्ह खडा गरेको छ । अहिले नेपालमा ४४.७४ प्रतिशत वन क्षेत्र छ तर यसले राजस्वमा खासै योगदान गर्न सकेको छैन (वन विज्ञ बिजयराज सुवेदी) ।

के हो त वन व्यवस्थापन?

सबैलाई थाहा भएकै कुरा हो कि 'वन श्रोत' नविकरणीय प्राकृतिक श्रोत हो । नविकरणीय श्रोतको समय अन्तरालमा हार्भेष्ट हुनै पर्दछ यही नै विज्ञान हो, यही नै आमबुझाई हो, यही नै व्यवस्थापन हो । म एक वन प्राविधिक हो र मैले पढे बुझेसम्म श्रोत त्यती बेलासम्म श्रोत हुँदैन, जबसम्म यसले मानव समाजको कल्याणमा आफ्नो प्रत्यक्ष औचित्य पुष्टी गर्न सक्दैन । अतः वन व्यवस्थापन भनेकै हाम्रो वनलाई वन श्रोत बनाउने वा वनबाट राष्ट्रिय समृद्धिलाई योगदान पुऱ्याउने निर्विकल्प उपायको व्यवस्थापन गर्ने पद्धति हो । वन विज्ञ डा. नागेन्द्र प्रसाद यादवका अनुसार 'वन व्यवस्थापनले (क) वनको संरचना र वनावटलाई नियन्त्रण, (ख) सतत् रुपमा वन पैदावार उत्पादन, वितरण र बजारीकरण, र (ग) वन प्रशासनमा वनको सम्पती तथा जनशक्ति परिचालन तथा नियमन गर्ने काम गर्दछ ।' यदि वनको व्यवस्थापन भएन भने यी तिनै कार्य लथालिङ्ग हुन्छ र देशमा वन पैदावारको आपुर्ति ढलापडा र चोरी निकासी गरेको काठबाट हुने बाध्यात्मक परिस्थितीको शुरुवात हुन्छ । कुन प्रजातीको कुन रुख कहिले ढल्छ, कसलाई थाहा छ? यसलाई वार्षिक कार्ययोजनामा समावेश गर्न सकिन्छ? वन व्यवस्थापन गर्ने त कार्ययोजना अनुसार हो । वन व्यवस्थापन वन सम्वर्द्धन प्रणाली अनुसार गर्नुपर्ने हो । वन व्यवस्थापनको लागि कुन प्रणाली लागु गर्ने हो भन्ने कुरा प्राविधिक हिसावले के उपयुक्त हुन्छ र उपभोक्ताले के चाहन्छन्, त्यसमा भर पर्ने कुरा हो । यदि तराईको वन, वन सम्वर्द्धन प्रणाली अनुसार व्यवस्थापन भएन भने सालको वन अन्य किसिमको वनमा परिणत हुँदै जान्छ ।

वन सम्वर्द्धन प्रणालीको प्रभावकारी अवलम्बन बिना गरिने वन व्यवस्थापन आँफैमा व्यवस्थापन नभई वनको दोहन मात्रै हो । केवल संरक्षणलाई व्यवस्थापन मान्न सकिदैन । त्यसैले वन व्यवस्थापन वन सम्बर्द्धन शास्त्र अनुसार हुनुपर्दछ जुन वन विज्ञानको मूल कडी हो । वन सम्बर्द्धन कार्य कला र विज्ञान दुबै हो । वन सम्बर्द्धन प्रणालीले वनको भावी स्वरुपलाई परिकल्पना गर्ने हुँदा यो कला हो र यसले विरुवा कहिले काट्ने? कति परिमाणमा काट्ने? कस्तो वन पैदावार उत्पादन गर्ने? भन्ने जानकारी दिने भएकोले यो विज्ञान हो । अतः वन सम्बर्द्धन प्रणाली विरुवा हुर्काउने, कटान गर्ने र पुनरुत्पादन गर्ने एक व्यवस्थित प्रकृया हो । कस्तो खाले सम्बर्द्धन प्रणाली अवलम्वन गर्ने भन्ने वन व्यवस्थापनको उद्देश्य, वनको प्रकार र क्षेत्रफलमा निर्भर गर्दछ । डा. राजेश राईका अनुसार 'राष्ट्रिय निकुञ्ज भित्रको वन व्यवस्थापन वन्यजन्तुको वासस्थान सुधार र पारिस्थितिकिय प्रणालीको सन्तुलन कायम राख्ने व्यवस्थापकीय प्रकृयामा केन्द्रित हुन्छ भने सामुदायिक वनहरुको व्यवस्थापन मुलरुपमा उपभोक्ताहरुको काठ दाउराको आवस्यकता परिपुर्ति गर्ने उद्देश्यमा केन्द्रित हुन्छ । कस्तो वन पैदावार निकाल्ने, कुन कुन प्रजातिमा जोड दिने भन्ने कुराले वन सम्बर्द्धन प्रणाली आवस्यकताको निर्क्यौल गर्दछ ।'

कसरी गर्ने त वन व्यवस्थापन ?

देशको कुल भु-भागको करिव ४५ प्रतिशत भु-भाग ओगटेको नेपालको वन क्षेत्रवाट आर्थिक समृद्धि पुरा होओस् । मुलुकको समृद्धिमा वनको भुमिका बढोस् । रोजगारी श्रृजना होओस् । संरक्षणमुखी वन व्यवस्थापनवाट व्यवसायमुखी वन व्यवस्थापन होओस्, जस्ता अनेकन समाजिक, आर्थिक, पर्यावरणीय महत्वकाँक्षाका विषयहरु वन व्यवस्थापन कार्यबाट आशा र अपेक्षा गरिँदै आएका छन् । तर यो उद्देश्य कसरी प्राप्ती गर्ने त? भन्ने कुरो महत्वपुर्ण सवाल हो ।

- भौगोलिक विषमताका कारण वनको उत्पादन र उत्पादकत्वमा विविधता छ । यसकारण वन व्यवस्थापनलाई व्यवस्थित रुपमा लैजान वन क्षेत्रको जोनिङ्ग गरिनु पर्दछ । संरक्षित क्षेत्र, उत्पादन क्षेत्र र विशेष क्षेत्रहरु सिमाँकन गरी व्यवस्थापनका कार्यहरुलाई अगाडि बढाउनु पर्दछ ।
- वन व्यवस्थापनको कार्ययोजनालाई वन भित्र मात्रै सिमित नराखी बजार र रोजगारीसँग जोडनु पर्दछ ।
- कुल सम्भावनाको १० प्रतिशत भन्दा पनि कम उपभोग भई रहेको नेपालको वन श्रोतको पुर्ण उपयोगिताको लागि आधुनिक प्रविधीको प्रयोगलाई बढावा दिई मुल्य श्रृखलाको प्रबर्द्धन गरी आयातमा निर्भर राष्ट्रको व्यापारघाटालाई कम गर्ने किसिमले वन व्यवस्थापन गरिनु पर्दछ ।
- कार्ययोजना अनुसार व्यवस्थापन हुने गरी निजी वनको अभ्यासलाई पूर्ण स्वतन्त्रता दिनु पर्दछ । निजी वनमा पनि अन्तिम कटान पश्चात पुनरुत्पादनको व्यवस्थालाई आवश्यक गरिनु पर्दछ ।
- वन व्यवस्थापनको मोडालिटी अनुसार अगाडि बढ्न वन व्यवस्थापनलाई उत्पादनसँग जोडेर रोजगारी श्रृजना गरिनु पर्दछ । वन पैदावारको बिक्रीवितरण तथा पर्यापर्यटन विकास गरेर वित्तिय आम्दानी बढ्ने गरी वन व्यवस्थापन गरिनु पर्दछ ।
- तराई क्षेत्रमा काठ उत्पादन, पहाडी क्षेत्रमा मध्यम साईजका काठ, दाउरा तथा गैर काष्ठ वन पैदावार उत्पादन तथा तत् सम्बन्धित उद्यम विकास र हिमाली क्षेत्रमा गैर काष्ठ वन पैदावार र चरण व्यवस्थापनमा जोड दिनु पर्दछ ।
- सामुदायिक वनको हकमा भने उपभोक्ता समुहको आकार र वनको क्षेत्रफल अनुसार कार्ययोजना निर्माण तथा नवीकरणको प्रावधान गरिनु पर्दछ ।
- वन नीतिलाई अर्थ नीतिसँग समन्वय गरी वन व्यवस्थापन गरिनु पर्दछ ।
- हाल बन्द अवस्थामा रहेको वन पैदावरको संकलन, बिक्री वितरण तत्काल खुलाउनु पर्दछ ।
- उत्पादनमुखी वन व्यवस्थापन पद्धती अवलम्बन गरिनु पर्दछ । काठको आवश्यकता सहजरुपमा परिपुर्ति हुने खालको हुनु पर्दछ । वन क्षेत्रको उद्यम प्रवर्द्धन हुने किसिमको व्यवस्थापन हुनु पर्दछ ।
- जुन किसिमको वन व्यवस्थापन भए पनि नेपालको वनलाई आर्थिक समृद्धिका रुपमा प्रयोग गरिनु पर्दछ । खाली संरक्षण गरेर मात्र हुँदैन । आन्तरिक आवश्यकतालाई सम्वोधन गर्दै वनवाट आर्थिक फाईदा हुने गरी निर्यातमा जोड दिईनु पर्दछ ।
- वन क्षेत्रको सुशासनको आधार तथा सुचकहरु निर्धारण गरिनु पर्दछ ।

शब्दजाल

वन व्यवस्थापनको मुख्य आधार भनेकै वन सम्वर्द्धन प्रणालीको प्रयोग हो । अहिले वैज्ञानिक वन व्यवस्थापन की दिगो वन व्यवस्थापन भन्ने दुई शब्दजालमा बहसहरु सुन्न सकिन्छ । डा. नागेन्द्र प्रसाद यादवका अनुसार खासमा यी दुबै खाले अवधारणा भनेको वन व्यवस्थापन नै हो । कसैले दिगो वन व्यवस्थापन, कसैले वैज्ञानिक वन व्यवस्थापन त कसैले सकृया वा सघन वन व्यवस्थापन जस्ता शब्दहरु प्रयोगमा ल्याई रहेका छन् । वैज्ञानिक वन व्यवस्थापन र दिगो वन व्यवस्थापनमा गर्ने काम वन सम्बर्द्धन प्रणालीमा नै आधारित हो । वन सम्वर्द्धन प्रणाली (सिल्भीकल्चरल सिस्टम) बिना दिगो तथा वैज्ञानिक वन व्यवस्थापन सम्भव हुदैन । सन् १९९२ पश्चात दिगो विकासको अवधारण शुरु भए पछि वनमा पनि दिगो विकासको अवधारणा शुरु भएको हो । व्यवस्थापन मापनवाट शुरु हुन्छ । वन व्यवस्थापन पनि यसैमा आधारित छ । दिगो वन व्यवस्थापन एउटा प्रकृया हो जसका लागि वनमा के कति र कस्ता रुख विरुवा छन्? के का लागि वन व्यवस्थापन गर्ने हो? यसको लागि कुन वन सम्बर्द्धन कार्य र प्रणाली अपनाउने हो? यी तिन वटै कार्यहरु विज्ञान र प्रविधिसम्मत भएकोले वैज्ञानिक वन व्यवस्थापन भन्न खोजिएको हो । त्यसैले यो दिगो काम लाग्ने र वैज्ञानिक काम नलाग्ने भन्ने कुरामा विवाद गर्नु उचित हुँदैन । दिगो वन व्यवस्थापनको लागि वैज्ञानिक वन व्यवस्थापन गर्नुपर्छ भन्ने हिसावले वैज्ञानिक वन व्यवस्थापनलाई आत्मसाथ गरिएको हो । दिगो वन व्यवस्थापन हुनका लागि वैज्ञानिक आधार नै वनको वार्षिक बृद्धि भन्दा कम कटान, सतत् वन पैदावार आपुर्तिका लागि सतत् उत्पादन त्यतिबेला मात्र सम्भव हुन्छ जबसम्म वनमा विभिन्न उमेर र चाहिने प्रजातिका रुख, खाँवा, बल्लाबल्ली, लाथ्रा र विरुवाहरु उचित अनुपातमा हुन्छन् ।

वन व्यवस्थापनको नीतिगत व्यवस्था

विगतको वन नीति, रणनीति, योजना, ऐन, नियममा दिगो एवं वैज्ञानिक वन व्यवस्थापन बारे उल्लेख भएको छ । राष्ट्रिय वन योजनामा वनको वैज्ञानिक व्यवस्थापन बारे उल्लेख थियो । २०४५ सालमा वनको गुरुयोजनामा पनि दिगो वन व्यवस्थापनको लागि वैज्ञानिक वन व्यवस्थापन गर्ने, परिमार्जित वन नीति २०५७ मा दिगो एवं वैज्ञानिक वन व्यवस्थापन गर्ने, वि.सं. २०६९ मा जारी समृद्धिका लागि वन भन्ने अवधारणा पत्रमा दिगो एवं वैज्ञानिक वन व्यवस्थापन गर्ने, वैज्ञानिक वन विकास कार्यविधि, २०७१ को पृष्ठभूमीमा दिगो/वैज्ञानिक वन व्यवस्थापन उल्लेख छ । १४औं योजनाको उद्देश्यमा दिगो वन व्यवस्थापनद्वारा वन क्षेत्रको उत्पादकत्व र वन पैदावार उत्पादन बृद्धि गर्ने तथा सोही योजनाको रणनीतिमा सहभागितामुलक दिगो एवं वैज्ञानिक व्यवस्थापन गर्ने उल्लेख छ । यसैगरी नेपाल सरकारको आ.व. २०७५-०७६ का लागि जारी बजेट वक्तव्यमा वनको वैज्ञानिक व्यवस्थापन गरिने कार्यक्रम रहेको कुरा उल्लेख भएको थियो । वि.सं. २०६० मा साझेदारी वनको अवधारणा शुरु भयो । त्यती वेला पनि सहभागितामूलक तरिकाले दिगो एवं वैज्ञानिक वन व्यवस्थापन गर्ने भन्ने उल्लेख छ । पहिलेका नीति, नियम, कानुनहरुमा पनि वैज्ञानिक र दिगो वन व्यवस्थापन दुबै शब्दको प्रयोग भएको देखिन्छ ।

के हुन सक्छ वन व्यवस्थापनको टिना (TINA) फ्याक्टर ?

टिना (TINA) फ्याक्टर : TINA = There Is No Alternative

कन्जरभेटिभ बेलायती प्रधानमन्त्री मार्गरेट थ्याचरले एउटा नारा अक्सर प्रयोग गर्ने गर्दथे: 'TINA', मतलव "There Is No Alternative"। उनका अनुसार बजारको लागि अर्थव्यवस्था मात्र काम गर्ने प्रणाली हो । त्यँहा अन्य विकल्पहरुको कुनै प्रभावकारीता हुदैन । बजारमा विकल्पको छनौट नैतिक सिद्धान्तबाट गरिन्छ । मानव व्यवहार नैतिक हुनको लागि स्वतन्त्र रोजाईको आवश्यकता पर्दछ । टिना फ्याक्टरको प्रयोग पछिल्लो समय भारतिय राजनीतिमा पनि निकै भएको देख्न सकिन्छ । सन्२०१९ को भारतिय लोकसभाको चुनावमा वर्तमान प्रधानमन्त्री नरेन्द्र मोदीलाई भाजपाले टिना फ्याक्टरको रुपमा प्रस्तुत गरेको थियो । अबकी वार फिर भी मोदी सरकार.....मोदी ही तारणहार.....मोदी नहीं तो कोई नहीं.....हर हर मोदी घर घर मोदी.....जस्ता अनेकन चुनावी नाराहरुलाई टिना फ्याक्टरको रुपमा प्रयोग भएको थियो र फलतः चुनावी परिमाण अनुसार पुनः नरेन्द्र मोदी भारतिय राजनीतिको टिना फ्याक्टरको रुपमा स्थापित पनि भएका छन् ।

विषय सान्दर्भिक नै होला, आफुँ वन प्राविधिक भएकोले नेपालको वन व्यवस्थापनको टिना फ्याक्टर पहिचान गर्नुपर्ने आवश्यकता महसुस गरेको छु । विगत २५ वर्षदेखि वन क्षेत्रमा कार्यरत रहीरहँदा हासिल गरेको वन विज्ञान सम्बन्धी प्राविधिक ज्ञान, वन व्यवस्थापनको क्षेत्रमा भौगोलिक अनुभव तथा हाल प्रयोगमा रहेका विभिन्न वन व्यवस्थापन पद्धतीहरुको व्यवस्थापकीय प्रभावकारीता एंव व्यवसायीक क्षमताको विश्लेषण गर्दा वन सम्बर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन पद्धती नै नेपालको वन व्यवस्थापनको टिना फ्याक्टर रहेको अनुभूति गर्न सकिन्छ ।

वन व्यवस्थापनको टिना (TINA) फ्याक्टर . वैज्ञानिक वन व्यवस्थापन

परम्परागत रुपले वन व्यवस्थापन गरिएको वन क्षेत्रमा वनको हैसियत बिग्रँदै गएको छ । जँगलका रुखहरु बुढा भएका छन्, धोद्रो हुँदै गएका छन् । नयाँ विरुवाहरु उम्रन सकेका छैनन् । अध्ययनले जनाए अनुसार तराई र मध्य पहाडको वनमात्र वैज्ञानिक सिद्धान्तमा व्यवस्थापन गर्दा ९ देखि १२ करोड क्युविक फिट काठ उत्पादन गर्न सकिन्छ । तर अहिले नेपालले १ करोड क्युविक फिट काठ पनि उत्पादन गर्न सकेको छैन । बाहिरी देशबाट काठ उत्पादन गर्नुपरेको अवस्था छ । नेपालमा वर्षेनी २ करोड ५० लाख क्युफिट काठ इन्डोनेसिया, मलेसिया लगायतका देशहरुबाट आउँछ । काठ निर्यातमा मात्रै वर्षेनी अरवौं रुपैया विदेशिँदै आएको छ । हामी कहाँ प्रशस्त मात्रामा काठ छ, जुन सदुपयोग हुन सकेको छैन । त्यसैले वर्षेनी लाखौं क्यूफिट काठ त्यसै खेर गईरहेको छ । त्यसमा पनि बुढो रुखहरु धेरै छन् । लडेका रुखहरु मात्र काट्ने, खडा रुखहरु काट्न नपाउने व्यवस्थाले गर्दा धेरै बुढा रुखहरु मक्किएर धोद्रिएर त्यसै खेर जाने गरेका छन् । समान्यतया ७०/८० वर्षमा रुख काट्न उपयुक्त हुन्छ । तर हामी कहाँ त्यो प्रचलन छैन । त्यसैले गर्दा एकातिर वर्षेनी करोडौं क्युफिट काठ विदेशबाट आउने र अर्कोतिर आफ्नै देशमा भएको काठको सदुपयोग हुन नसक्दा राज्यलाई घाटा छ । ठुला रुखहरुका कारण पुनरुत्पादनमा पनि समस्या देखिएको छ । साना रुखहरु उचित वातावरणको अभावले गर्दा नबढ्ने भएका छन् ।

यता वैज्ञानिक वन व्यवस्थापनको कुरो गर्ने हो भने नेपालमा यो कार्यक्रम लागु भएको करिव एक दशक भै सकेको छ । पूर्णरुपमा वन व्यवस्थापनको वैज्ञानिक मुल्य र मान्यतामा आधारित भई व्यवस्थापकिय कार्यहरु सञ्चालन हुँदै आएको छ । वन व्यवस्थापनको वैज्ञानिक सिद्धान्तः वन व्यवस्थापनको उद्देश्य अनुसार अहिले उम्रेका विरुवाहरु काट्न लायक रुख हुनको लागि कति वर्ष लाग्छ (मानौं ८० वर्ष) ?भन्ने आधारमा त्यसको निर्धारण गरिन्छ । वार्षिक रुपमा कति रुख काट्ने र कति विरुवा उमार्ने त्यसको पूर्ण हिसाव गरी वार्षिक रुपमा तोकिएको फेलिङ्ग कुप (वार्षिक कटान क्षेत्र जसमा प्रत्येक रुखको जि पि एस लोकेसन र जम्मा रुख संख्या समेत निर्धारण गरिएको हुन्छ) मा मात्र कटान कार्य गरिन्छ र साथ साथै पुनरुत्पादन कार्य समेतलाई सँगै लगिएको हुन्छ । यसरी वार्षिक रुपमा कटान गर्दा ८० वर्षमा पुनः कटान चक्र दोहरिने भएकोले वनको उत्पादकत्वमा कुनै फरक नपर्ने हुन्छ । वन विज्ञ हेमराज विष्टका अनुसार '८० वर्षमा त फेरी उतिकै रुखहरु भै हाल्छन् । अनि सबै रुखहरु पनि काटिँदैन, माउ रुखहरु छाडिन्छ, राम्रा राम्रा रुखहरु मात्रै राखिन्छ, काठ नदिने रुखहरु काटिन्छ । रुखहरु पनि धान मकै जस्तै हुन् किनकी उमेर पुग्ने बितिकै काट्नु पर्छ, हैन भने समय पुगेपछि त्यसै खेर जान्छ ।'

के का लागि वैज्ञानिक वन व्यवस्थापन गर्ने हो भनी निर्क्यौल हुनु पर्दछ, त्यसका आधारमा कृयाकलापहरु तय हुन्छन् । प्रा. अच्युतराज ज्ञवाली र सुमन भट्टराईका अनुसार काठजन्य र वन पैदावारका लागि नै उत्पादनशिल वनमा वैज्ञानिक व्यवस्थापन गरिने हो, जहाँ जिवजन्तु (जैविक विविधता) संरक्षणको प्रमुख विषय हुने गरेको छैन, अन्य देशमा पनि त्यस्तो भेटिंदैन । हालसम्म अवलम्बन गरिएको अभ्यास अनुसार सम्बेदनशिल जनावर भेटिए केही सजगता अपनाउने गरिएको हुन्छ र हालसम्म गरिएको वैज्ञानिक वन व्यवस्थापनको प्रकृतिले त्यति असर त पार्दैन, किनकी यहाँ ईरेगुलर सेल्टरउड सिस्टम अवलम्वन गरिएको छ, जो युनिफर्म सेल्टरउड तथा सरपट कटानको तुलनामा धेरै हदसम्म वन्यजन्तुको पक्षमा छ । अति सम्बेदनशिल वन्यजन्तुको वासस्थान रहेको छ भने वायोलोजिकल हटस्पटको रुकमा पहिचान गरी संरक्षित क्षेत्रको रुपमा पनि स्थापित गर्न सकिन्छ र गर्दै आईएको पनि छ, र थप यस्ता महत्वपुर्ण र अझै प्रतिनिधित्व हुन नसकेका मध्य पहाडी भेगका यस्ता क्षेत्रहरुको पहिचान गरी छुट्याउँदै जान पनि सकिन्छ । एउटै वनमा नुन देखि सुनसम्म फलाउन (काठ, दाउरा, वन्यजन्तु त्यसमा पनि कमिला देखि हात्ति सम्म संरक्षण गर्न) त्यती सहज त हुँदैन । तथापिसमग्र रुपमाजैविक विविधता संरक्षण हुनुपर्दछ भन्ने कुरामा दुई मत छँदै छैन । देशको २३.३९ प्रतिशत (कुल वन क्षेत्र ४४.७४ प्रतिशत मध्ये करिव १७प्रतिशत) वनलाई संरक्षित क्षेत्र भनेर घोषणा गरिएकै छ । यो के को लागि?मूलतः जैविक विविधता संरक्षणको लागि नै हो । अनि ४४.७४ प्रतिशत मध्ये बाँकी रहेको करिव २७प्रतिशत वनमा पनि संरक्षणमुखी व्यवस्थापन नै हुनु पर्नेहोत ?

वैज्ञानिक वन व्यवस्थापन कार्यविधीका अनुसार तराईका २० वटा जिल्लामा रहेको करिव ४ लाख ५० हजार हेक्टर वन संरक्षित क्षेत्र, राष्ट्रिय वन, सामुदायिक वन र साझेदारी वनको रुपमा रहेको छ । यो मध्ये करिव ५० प्रतिशत क्षेत्रमा मात्र वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम लागु गर्ने हो भने देशको अर्थतन्त्रमा वार्षिक १५ अर्ब रुपैयाँ आउँछ । नेपाल सरकारले हालै मात्र वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम खारेजी गरेका कारण कार्बन व्यापारबाट मुलुकले प्राप्त गर्ने प्रक्षेपण गरिएको आम्दानीमा सिधा असर पर्ने देखिन्छ । वन विज्ञ बिजयराज सुवेदीका अनुसार 'तराई तथा मध्य पहाडमा वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम संचालन गर्दा९ करोड देखि १२ करोड क्युफिट काठ उत्पादन हुन्छ । यसलाई बायोमासमा रुपान्तरण गर्दा २७ लाख देखि ३६ लाख टनसम्म बायोमास उत्पादन हुन्छ र यो बायोमासको ६० प्रतिशतले कार्वनको हिसाव गर्दा वार्षिक १६ लाख २० हजार टन देखि २१ लाख ६० हजार टनसम्म कार्बन सञ्चिती हुने देखिन्छ । नेपालले विश्व वैंकसँग करिव प्रति टन रु. ५०० मा कार्बन खरिद सम्झौता गरेको छ । यसरी हेर्दा हरेक वर्ष ८१ करोड देखि १ अर्व ८ करोड रुपैयाँसम्म कार्बन व्यापारबाट हुने मुनाफा कम हुनेछ । निश्चित उमेर पुगिसकेका रुखले कार्वन सञ्चितिको मात्रा बढाउन सकिदैन, त्यसैले बुढा रुख काट्दै वृक्षारोपणको कृयाकलापमा जोड दिनु पर्दछ ।' प्रा.डा. राजेश राईका अनुसार 'कार्बन व्यापारबाट मुनाफा बढाउन निर्वाहमुखी वन व्यवस्थापन भन्दा व्यवसायमुखी वनको व्यवस्थापनलाई जोड दिनाले कार्बन सञ्चितिको लागि लाग्ने लगानी कम हुन आउँछ ।'

अन्त्यमा,

अनावश्यक सवालमा अल्झिदै अनुगमन गर्ने हैसियत नराख्ने, विकासको नाममा हुने गरेका वन विनाश र भु-क्षयलाई नजर अन्दाज गर्ने तर वन व्यवस्थापन गरिदाँको रुख कटानलाई भ्रष्टाचार देख्ने पुर्वाग्रही प्रवृत्ति रहुन्जेल बजेट, नीति, मार्गदर्शन, श्वेतपत्र, स्थितिपत्रमा जे ल्याए पनि वनबाट समृद्धि होईन, वनको समृद्धिको लागि ठुलो मुल्य चुकाउनु पर्ने हुन्छ । तराईका मात्र ५० प्रतिशत वन क्षेत्रको वैज्ञानिक व्यवस्थापन गर्न सके वार्षिक १५ अर्व रुपैया देशको अर्थतन्त्रमा प्राप्त हुन्छ भन्ने कागजी टिपोट फगत दिवा सपना हुनेछ । अतः वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम खारेज गर्ने सरकारको निर्णय तत्कालै सच्याएर वैज्ञानिक वन व्यवस्थापन पद्धतीलाई वन व्यवस्थापनको टिना (त्क्ल्ब) फ्याक्टरको रुपमा अँगिकार गरिए सर्वथा हितकर हुनेछ ।

(महतो मधेशका लागि वनका राष्ट्रिय संयोजक हुन् ।)

## मधेश अपडेट

### 'नयाँ ढंगले पुन:एकता हुन्छ'

वीरगञ्ज । उपप्रधानमन्त्री ईश्वर पोखरेलले विद्यमान राजनीतिक अवस्थको अन्त्य र संसदमा देखिएका बेथितिको एकमात्र विकल्प निर्वाचन नै भएको बताएका छन् । उनले भने, 'निर्वाचनका लागि तयार हुन म आममतदाता समक्ष आग्रह गर्दछु ।' प्रेस सेन्टर पर्साद्वारा बिहीबार वीरगञ्जमा आयोजित पत्रकार सम्मेलनमा उनले प्रतिनिधिसभामा दलहरुबीच समन्वय भई प्रक्रिया सामान्य ढङ्गले अगाडि नबढे ताजा जनादेशमै जानुपर्ने बताए । नेपाल कम्युनिस्ट पार्टी एमालेका नेता पोखरेलले सर्वोच्च आदालतको फैसलाबाट उत्पन्न भएको वर्तमान राजनीतिक अवस्थाको सामना गर्दै एमाले र माओवादी केन्द्रका जिल्लादेखि केन्द्रसम्ममा नयाँ ढङ्गले पुन:एकता हुने धारणा व्यक्त गरे । उनले दलको नामबारे अदालतले दिएको फैसलाले दुवै पार्टीलाई २०७५ साल जेठ २ गतेको अवस्थामा पुऱ्याए पनि पार्टीबीचको एकता र पार्टीका नेताकार्यकर्तालाई सम्मानजनक ढङ्गले व्यवस्थापन गर्ने सोचका साथ एमाले अगाडि बढेको जानकारी दिए ।

### छात्राहरुलाई १५२० साइकल वितरण

जनकपुरधाम । १११औं अन्तर्राष्ट्रिय नारी दिवसको अवसर पारेर प्रदेश सरकारले बेटी पढाउ बेटी बचाउ कार्यक्रम अन्तर्गत कक्षा ८ का छात्राहरुलाई साइकल वितरण गरेको छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सोमबार आयोजना गरेको एक समारोहका बीच मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीले धनुषा जिल्लाको २७ विद्यालयका १५२० छात्राहरुलाई साइकल वितरण गरेका छन् । साइकल वितरण गर्दै मुख्यमन्त्री राउतले महिला सशक्त भए मात्र प्रदेशको विकास सम्भव रहेको बताए । यसको लागि प्रदेशभरि रहेका सामुदायिक विद्यालयको कक्षा ८ मा अध्ययनरत्त छात्राहरुलाई साइकल वितरण गर्ने तयारी रहेको उनले बताए । साइकलले महिला सशक्त हुँदैन, उनले भने-तर, सामाजिक रुपान्तरणका लागि सहयोगी हुन्छ । साइकलले समाजिक रुपान्तरणमा महत्वपूर्ण भूमिका निर्वाह गरेको जिकिर गर्दै मुख्यमन्त्री राउतले यसलाई रुपान्तरणको पहिलो खुड्किलाको रुपमा लिनुपर्ने बताए । शिक्षा, स्वास्थ्यसहित प्रत्येक निकायमा पछि रहेको महिलालाई अगाडी बढाउन प्रदेश सरकार प्रतिबद्ध रहेको उनले दोहोर्याए । प्रदेशका छोरीहरुलाई शिक्षित सब्बल बनाउन बेटी पढाउ, बेटी बचाउ अभियानलाई अगाडी बढाएको उनले जानकारी दिए ।

### प्रदेश २ प्रमुखद्वारा धनगढीमा आगलागी भएको फर्निचर उद्योगको निरीक्षण

कैलाली । प्रदेश २ का प्रदेश प्रमुख डा.राजेश अहिराज सुदुरपश्चिम प्रदेश भ्रमणको क्रममा धनगढी उप-महानगरपालिका वडा नम्बर ४ चटकपुरस्थित आगलागी भएको फर्निचर उद्योग स्थलमा पुगेका छन् । आलोक मल्टी कन्सर्न प्रालिद्वारा सञ्चालनमा ल्याउन थालिएको उद्योग स्थलमा निरीक्षणको लागि डा.अहिराज आइतबार बिहान पुगेका हुन् । सो फर्निचर उद्योगमा शनिबार भीषण आगलागी हुँदा ८ करोड रुपैयाँभन्दा बढीको क्षति भएको प्रहरीले जनाएको छ । डा.अहिराजले युवाहरु मिलेर सञ्चालनमा ल्याउन लागेको फर्निचर उद्योगमा आगलागीको घटना सुनेर आफू स्तब्ध भएको प्रतिक्रिया दिँदै दु:खसमेत व्यक्त गरेका हुन् । उनले भने, 'बिहान हिंड्दै क्षति भएको ठाउँमा गए, कस्तो मन पोल्यो । युवाहरु मिलेर गर्नु भएको रहेछ । उहाँहरुले धेरैलाई रोजगारी पनि दिनु भएको रहेछ । तर उद्घाटन नहुँदै आगोले खरानी भयो । मन पोल्यो ।'

### पाइपलाइनको अध्ययन सम्पन्न

वीरगञ्ज । बाराको अमलेखगञ्जदेखि चितवनको लोथरसम्म पेट्रोलियम पमाइपलाइन जडान गर्ने कार्यको अध्ययन सम्पन्न भएको छ । यसको प्राविधिक प्रतिवेदन समेत आपूर्ति मन्त्रालयमा बुझाइएको छ । दक्षिण एशियाको पहिलो क्रस बोर्डरको रुपमा रहेको मोतिहारी–अमलेखगञ्ज पेट्रोलियम पाइपलाइन परियोजनाको सफलतापछि सरकारले सो अध्ययन पूरा गरेको हो । अध्ययन टोलीका प्राविधिकले सो पाइपलाइनलाई कसरी अगाडि बढाउने, कति खर्च लाग्ने, निर्माण गर्न कति समय लाग्ने लगायतका कामको प्रतिवेदन मन्त्रालयलाई बुझाइ सकिएको नेपाल आयल निगमका प्रवक्ता विनितमणि उपाध्यायले जानकारी दिए । बाराको अमलेखगञ्जदेखि चितवनसम्मको ६९ किलोमिटर लम्बाइ रहेको सो पाइपलाइनको निर्माण गर्न करीब रु १३ अर्ब खर्च हुने अनुमान गरिएको छ । लोथरमा सो पेट्रोलियपदार्थ भण्डारण गर्न एक लाख किलोलिटर क्षमता भएको अत्याधुनिक पेट्रोल ट्याङ्की निर्माण गर्ने बताइएको छ ।

### गरुडामा ग्राण्डी हस्पिटलको उद्घाटन

रौतहट । प्रदेश २ का मुख्यमन्त्री मो.लालबाबु राउतले रौतहटमा ग्राण्डी हस्पिटल एण्ड आँखा अस्पताल गरुडाको एक कार्यक्रमबीच उद्घाटन गरेका छन् । निजी क्षेत्रबाट सञ्चालनमा ल्याइएको सुबिधा सम्पन्न उक्त अस्पतालको उद्घाटन गर्दै मुख्यमन्त्री राउतले रौतहटको मध्यभागमा सञ्चालनमा आएको अस्पतालले बिरामीहरुलाई भरपर्दो सेवा दिने विश्वास व्यक्त गरेका छन् । । स्वास्थ्य क्षेत्रमा पछाडी परेको प्रदेश २ मा स्वास्थ्य संस्थाहरुमा आमूल परिवर्तनको आबस्यक्ता रहेको उल्लेख गर्नु हुँदै मुख्यमन्त्री राउतले प्रदेश सरकार त्यस दिसामा अगाडी बढी सकेको दाबी गर्नु भयो । प्रदेश सरकारले सरकारी अस्पताल हरुको स्तरोन्नतिका लागि करोडौं रुपैया उपलब्ध गराए पनि अस्पताल हरु रकम खर्च गर्न नसक्नु दुर्भाग्यपूर्ण रहेको बताउनु भयो । गरुडाका नगरप्रमुख ईन्नु राय यादवकों अध्यक्षतामा भएको उद्घाटन कार्यक्रममा भुमिब्यवस्था कृषि तथा सहकारी राज्यमन्त्री योगेन्द्र राय यादब , प्रदेश सभा सदस्य अब्दुल कलाम अजाद (फुलबाबु), विभिन्न स्थानीय तह्का प्रमुखहरु, जनता समाजवादी पार्टी का नेताहरू लगायतको उपस्थिति रहेको थियो ।

### 'संघर्षको सबैभन्दा ठूलो हतियार आन्दोलन'

कपिलवस्तु । १११ औं अन्तराष्ट्रिय श्रमिक दिवसको अवसरमा कपिलवस्तुको जिल्लाको शिवगढीमा आयोजित अखिल नेपाल महिला संघ क्रान्तिकारीको ७ औं राष्ट्रिय सम्मेलन उद्घाटन समारोहमा नेपाल कम्युनिस्ट पार्टीका महासचिव नेत्रविक्रम चन्द 'विप्लव'ले राज्यले महिलाहरूलाई समान अधिकार र अवसर दिनुपर्ने बताए । उनले उक्त सम्मेलनको उद्घाटन समारोहलाई सम्बोधन गर्दै न्यायको लागि संघर्ष गर्न तयार हुने र संघर्षको सबैभन्दा ठूलो हतियार आन्दोलन भएको बताए । विप्लव जब हसिलो मुद्रामा मञ्च उक्लिए त्यसपछि समर्थक र कार्यकर्ताहरुको तालि र उत्साहाजनक स्वागत देखिन्थ्यो । गत २०७५ साल फागुन २९ गते विप्लव नेतृत्वको पार्टी नेपाल कम्युनिष्ट पार्टीलाई सरकारले प्रतिबन्ध लगाएपछी गत २१ गतेमात्रै सो पार्टीमाथी लगाएको प्रतिबन्ध खुलेपछी विप्लवको यो पहिलो सार्वजनिक कार्यक्रम थियो । १११ औं अन्तराष्ट्रिय श्रमिक महिला दिवसको अवसर पारेर कार्यक्रममा पुगेका विप्लवले महिलाको मुद्दादेखी राज्यसत्ता हुँदै जनमत संग्रहसम्मका कुरा गर्न भ्याए । कार्यक्रममा राज्यले महिलालाई समान अवसर र अधिकार दिन नसेकेको बताउँदै उनले महिलाहरुको अधिकार रक्षाको लागी संघर्ष गर्नुपर्ने विषयमा जोड दिएका थिए ।

### पत्रकार, समाजसेवी, अधिकारकर्मी तथा नेतृलाई सम्मान

जनकपुरधाम । १११औं अन्तर्राष्ट्रिय नारी दिवसको अवसरमा क्लोथ बैंक नेपालले महिला पत्रकार, समाजसेवी, अधिकारकर्मी तथा नेतृहरुलाई सम्मान गरेको छ । सोमबार क्लोथ बैंकले चुज टु च्यालेन्ज नाराका साथ अन्तर्राष्ट्रिय नारी दिवस मनाएको हो । क्लोथ बैंक नेपालका सचिव मनिस श्रीओमको अध्यक्षता तथा जेष्ठ महिला अगुवा बिभा ठाकुरको प्रमुख आतिथ्यतामा पत्रकारद्वय गायत्री मिश्र र मनिका झाको विशेष आतिथ्यतामा सशक्त महिला - सशक्त मानबताको आवाज उठाउँदै जिससको सभकक्षमा शुभकामना आदानप्रदान तथा सम्मान कार्यक्रम सम्पन्न गरेको थियो । कार्यक्रममा महिला पत्रकार, समाजसेवी, अधिकारकर्मी, नेतृहरुलाई टिका र गमछा ओढाएर सम्मान गरिएको थियो । क्लोथ बैंकले गायत्री मिश्र, मनिका झा, बिभा ठाकुर, सोनि देवी, भारती झा, चाँदनी झा, खुश्बु साह, बिजेता झा, नेहा झा, अनामिका ठाकुर, ज्योती झा, प्रीति झा, आरती मंडल, माला राय, बरुना कर्ण, रुबि झा, बिन्दु ठाकुर लगायतलाई सम्मान गरेको हो । कार्यक्रमको विशिष्ट अतिथिको रुपमा जिससका उपसभापति दिपक झा, जसपा नेता मनोज चौधरी, लोकतान्त्रिक युवा नागरिक समाजका शिवशंकर मिश्र, मैथिल ब्राम्हण युवा संघका जानकी रमण झा, क्लोथ बैकका दिपक चौधरी, पंकज मंडल, कृष्ण साह लगायतको उपस्थिति रहेको थियो । सो कार्यक्रम क्लोथ बैंकका कोषाध्यक्ष एवं सफाई अभियानी रुबी झाले संचालन गरेकी थिइन् ।

# यी सांसदहरूको पद नै धरापमा !

काठमाडौं । सर्वोच्च अदालतको फैसलाले नेकपा एमाले र माओवादी केन्द्र ब्युँताएपछि गुट परिवर्तन गरेका सांसदहरु समस्यामा परेका छन् । केही नेताहरु गुट परिवर्तन गरेर मन्त्री नै बनेका छन् । अब उनीहरु पुरानै दलमा नफर्किए सांसद पद नै जाने भएको छ ।

तत्कालीन एमाले र माओवादी केन्द्रबीच २०७५ जेठ ३ गते एकीकरण भई नेकपा बनेको थियो । त्यसयता २०७६ मंसिर १४ गते सम्पन्न प्रतिनिधिसभा, प्रदेशसभा रस्थानीय तहको उपनिर्वाचनमा नेकपाको नामबाट २९ जना निर्वाचित भएका छन् ।

तत्कालीन प्रमुख निर्वाचन आयुक्त अयोधिप्रसाद यादवको कार्यकालमा तत्कालीन एमाले र माओवादी केन्द्र मिलेर बनेको नेकपा दर्ता भएको थियो । यादवले राजनीतिक दबाबमा यस्तो निर्णय लिएको बताइएको छ । यो निर्णयविरुद्ध दिएको उजुरी आयोगले खारेज गरिदिएपछि नेकपा आफ्नो नाममा रहेको भन्दै ऋषिराम कट्टेल अदालत गएका थिए । सर्वोच्चले कट्टेलका पक्षमा निर्णय दिएपछि एमाले र माओवादी केन्द्र मिलेर बनेको नेकपा बदर भएको छ भने एकीकृत भएका दुई दल साबिककै अवस्थामा पुगेका छन् । फैसलालगत्तै एकीकरणपछि नेकपाका नामबाट प्रतिनिधिसभा, प्रदेशसभा र स्थानीय तहका उपनिर्वाचन र राष्ट्रियसभा सदस्यमा निर्वाचित जनप्रतिनिधिको हैसियत के हुने भन्ने प्रश्न खडा भएको हो ।

राजनीतिक दलसम्बन्धी ऐनले अब नेकपा एमालेबाट निर्वाचित भएका माधवकुमार नेपाल, झलनाथ खनालसहित ४० सांसद, उनीहरु पक्षको प्रदेशसभा सांसद, स्थानीय निकायका जनप्रतिनिधि यथास्थितिमा रहनुपर्ने भएको छ । उनीहरु केपी शर्मा ओली अध्यक्ष भएको नेकपा एमालेमै रहनुपर्ने छ । उनीहरुले दल त्याग गरेमा पद नै जानेछ ।

राजनीतिक दलसम्बन्धी ऐनको दफा ३१ ले निर्वाचित जनप्रतिनिधिले जुन दलको उम्मेदवार भई निर्वाचित भएको हो त्यस्तो दल त्याग गर्न सक्ने छैन । दफा ३१ मै भनिएको छ,'कुनै सदस्यले दल त्याग गरेमा निज निर्वाचित भएको पद निजले दल त्यागेको मितिदेखि स्वतः रिक्त भएको मानिनेछ ।'

माधव नेपाल, झलनाथ खनाललगायतका नेताहरुसँग अब केन्द्रीय कमिटि र संसद सदस्यमा ४० प्रतिशत पुऱ्याएर पार्टी फुटाउने, एमालेमै रहने या सांसद पद नै दाउमा राखेर विद्रोह गर्नुको विकल्प छैन । नेपाल पक्षका सांसदहरुमा भीम रावल, सुरेन्द्र पाण्डे, योगेश भट्टराई, रामकुमारी झाँक्री, कृष्णलाल महर्जन, यज्ञराज सुनुवार, कृष्णभक्त पोखरेल, कल्याणीकुमारी खड्का, हिराचन्द्र केसी, झपट रावल, दिपकप्रकाश भट्ट, विनादेवी बुढाथोकीलगायत समस्यामा परेका छन् ।

उपनिर्वाचनमा प्रतिनिधिसभातर्फ कास्की क्षेत्र नम्बर २ बाट विद्या भट्टराई निर्वाचित छन् । त्यसैगरी २०७६ माघ ९ गते राष्ट्रियसभा सदस्य निर्वाचनमा नेकपा नामबाट १६ जना निर्वाचित भएका थिए ।

यसैगरी, प्रचण्डबाट विद्रोह गरी ओली पक्षमा पुगेका गृहमन्त्री थापा, ऊर्जामन्त्री टोपबहादुर रायमाझी र सहरी विकासमन्त्री प्रभु शाहलाई पनि आदेशले अप्ठ्यारो पारेको छ । माओवादी समूहमै नफर्किए उनीहरूलाई पार्टीले कारबाही गर्न सक्छ । त्यसो हुँदा सांसद पद गुम्ने देखिन्छ । खानेपानीमन्त्री मणिचन्द्र थापा र युवा तथा खेलकुदमन्त्री दावा तामाङ भने सांसद नरहेका कारण प्रतिनिधिसभा पुनःस्थापना भएकाले गैरसांसदका रूपमा मन्त्री छन् । उनीहरू नियुक्त भएदेखि ६ महिना मात्र मन्त्री हुन पाउँछन् । उनीहरू ओली खेमामै लाग्दा पनि गुमाउनुपर्ने केही देखिँदैन । थापा, रायमाझी र साहले भने आफ्नो सांसद पद गुमाउनुपर्ने हुन्छ । सांसद पद गुमाएपछि सरकारमा रहन उनीहरूलाई पनि गैरसांसदकै सहारा लिनुपर्ने हुन्छ ।

कानुनका ज्ञाताहरुकाअनुसार पार्टी बदर भएपछि त्यसका नामबाट भएका काम पनि वैध हुन सक्दैन । उपनिर्वाचनमा भाग लिएको पार्टी नै वैध नभएपछि त्यसका नामबाट निर्वाचित जनप्रतिनिधि वैध हुने कुरै नआउने उनीहरुको धारणा छ ।

**वामदेव पनि असुरक्षित**

सर्वोच्चले एमाले र नेकपा माओवादी केन्द्र ब्यूँताइदिएपछि नेकपा उपाध्यक्ष वामदेव गौतम कता जालान्? अड्कलबाजी तीव्र भएको छ ।

प्रधानमन्त्री केपी शर्मा ओलीले संसद विघटन गरेपछि दुई चिरामा विभक्त सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) सर्वोच्चको फैसलासँगै नेकपा एमाले र नेकपा माओवादी केन्द्रमै फर्किएको छ ।

नेकपा विभाजन रोक्ने भन्दै तठस्थ बसेर एकता अभियान घोषणा गरेका गौतमको पृष्ठभूमि एमाले भएकाले उनी एमालेमै फर्कने अड्कलबाजी स्वाभाविक भएको नेताहरु बताउँछन् । सर्वोच्चको उक्त फैसलापछि गौतमले कुनै टिप्पणी गरेका छैनन् ।

गौतमलाई एमाले छोड्न सजिलो छैन भने माओवादीतिर जाने सम्भावना पनि निकै कम छ । गौतमले पछिल्लो पटक ओलीले संसद विघटन गरेपछि उनको विरोध गरेका थिए ।

तर पार्टी एकताका लागि भन्दै उनले प्रधानमन्त्री ओली प्रचण्डसँग छलफल पनि गरेका थिए । नेकपा एकीकरणमा गौतमले महत्वपूर्ण भूमिका निर्वाह गरेका थिए । तर गठनबन्धन बनाएर चुनावमा होमिदा पनि गौतम हारेका थिए ।

उनले पूर्वएमालेकै नेताहरुको षड्यन्त्रका कारण आफूले चुनाव हारेको दाबी गर्दै आएका थिए । चुनावमा हारे पनि उनलाई नेकपा सचिवालयले राष्ट्रियसभा सदस्यमा मनोनयनका लागि राष्ट्रपतिसमक्ष सिफारिस गरेको थियो । राष्ट्रपति विद्यादेवी भण्डारीले तत्कालै गौतमलाई राष्ट्रियसभा सदस्यमा मनोनित गरेकी थिइन् । अब नेकपाबाट सिफारिस भएको गौतमको राष्ट्रियसभा सदस्य पद के हुन्छ? यो पनि अनुत्तरित छ ।

# गौर हत्याकाण्डका दोषीलाई कारबाहीको माग

काठमाडौं । १४ वर्ष अघि रौतहटको गौरमा भएको हत्याकाण्डघटनाको पीडित परिवारले दोषीलाई कारबाहीको माग गरेका छन् । गौर हत्याकाण्ड संघर्ष समितिले काठमाडौंमा पत्रकार सम्मलेन गरेर दोषीहरुलाई कारबाहीको माग गरेका हुन् । दोषीहरुलाई कारबाही नगरे भद्रकालीमा अनशन बस्नेसमेत उनीहरुले चेतावनी दिएका छन् ।

पत्रकार सम्मेलनमा बोल्दै गौर हत्याकाण्ड सँघर्ष समितिका संयोजक रुपसागर उपाध्यायले दोषीलाई कारबाहीको माग गरे । उनले भने,'घटना भएको १४ वर्ष बितिसक्दा पनि आजसम्म दोषीहरुमाथि कारबाही हुन सकेको छैन ।' उनले सरकारले घट्नामा शहिद भएकालाई शहिद घोषणा गर्न र घाइते भएकाहरुको उचित उपचार गर्न सरकारसँग माग गरे । गौर घटनामा शहिद भएका साथीहरुलाई सरकारको तर्फबाट शहिद घोषणा गर्न समेत उनले आग्रह गरे ।

कार्यक्रममा शहिद प्रमोद यादवका बुवा, शहिद प्रतिमा खातुनको आमाले बोलेका थिए । घट्नाका घाइते तथा पीडित मनोजकुमार यादव राजनले घाइतेहरुको उपचार राज्यबाट हुनुपर्ने बताए । उनले शहिद परिवारको बालबच्चाको पालनपोशण र घर निर्माण गरिदिन सरकारसँग आग्रह गरे ।

समितिले जारी गरेको विज्ञप्तीमा भनिएको छ,'२०६३ साल चैत्र ७ गते रौतटहटको गौरस्थित् राईस मिल चौरमा दिउँसो १:४५ बजे उपेन्द्र यादवको नेतृत्वमा रहेको तत्कालिन मधेशी जनअधिकार फोरमले पेशेवर अपराधिक समूहको जत्थाको उपयोग गर्दै सुनियोजित रुपमा भिषण एवम् अमानवीय, अमानुषिक एवं नरसंहारकारी, आक्रमणबाट २७ जना सर्वसाधारणको मृत्यु र सयौंको संख्यामा निर्दोष नागरिकहरु घाईते भएका थिए । स्वचालित बन्दुक, धारिलो हतियार लगायत ढुंगा ईट्टाको प्रयोग गरि अझ महिलाहरुलाइ बाँसको भाटाले संवेदनशील अंगहरुमा घोचेर, बलात्कार गरी स्तन काटेर छट्पटिरहेको अवस्थामा जिउँदै आगो लगाएर हत्या गरिएको थियो ।'

विज्ञप्तीमा थप भनिएको छ,'अमानवीय र विभत्स हत्या गर्ने गौर हत्याकाण्डका हत्यारा अपराधीहरुलाई वर्षौं वर्षसम्म पनि अनुसन्धानको दायरामा ल्याई कारबाही नगरेको कारणले पीडितहरुको आँखा अगाडि नै अपराधीहरु खुलेआम घुमि रहेको देख्नु पर्दा हामीलाई अझ बढि पीडाबोध हुन गएकाले दोषीलाई कानून बमोजिम अविलम्ब कारबाही गर्नुपर्ने अन्यथा यस घट्नालाई अन्तर्राष्ट्रिय न्यायाल वा निकायमा प्रस्तुत गरी अन्तर्राष्ट्रियकरण लगायत राष्ट्रियस्तर समेतमा विविध प्रकारका संघर्षका कार्यक्रमहरु सञ्चालन गर्न बाध्य हुने भनि सम्माननीय प्रधानमन्त्रीज्यूसमक्ष ज्ञापनपत्र र राष्ट्रिय आयोगलाई ध्यानाकार्षण गराइएकोले यो प्रेस विज्ञप्ती जारी गरिएको छ ।'


# विषादीको सुरक्षित प्रयोग गरौं र स्वस्थ रहौं

- जीवनाशक विषादीहरू निःसन्देह जीवघाती हुन् । होसियारीसँग प्रयोग नगरिएमा मृत्युसम्म हुन सक्छ ।
- रासाययिक विषादी अन्तिम विकल्पको रूपमा लिनुपर्छ ।
- विषादी प्रयोग गर्ने सम्पूर्ण व्यक्तिलाई विषादीबारे विस्तृत जानकारी हुनुपर्छ ।
- व्यक्तिगत सुरक्षाका लागि आवश्यक पोसाक लगाएर मात्र विषादी छर्नुपर्छ ।
- लेवलमा भएका जानकारीहरू तथा निर्देशनहरूअनुसार कार्य गर्दा विषादीबाट हुने असरबाट बच्न सकिन्छ ।
- विषादी छर्ने औजार चुहिने हुनुहुँदैन ।
- विषादी मिसाउँदा वा छर्दा सकभर छालामा सम्पर्क हुन नदिन वा श्वास प्रक्रियाबाट शरीरभित्र जान नदिन प्रयोग गर्नुपर्छ ।
- विषादी मिसाउँदा वा छर्ने बेलामा खान, पिउन वा धुम्रपान गर्न निषेध गर्नुपर्छ ।
- छिमेकीलाई विषादी छरेको जानकारी दिनुपर्छ ।
- केटाकेटीहरूलाई विषादी चलाउन राखेको समयमा नजिक आउन दिनुहुँदैन ।
- विषादी अन्तिम प्रयोग र वाली भित्र्याउने समयावधि जानकारी राख्नुपर्छ ।
- लक्षित गरेका किराहरू तथा प्रयोग हुने बालीहरूबारे जानकारी राख्नुपर्छ ।
- विषादीको म्याद सकिने मिति तथा प्रयोग गर्ने मात्रासम्बन्धी जानकारी हुनुपर्छ ।
- धेरै हावा चलेको वा हुरी लागेको बेलामा विषादी छर्नुहुँदैन ।
- विषादी छरिसकेपछि बाँकी भएको विषादी भण्डारणमा वा सुरक्षित ठाउँमा पुऱ्याउनुपर्छ ।
- खाली विषादीको भाँडा ठीक ठाउँमा नष्ट गर्नुपर्छ ।
- विषादी छरिएको 'रेकर्ड' राख्नुपर्छ । जस्तै विषादीको नाम, मात्रा, छरेको मिति, बालीको अवस्था, छरेको बेलामा मौसम र अन्य विस्तृत जानकारी राख्नुपर्छ ।

प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

प्रदेश नं. २, धनुषा, नेपाल

सम्पर्क नं. : ०१५२२३५०

इमेल : malcprovince2@gmail.com


## चालकलाई प्रदेश २ प्रमुखले अस्पताल पुऱ्याए

काठमाडौं । कर्णाली प्रदेशको सुर्खेत जिल्लाअन्तर्गत छिन्चु भन्ने ठाउँमा सवारी दुर्घटनामा परी घाइते भएका मिनिट्रकका चालकलाई प्रदेश नं. २ का प्रदेश प्रमुख डा.राजेश अहिराजले अस्पताल पुऱ्याएका छन् । छिन्चु सडकखण्डमा शनिबार अपरान्ह मिनिट्रक र बा ५ ख ४२०४ नम्बरको सवारीसाधन एकआपसमा ठोक्किँदा मिनिट्रक पल्टिएको थियो । मिनिट्रकका चालक शेरबहादुर सिंह घाइते भएको प्रहरी जवान सुरेन्द्र रेग्मीले जानकारी दिएका छन् । कर्णाली प्रदेश भ्रमणको क्रममा रहेका प्रदेश २ का प्रमुख डा.अहिराजले दुर्घटनामा घाइते भएको देखेर सिंहलाई आफ्नै गाडीमा राखेर बाँके जिल्लाको कोहलपुर मेडिक कलेज दशबिघामा भर्ना गराएका छन् । प्रदेश प्रमुख डा.अहिराजले आफ्नै गाडीमा राखेर आफूले नै अस्पताल पुऱ्याएको प्रहरी जवान रेग्मीले बताए । उनका अनुसार घाइते सिंहको टाउको, दाहिने पाखुरा र शरीरको अन्य भागमासमेत चोटपटक लागेको छ । प्रदेश प्रमुख डा.अहिराजले सबै प्रदेशका प्रमुखहरुसँग भेटघाट र अनुभव आदानप्रदान कार्यक्रम सुरु गरेका छन् । सोहीअन्तर्गत कलर्णाली प्रदेशका प्रमुख गोविन्द प्रसाद कनौलीसँग भेटघाट तथा अनुभव आदानप्रदान पश्चात् फर्किँदै थिए ।

## संक्षिप्त समाचार

### माओवादीका पाँच प्रदेश सांसद एमालेमा

जनकपुरधाम । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का पाँच जना प्रदेश सांसद नेकपा एमालेमा जाने तयारी गरेका छन् । प्रदेश २ मा नेकपा माओवादी केन्द्रका ११ जना सांसद रहेकोमा पाँच जना एमालेमा जाने तयारीमा रहेको बताइएको छ । प्रदेशसभा सदस्यहरु रामचन्द्र मण्डल, ज्वालाकुमारी साह, कुन्दन कुशवाह, दिलिप साह र मोहम्मद समिर माओवादी केन्द्र परित्याग गर्दै नेकपा एमालेमा प्रवेश गर्ने तयारीमा लागेका हुन । नेकपा माओवादी केन्द्रका प्रदेश सांसद रामचन्द्र मण्डलले यो छलफलको विषय रहेकोले यसमा अहिले केही नबोल्ने बताए । राजनीति एकल विचारबाट नचल्ने भएकोले पहिला पनि सबैजना मिलेर सामूहिक निर्णय गरेको र अब पार्टीभित्र बस्ने अथवा छोड्ने एकजुट भएर छलफल गरेपछि मात्र निष्कर्ष निकाल्ने उनले बताए ।

### सरकारमा जान कांग्रेस हतार गर्नु हुँदैन

कलैया । नेपाली काँग्रेसका नेता प्रकाशमान सिंहले अहिले पार्टीले सरकारमा जानुभन्दा प्रतिपक्षको भूमिकामा रही देशलाई सही दिशामा ल्याउन भूमिका खेल्नुपर्ने कुरामा जोड दिएका छन् । स्व रामनारयण यादवको श्राद्धञ्जलि सभामा सिमरा विमानस्थल पुगेका नेता सिंह काँग्रेसलाई सरकारमा जान हतार नगरी विद्यमान सङ्कटलाई निकास दिनतिर भूमिका खेल्नुपर्ने धारणा व्यक्त गरे । नेता सिंहले विधिको शासन कायम गर्न र प्रेस स्वतन्त्रतालाई मजबुत गर्नका लागि पनि काँग्रेसले प्रतिपक्षको भूमिका दरिलो रूपमा प्रस्तुत गर्नुपर्ने सुझाव व्यक्त गरे । उनले पार्टीमा देखिएको गुट उपगुटलाई चिरी एकता निर्माण गर्नका लागि सबैको पहल हुनुपर्नेमा जोड दिए ।

### एसिड पीडित आरतीलाई सम्मान

जनकपुरधाम । प्रदेश २ सरकारले एसिड पीडित आरती साहलाई सम्मान गरेको छ ।१११ औं अन्तर्राष्ट्रिय नारी दिवसको अवसरमा आयोजित कार्यक्रममा साहलाई प्रदेश २ का मुख्यमन्त्री लालबाबु राउतले दोसल्ला ओढाएर सम्मान गरे । आरती साहामाथि उनकै श्रीमानले लक्ष्मी पूजाको दिन माइतीमै गएर एसिड प्रहार गरेका थिए । जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर ७ स्थित ससुरालीमा गएर श्रीमानले एसिड प्रहार गरेका थिए । प्रहरीले एसिड प्रहार गर्ने आरतीकी श्रीमान् र एसिड व्यापारीलाई पक्राउ गरेका गरिसकेका छन् । हाल सो मुद्दा जिल्ला अदालत धनुषामा चलिरहेको छ ।

### प्लाइ उद्योगमा आगलागीबाट ८ करोडको क्षति

रूपन्देही । शुद्धोधन गाउँपालिका-३ बेताहीस्थित राम प्रसाद खनालको एभरेष्ट प्लाई उद्योगमा आगलागी हुँदा ८ करोड रुपैयाँभन्दा बढीको क्षति भएको छ । बिद्युत सर्ट भई शुक्रबार बिहान आगालागी हुँदा करिब ८ करोड रूपैयाँ बराबरको धनमाल जलेर नष्ट भएको प्रहरीले जनाएको छ । स्थानीयबासी र दमकलको सहयोगमा आगो नियन्त्रणमा लिनुका साथै यस सम्बन्धमा स्थानीय प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### कटुवा पेस्तोलसहित दुई जना पक्राउ

बाँके । नेपालगंज उपमहानगरपालिका-१ बिशालनगर चोक नजिकबाट एकनाले कटुवा पेस्तोल सहित २ जनालाई बुधबार बिहान प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरुमा सोही उपमहानगरपालिका-१ पिपल चौतारा बस्ने २७ वर्षीय प्रेम कुमार बहिलिया र बर्दिया राजापुर नगरपालिका-१० बस्ने २४ वर्षीय कृष्णा चौधरी रहेका छन् । जिल्ला प्रहरी कार्यालय बाँकेबाट खटिएको प्रहरीले शंका लागि जाँच गर्दा उक्त पेस्तोल सहित फेला पारी उनीहरुलाई पक्राउ गरेको हो ।

### ल्यापटप चोरी गर्ने पक्राउ

मोरङ । ल्यापटप चोरी गरेको अभियोगमा विराटनगर महानगरपालिका-४ खार्जी बस्ने २३ वर्षीय अमिस जंग बस्नेतलाई प्रहरीले पक्राउ गरेको छ । मंगलबार दिउँसो विराटनगर महानगरपालिका-४ ढाट डेरा गरी बस्ने धनुषा वालुवाटोल नगरपालिका-८ वाल्मिकी चोक घर भएका २२ वर्षीय रमेश कुमार यादवको ल्यापटप चोरी भएको घटनाको अनुसन्धान गर्ने क्रममा जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरीले चोरीमा संलग्न बस्नेतलाई विराटनगर महानगरपालिका-९ ट्राफिक चोक नजिकबाट चोरी गरेको ल्यापटप सहित पक्राउ गरेको हो । उनी उपर चोरी कसूरमा थप अनुसन्धान कार्य भइरहेको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।

### लागूऔषधसहित दुई जना पक्राउ

रौतहट । चन्द्रपुर नगरपालिका-४ बाट नियन्त्रित लागूऔषध नाइट्राजेपाम ९ सय ट्याव्लेट सहित सोही नगरपालिका-३ बस्ने ३० वर्षीय राजु कुमर समेत २ जनालाई बुधबार साँझ प्रहरीले पक्राउ गरेको छ । ईलाका प्रहरी कार्यालय चन्द्रपुर र लागूऔषध नियन्त्रण व्यूरो शाखा कार्यालय वीरगंजबाट खटिएको प्रहरीले ना.५८ प ९५४८ नम्बरको मोटरसाइकललाई जाँच गर्ने क्रममा मोटरसाइकलमा सवार उनीहरुलाई उक्त परिमाणको लागूऔषध सहित फेला पारी पक्राउ गरेको हो ।

### गाडीको ठक्करबाट पैदलयात्रीको मृत्यु

बाँके । कोहलपुर नगरपालिका-११ बिद्युत चोकमा भे.१ क ११०० नम्बरको गाडीको ठक्करबाट पैदलयात्री सोही ठाउँ बस्ने ३८ वर्षीय जयकण मल्लको बुधबार राति मृत्यु भएको छ । ठक्करबाट गम्भीर घाइते भएका मल्लको मेडिकल कलेज कोहलपुरमा उपचारको क्रममा मृत्यु भएको हो । ट्रक र चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

### फुडल्याण्डमा आगलागी

रुपन्देही । बुटवल उपमहानगरपालिका-८ स्थित दियालो फुडल्याण्डमा बुधबार राति आगलागी भएको छ । आगलागीबाट भएको क्षतिको विवरण हाल खुलेको छैन ।

### मानव वेचविखनमा संलग्न दुई जना पक्राउ

मोरङ । मानव वेचविखनमा संलग्न रहेको अभियोगमा २ जनालाई शुक्रबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरुमा बिराटनगर महानगरपालिका-१६ दक्षिण बस्ने प्रेम बहादुर मगर र सोही महानगरपालिका-१५ पशुपति टोल बस्ने ३४ वर्षीय काजी तामाङ रहेका छन् । होटलमा काममा लगाई दिन्छु भनि ललाई फकाई प्रलोभनमा पारी सिन्धुपाल्चोकबाट काठमाडौं हुँदै २ जना महिलालाई बिराटनगरमा बोलाई रोजगारी दिलाई दिने बाहनामा भारतमा लगि वेचबिखन गर्ने उदेश्यले बिराटनगर महानगरपालिका-१६ दक्षिण गेटमा ल्याएको भन्ने जाहेरीको आधारमा ईलाका प्रहरी कार्यालय रानीबाट खटिएको प्रहरीले उक्त कार्यमा संलग्न उनीहरुलाई पक्राउ गरेको हो ।

### गाँजासहित एक जना पक्राउ

कपिलवस्तु । बाणगंगा नगरपालिका-८ बोडगाउँबाट करिब १ किलो ५ सय ग्राम अवैध लागूऔषध गाँजा सहित सोही नगरपालिका-९ भलवाड बस्ने केशव पाण्डेलाई मंगलबार बिहान प्रहरीले पक्राउ गरेको छ । ईलाका प्रहरी कार्यालय पिपराबाट खटिएको प्रहरीले केशवको रेष्टुरेन्टमा जाँच गर्ने क्रममा रेष्टुरेन्टको सोकेशमा लुकाई राखेको उक्त लागूऔषध सहित फेला पारी पक्राउ गरेको हो ।

### आगलागीबाट एक करोडको क्षति

कैलाली । गोदावरी नगरपालिका-५ गेटास्थित धनगढी उपमहानगरपलिका-२ बैँयाबेहडी बस्ने ६५ वर्षीय खडकसिंह पालले संचालन गरेको के.एस. कन्स्ट्रक्सनको गोदामको ५ वटा सटरमा विद्युत सर्ट भई मंगलबार बिहान आगलागी हुँदा टायर, ट्युव, मोबिल, मोटर पार्टस लगायत अन्य सरसामानहरु गरी करिब १ करोड रुपैयाँ बराबरको धनमाल जलेर नष्ट भएको छ ।

### अवैध लागूऔषधसहित पक्राउ

कैलाली । जोशीपुर गाउँपालिका-३ लक्कड बजारबाट करिब ९ ग्राम ९ सय मिलिग्राम अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ सहित सोही ठाउँ बस्ने ४० बर्षीय सनिच राम डगौरालाई शुक्रबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । ईलाका प्रहरी कार्यालय जोशीपुरबाट खटिएको प्रहरीले उनलाई उक्त पदार्थ सहित फेला पारी पक्राउ गरेको हो ।

# नेपालगन्जमा अत्याधुनिक पेट्रोल पम्प

नेपालगञ्ज। नेपाल आयल निगमले बाँकेको नेपालगन्जस्थित रत्न राजमार्गमा 'अटोमेसन'सहितको अत्याधुनिक पेट्रोल पम्प निर्माण गर्न लागेको छ। नेपालगन्ज उपमहानगरपालिका आदर्श नगरस्थित निगमको ११ कठ्ठा जग्गामा अत्याधुनिक प्रविधिसहित नयाँ पम्प निर्माण गर्न लागिएको हो। पम्पको निर्माण भइरहेको निगमको नेपालगन्ज कार्यलयले जनाएको छ।

कार्यालयका प्रमुख कमला न्यौपानेले अत्याधुनिक प्रविधिसहितको नयाँ पम्प निर्माण कार्य भइरहेको जानकारी दिए। करिब साढे तीन करोड लागतमा निर्माण हुन लागेको पम्प नेपालकै नमूना पम्पका रुपमा रहेको छ। निगमले आफ्नै स्वामित्वको जग्गामा पहिलो पटक अटोमेशनसहित अत्याधुनिक पम्म निर्माण गर्न लागेको हो। पम्पमा दुई वटा डिजेल र ३ वटा पेट्रोलका 'डिस्पेन्सिङ' मेसिन राखिने छ। पम्पमा ओपनिङ स्कट, क्लोजिङ स्टक, बिक्री रेकर्ड, गुणस्तरको रेकर्ड कम्प्युटरबाटै हेर्न सकिने छ।

पम्प सौर्य ऊर्जाबाट समेत सञ्चालन हुने निगमले जनाएको छ। पम्पभित्र एटिएम कार्डबाट भुक्तानी गर्न सकिने, अग्नि प्रतिरोधात्मक एलमिनियम कम्पोजिट मेटेरियलबाट दुई वटा छानो निर्माण गरिने छ। सुरक्षाको लागि अग्नि नियन्त्रणको लागि चार वटा ७० केजी र १० वटा १० केजी क्षमताको ड्राई केमिकल पाउडरसहितको अग्नि नियन्त्रण यन्त्र राखिने छ। पम्पमा अपाङ्गमैत्री शौचालय निर्माण गरिने छ। 'केमिकल फोम' सहितको अत्याधुनिक पेट्रोल पम्प निर्माणको काम आगामी जेठ अन्तिमभित्र सम्पन्न हुनेछ। पेट्रोल पम्पको हाताभित्रै सवारी साधन मर्मतका लागि वर्कशप, कफीसप र अत्याधुनिक शौचालयसमेत निर्माण गरिने डिपोले जनाएको छ। पम्प सञ्चालन व्यवस्थापन निगमका आफ्नै कर्मचारीसमेत संलग्न हुने छन्। नेपालगन्ज डिपोमा ३२ लाख लिटर पेट्रोल र ७५ लाख लिटर डिजेलको भण्डारण क्षमता छ। निगमले रुपन्देहीको भैरहवामा अत्याधुनिक प्रविधिसहितको नयाँ पम्प निर्माण गरी गत वर्षदेखि नै सञ्चालनमा आएको छ।

योसँगै निगमको आफ्नै लगानीमा दुई वटा पम्प हुनेछ। निगमले अन्य ठाउँमा समेत आफ्नै पम्प सञ्चालन गर्ने तयारी गरेको छ। निगम आफैँले पम्प सञ्चालन गर्दा जुनसुकै बेला पनि इन्धनको वितरणमा हुने हुँदा उपभोक्तालाई सहज हुन्छ। हाल निजीस्तरबाट मुलुकभर एक हजार ५०० सङ्ख्यामा पेट्रोल पम्प सञ्चालनमा छन्।

# वंशजको नागरिकता माग गर्दै मधेश बन्दको आह्वान

जनकपुरधाम। पिछडा वर्ग ओबीसी महासभाले वैशाख ११ गते मधेश बन्दको आव्हान गरेको छ। ओबीसी महासभाले उठाएका जायज मागहरूलाई बेवास्ता नगरिएको भन्दै वैशाख १० गते मधेशका सबै जिल्लामा मसाल जुलुस र वैशाख ११ गते मधेश बन्दको आह्वान गरेको हो।

संविधानको भाग-२ को धारा-११ को दफा-३ बमोजिम जन्मसिद्ध नागरिकता प्राप्त गरेका सन्तानलाई वंशजको नागरिकता यथासिग्र प्रदान गर्नको साथै नागरिकता समस्या समाधान गर्नु पर्ने माग छ। संविधान २०७२ को भाग-३ को धारा-४२ को उपधारा-१ अनुसार राज्यको सबै निकायमा पिछडा वर्ग समुदायको जनसङ्ख्याको आधारमा प्रतिनिधित्व हुनु पर्ने छ।

महासभाका राष्ट्रिय अध्यक्ष रामकुमार महतोले फाल्गुन २३ गतेदेखि चैत्र १४ गतेसम्म मधेशका जिल्लाहरूमा विभिन्न सङ्घ संस्था राजनीतिक दल बुद्धिजीवी समाजसेवी लगायतका सरोकारवालासङ अन्तरक्रिया गोष्ठी गर्ने निर्णय गरेको जानकारी गराए।

जनकपुरधाममा फागुन २१ र २२ गते ओबीसी केन्द्रीय कार्यसमितिको बैठकले निर्णय गर्दै सङ्घीय, प्रदेश र स्थानीय सरकाले ओबीसीले उठाएका जायज मागहरूलाई समयमै सम्बोधन नगरे चेतावनीसँगै चरणबद्ध आन्दोलनको मिति तय गरेको हो।

ओबीसीका केन्द्रीय अध्यक्ष रामकुमार महतोले जनकपुरधाममा पत्रकार सम्मेलन गरी नागरिकता प्राप्त गरेका सन्तानलाई वंशज नागरिकता दिनुपर्ने, पिछडा वर्ग ओबीसी आयोग गठन गर्नुपर्ने सहितका पाँच सूत्रीय माग रहेको बताए। प्रदेश २ सरकारको सामाजिक विकास मन्त्रालय स्वीकृत गरिएको पिछडा वर्ग समुदाय उत्थान विकास समिति गठन तथा कार्यसंचालन कार्यविधि २०७७ मन्त्रीपरिषद्को बैठकबाट पारित गर्न जोरदार माग गरेका छन्।

पिछडा वर्ग समुदायको बसोबास रहेको र पिछडा वर्ग समुदाय उत्थान विकास समिति गठन नभएका सबै पालिकाहरूमा पिछडा वर्ग समुदाय उत्थान विकास समिति गठन तथा कार्यसंचालन कार्यविधि २०७७ अनुसार उक्त समिति गठन गर्न नेपाल सरकारको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (सामाजिक समावेशीकरण तथा सामाजिक सुरक्षा शाखा) सिंहदरबारको आदेश बमोजिम सबै स्थानीय तहहरू आवश्यक व्यवस्था गरिदिन समेत जोरदार माग गरे।

नागरिकता समस्या समाधान गर्न तथा पिछडा वर्ग समुदायले उठाउँदै आएको माग सम्बोधन गर्न नेपाल सरकार, प्रदेश सरकार लगायतका निकायलाई पटक-पटक ज्ञापन-पत्र, ध्यानाकर्षण-पत्र, स्मरण-पत्र बुझाउनका साथै कयौँ पटक नेपाल सरकार सँग सम्झौता भए पनि सम्बन्धित निकायले उठाउँदै आएको मागलाई बेबस्ता नगरिएकोले राष्ट्रिय कार्यसमितिलाई गम्भीर ध्यानाकर्षण भएको बताए।

समुदायले उठाउँदै आएको जायज माग सम्बन्धित निकायले संशोधन नगरिएकोमा खेद प्रकट गर्दै मागहरु राखी पुनः आन्दोलन गर्न बाध्य भई शान्तिपूर्ण आन्दोलनका कार्यक्रमहरू गर्ने बताए।

ओबीसी महासभाको आन्दोलनका कार्यक्रमहरू चैत्र १९ गते सिराहा, २० गते महोत्तरी, २१ गते सर्लाही, २२ गते रौतहट, २३ गते बारा, २४ गते पर्सा र २७ गते धनुषामा गरिने उनले बताए। चैत्र २९ गते विरोध सभा जनकपुरमा र वैशाख ७ गते विरोध सभा काठमाडौंको माइती मण्डला गरिनेछ। यस्तै वैशाख १० गते मधेशका सबै जिल्लामा मसाल जुलुस र वैशाख ११ गते मधेश बन्दको आह्वान गरिएको महतोले बताए।

## सिसिटिभी क्यामरा जडान

पर्सा। सशस्त्र प्रहरी बल नेपाल छिन्नमस्ता बाहिनी मुख्यालय प्रदेश नम्बर २ महोत्तरीले सीमा क्षेत्रमा हुने आपराधिक गतिविधि तथा चोरी तस्करी नियन्त्रण गर्न प्रदेश २ को आठवटै जिल्लामा सिसिटिभी क्यामरा जडान गर्न थालेको छ। भारतीय सीमासँग जोडिएको प्रदेश २ को सप्तरीदेखि पर्सासम्म ४६४ किलोमिटर जोडिएको सीमामा हुने आपराधिक गतिविधि तथा चोरी तस्करीलाई नियन्त्रण गर्न सीमा क्षेत्र तथा पूर्व-पश्चिम राजमार्गको मुख्य ठाउँमा करिब २०० जति सिसिटिभी क्यामरा जडान गर्न लागिएको प्रदेश २ का सशस्त्र प्रहरी नायब महानिरीक्षक चन्द्रप्रकाश गौतमले बताए। बाराको सिम्रौनगढ नगरपालिका-९ बाँसबारीमा जडान गरिएको तीन वटा सिसिटिभी क्यामरा सञ्चालनमा रहेको छ भने सोही नगरपालिका-१ मा तीन, बेल्दारीमा दुई, कलैया उपमहानगरपालिका-१० मटिअर्वामा तीन, महागढीमाई नगरपालिका-७ बेनौलीमा तीन वटा क्यामरा सञ्चालन रहेको भने बरैनियामा तीन र कवहीगोठ-२ मा क्यामराको सामान उपलब्ध गराएको छ। यसैगरी पर्साको वीरगञ्ज महानगरपालिका-१६ को भन्सार मूलद्वारमा चार, वीरगञ्ज महानगरपालिका-१ प्रगति नगरमा तीन, आदर्शनगरमा तीन, अलौमा चार, अमरपटिमा तीन, छिपहरमाई गाउँपालिका-५ भिस्वा सीमा क्षेत्रमा तीन, ठोरी गाउँपालिका-५ सुर्वणपुर बाघमोर्चामा तीन, सोही गाउँपालिका-२ ठुटे खोला र बजारमा दुई वटा क्यामरा जडान गरिने लक्ष्य रहेको बताइएको छ। ती जडान भएका सिसिटिभी क्यामराको सशस्त्र प्रहरीको जिल्ला कार्यालय तथा प्रदेश २ को मुख्यालयबाट सीमा क्षेत्रको गतिविधि हेर्न सकिने व्यवस्था गरिएको छ। यसैगरी सीमा क्षेत्रमा रहेका सशस्त्र प्रहरीले आचरणविपरीत काम गरेको भन्दै प्रदेश २ भरि आठ सशस्त्र अधिकृतसहित ६० भन्दा बढीलाई कारवाही गरेको सो कार्यालयले जनाएको छ। सीमा क्षेत्रमा बढ्दै गएको आपराधिक गतिविधि तथा चोरी तस्करीलाई नियन्त्रण गर्न केन्द्रको निर्देशनअनुसार प्रदेशभरी सिसिटिभी क्यामरा जडान गर्न लागिएको हो। कतिपय ठाउँमा सिसिटिभी क्यामरा जडान भइसकेको छ भने अन्य ठाउँमा जडान हुन् बाँकी रहेको छ।

## बेपत्ता दम्पती अझै भेटिएनन्

जलेश्वर। सुतिरहेको अवस्थामा अज्ञात समूहद्वारा १५ दिन पहिले बेपत्ता पारिएका पिपरा गाउँपालिका- ५ सहोडवाका वृद्ध दम्पती अझै फेला परेका छैनन्। जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रहरी नायब उपरीक्षक प्रकाश विष्टका अनुसार स्थानीय ६५ वर्षीय मोसाफिर झा र उनकी पत्नी ६० वर्षीया गीतादेवी झालाई सुतिरहेकै अवस्थामा यही फागुन १० गते राति घरैबाट अज्ञात समूहले बेपत्ता पारेकामा अहिलेसम्म उनीहरुको कुनै अत्तोपत्तो लागेको छैन। घरमा दुई बुढाबुढी मात्रै सुतिरहेको अवस्थामा बेपत्ता पारिएको हो भने उनीहरुको घरको ओछ्यान र चौकसमा रगतका छिटा देखिएकाले घटना रहस्यमय भएको भन्दै प्रहरीले यही फागुन ११ गते बिहानैदेखि वृद्ध दम्पतीको व्यापकरुपमा खोजतलास गरिरहेको छ। घटनाको १५ दिन भइसक्दा पनि वृद्ध दम्पती नभेटेपछि घटना झन्झन् जटिल बन्दै गइरहेको बताइएको छ। प्रहरीले गाउँको चारैतिरको वन चौर, झाडी, खोला नाला, पोखरी र छिमेकी गाउँ तथा जिल्लाका विभिन्न स्थानसहित छिमेकी जिल्ला धनुषाका समेत विभिन्न स्थानमा व्यापकरुपमा खोजतलास गरिसकेको तथा अहिलेसम्म कुनै सुराक फेला नपरेको जनाएको छ। वृद्ध दम्पती एउटा मोही जग्गासम्बन्धी मुद्दामा साक्षी गवाही रहेका कारण उनीहरुको हत्या गरी शव बेपत्ता पारिएको स्थानीय बासिन्दाले आँकलन गरिरहेका छन्। प्रहरीले उनीहरुको अवस्थाबारे अनुसन्धानका लागि अहिलेसम्म तीन दर्जन बढी व्यक्तिलाई ल्याइसकेको र आवश्यक सोधपुछ गरिसक्दा पनि वृद्ध दम्पतीका बारेमा कुनै पत्तो नलागेको प्रहरीको भनाइ छ।

## सांसद चौधरी 'सिएआइटी वुमन इन्टरप्रेनियरसिप अवार्ड' बाट सम्मानित



काठमाडौं। १११औं अन्तर्राष्ट्रिय महिला श्रमिक दिवसको अवसरमा कन्फडरेसन अफ अल इन्डिया ट्रेडर्सले प्रतिनिधिसभा सदस्य तथा नेपाल-भारत महिलामैत्री समाजकी अध्यक्ष चन्दा चौधरीलाई 'सिएआइटि वुमन इन्टरप्रेनियरसिप' अवार्डबाट सम्मान गरिएको छ।

भारतको नयाँदिल्लीस्थित होटल ले मेरिडियनको सभा हलमा आयोजित एक कार्यक्रमकाबीच सांसद चौधरीलाई उक्त अवार्डबाट सम्मानित गरिएको हो। सांसद चौधरीले विगत दुई दशकदेखि महिला सशक्तिकरण तथा महिला उद्यमशीलतामा विभिन्न तरिकाले काम गर्दै आएको हुनाले उनलाई उक्त अवार्डबाट सम्मान गरिएको आयोजक संस्थाले जनाएको छ।

उक्त अवार्ड कार्यक्रममा उपस्थित् हुन नसकेकी चौधरीले भर्चुअल माध्यमबाट अवार्ड ग्रहण गरेकी हुन्। अवार्ड ग्रहणसँगै सांसद चौधरीले आफूलाई उक्त सम्मान प्रदान गरेकोमा खुशी व्यक्त गरिन्। समारोहमा सांसद चौधरीले कन्फडरेसन अफ अल इन्डिया ट्रेडर्सले अब दक्षिण एसियाकै महिलाहरुलाई एकीकृत गरी समग्र भेग मै महिला उद्यमसिलतालाइ जोड दिनुपर्ने धारणा राखेकी छिन्।

## भारतीय संस्थाद्वारा डा. श्रेष्ठ सम्मानित

काठमाडौं। विश्वप्रसिद्ध मुटुरोग विशेषज्ञ प्राध्यापक डा. मलखलाल श्रेष्ठ 'अनरेरी ओभरसिज फेलोसिप'बाट सम्मानित भएका छन्। उनलाई इन्डियन एशोसिएसन अफ कार्डोभास्कुलर-थोरासिस सर्जन्सले सो सम्मान प्रदान गरेका हुन्। उक्त सम्मान प्रसिद्धि कमाएका विदेशी शल्यचिकित्सकहरुलाई मात्र प्रदान गर्ने गरिन्छ। सो सम्मान प्राप्त गर्ने श्रेष्ठ पहिलो नेपाली हुन्।

भारतको नयाँ दिल्लीस्थित एस्कोर्ट अस्पतालमा तथा चेन्नइमा आजभन्दा १२-१३ वर्षअघि पहिलो पटक एओर्टिक सर्जरी (मुटुको महाधमनीको शल्यक्रिया) शुरु गरिदिएको तथा तद्सम्बन्धी तालिम समेत प्रदान गरेको कदरस्वरुप उनलाई सो सम्मान प्रदान गरिएको हो। प्राडा श्रेष्ठ जर्मनीको हानोभर मेडिकल स्कुलमा कार्डियाक, थोरासिस, ट्रान्सप्लान्टेसन एण्ड भास्कुलर सर्जरी विभागका उपाध्यक्ष, प्राध्यापक तथा 'डाइरेक्टर अफ एओर्टिक सर्जरी'का रुपमा कार्यरत छन्।

## गलत औषधिका कारण माछा मरेको भन्दै क्षतिपूर्ति माग

काठमाडौं। एग्रोभेटले दिएको गलत औषधिका कारण पोखरीमा भएको लाखौँ मूल्यको माछा मरेको भन्दै माछापालक किसानले क्षतिपूर्ति माग गरेका छन्।

सिरहाको मिर्चैया नगरपालिका-५ थानाचौकस्थित स्वस्तिका इन्टरप्राइजेजले दिएको गलत औषधिका कारण सिरहाकै कल्याणपुर नगरपालिका-१ बनिनियाँमा रहेको पोखरीको माछा मरेको भन्दै माछापालक किसान अमरप्रसाद यादवले क्षतिपूर्तिका लागि प्रहरीमा उजुरी दिएका हुन्।

फिस चुना लिन गएकोमा इन्टरप्राइजेजका सञ्चालकले दिएको सीयु सल्फ (कपर सल्फेट) र एउटा अक्सिलाइट (अक्सिजन) नामक दुईवटा औषधि प्रयोग गरेपछि पोखरीका सम्पूर्ण माछा मरेको माछापालक किसान यादवले बताए।

इन्टरप्राइजेजका सञ्चालक जय साहले माछाको सबै समस्या सामाधान हुने भन्दै उक्त औषधि दिएको र त्यसको प्रयोग गरेको २४ घण्टा नबित्दै माछा धमाधम मरेको उनको भनाइ छ।

करिब दुई महिनाअघि मात्र यादवले उक्त पोखरी आठ लाख रुपैयाँमा तीन वर्षका लागि ठेक्का लिएका थिए। ठेक्का लिएलगत्तै हालेको विभिन्न प्रजातिका लाखौँ मूल्य बराबरका माछा सखाप भएको यादवले बताए। यता इन्टरप्राइजेजका सञ्चालक साहले आफ्नो औषधिले माछा नमरेको जिकिर गरेका छन्।


**नोवेल कोरोना भाइरस सामान्य रुघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो।**

**यसबाट बच्ने उपायहरु :**

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु।
- अनावश्यक रुपमा घरबाहिर र भीडभाडमा नजाने।
- खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने।
- कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने।
- जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने।
- सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने।
- ज्वरो, रुघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने।
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने।

**लालकिशोर साह**
**नगरप्रमुख**
**जनकपुरधाम उपमहानगरपालिका, धनुषा, प्रदेश २**



**नोवेल कोरोना भाइरस सामान्य रुघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो।**

**यसबाट बच्ने उपायहरु :**

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु।
- अनावश्यक रुपमा घरबाहिर र भीडभाडमा नजाने।
- खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने।
- कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने।
- जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने।
- सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने।
- ज्वरो, रुघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने।
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने।

**हरिप्रसाद मण्डल**
**नगरप्रमुख**
**मटिहानी नगरपालिका, महोत्तरी, प्रदेश २**

## विश्व परिवेश

# चीनमा कोरोनाका हजारौं डोज नक्कली खोप बरामद

काठमाडौं । चीन र दक्षिण अफ्रिकामा प्रहरीले कोभिड-१९ विरुद्धको हजारौँ डोज नक्कली खोप बरामद गरेको छ । त्यस क्रममा ८० जना पक्राउ परेका छन् ।
उनीहरुलाई एक उद्योगमा तीन हजार डोज नक्कली खोपसहित फेला पारिएको थियो । अफ्रिकामा तीन चिनियाँ र एकजना जामिबियनलाई एउटा वेयरहाउसबाट पक्राउ गरिएको हो । जहाँ दुई हजार चार सय नक्कली डोज भेटिएको थियो ।
इन्टरनेसनल क्रिमिनल पुलिस अर्गनाइजेसन (इन्टरपोल)मा यसबाहेक अन्य थुप्रै नक्कली खोपका नेटवर्कहरुबारे खबर प्राप्त भइरहेको रिपोर्ट गरिएको छ । कोभिड-१९ महामारीले विश्वव्यापी रूपमा २५ लाख मानिसको ज्यान लिइसकेको छ भने ११ करोडभन्दा धेरै संक्रमित भइसकेको जोन हप्किन्स विश्वविद्यालयको तथ्यांक छ । योसँगै कोभिडसम्बन्धी अपराधहरु पनि बढ्दो रूपमा फेला परिरहेकाले इन्टरपोलले सावधानीपूर्वक अनुसन्धान गरिरहेको छ ।
नक्कली खोपको नेटवर्क पत्ता लगाएको घोषणासँगै इन्टरपोलले हाल कुनै पनि स्वीकृत खोप अनलाइन खरिद गर्नका लागि उपलब्ध नभएको जनाएको छ ।
'कुनै पनि खोप यदि वेबसाइटहरुमा या डार्कवेबमा विज्ञापन गरिएको छ भने त्यो अवैध हुनेछ र परीक्षण नगरिएको खोप हुन सक्ने हुँदा खतरनाक हुनेछ,' इन्टरपोलले भनेको छ ।
महामारी अन्त्य गर्न खोपको भूमिका महत्वपूर्ण हुने भएकाले विश्वव्यापी रूपमा प्रतिस्पर्धा बढेको छ । विकसित खोपहरु स्वीकृत हुन हतारिरहेको अवस्था छ । यसले पनि अपराधीहरुलाई मौका दिइरहेको छ ।
चिनियाँ सुरक्षा मन्त्रालयका प्रवक्ताले खोपसम्बन्धी अपराधहरुलाई रोक्न अभियान सञ्चालन गरिने र इन्टरपोल तथा विभिन्न देशका प्रहरीहरुसँगको सहयोगमा कदम उठाउने बताएका छन् ।
गत महिना चीनले लाखौँ डलर बराबरको ठगीका एकजना नेतृत्वकर्ता पत्ता लगाएको थियो । जसले 'सलाइन सल्युसन' र पानी (मिनिरल वाटर) लाई मिसाएर कोभिड-१९ विरुद्धको नक्कली खोप बनाएका थिए । कङ थर भएका ती व्यक्तिले वास्तविक खोपको प्याकेजिङ पत्ता लगाएर ५८ हजारभन्दा धेरै नक्कली डोज निर्माण गरेका थिए । अदालतका अनुसार कङ र उनको टोलीले सलाइन र पानी मिसाइ बनाएको नक्कली सुईबाट २७ लाख डलरभन्दा धेरै नाफा कमायो । नक्कली खोपहरु विदेश निर्यात गरिएको पनि पाइएको थियो । तर, कता निर्यात गरियो भन्ने थाहा हुन सकेको थिएन । त्यस्तै, मेक्सिकोमा पनि गएको महिना प्रहरीले उत्तरतर्फको सिमानाबाट नक्कली कोभिड-१९ विरुद्धको खोप तस्कारी गर्दै गरेको अवस्थामा ६ जनालाई पक्राउ गरेको हो । प्रतिखोप दुई हजार डलरमा बिक्री गर्न लागिएको थियो ।

## चीनले उईघुर जातिमाथि नरसंहार गरिरहेको बेलायती प्रतिवेदन सार्वजनिक

काठमाडौं । बेलायतमा भर्खरै प्रकाशित औपचारिक कानुनी रायले चिनियाँ सरकारले मुस्लिम अल्पसंख्यक उईघुर जातिविरूद्ध नरसंहार गर्ने अपराध गरिरहेको अत्यन्त विश्वसनीय कानुनी प्रमाण भेट्टिएको जनाएको छ ।
कानुनी विकल्पसहित प्रकाशित कानुनी रायले मुस्लिम अल्पसंख्यक उईघुर जातिलाई नष्ट गर्ने अभिप्रायसहित चिनियाँ राज्य लागिरहेको प्रमाणहरु भेट्टिएको जनाएको छ ।
कानुनी निष्कर्षमा चिनियाँ सरकारले हिरासतमा लिने, श्रम शोषण गर्ने, बालबालिकालाई आमा बुबाबाट अलग्याउने, महिलाको प्रजनन क्षमता नष्ट गरिदिने, गर्भपतनसहित विभिन्न गैरमानवीय कार्यहरु गर्दै उनीहरुविरुद्ध लागिपरेको रिपोर्टमा उल्लेख गरिएको छ । चीनको सिन्जियाङ क्षेत्रमा मुस्लिम अल्पसंख्यक उईघुर जातिलाई विनास गर्न चीन सरकार प्रायोजित रुपमा बेलायतको एसेक्स कोर्ट चेम्बर्सका वरिष्ठ अधिवक्ताहरुले एक सय पृष्ठ लामो औपचारिक कानुनी रिपोर्टमा यस्तो तथ्य प्रकाशित गरेको बीबीसीले जनाएको छ ।
अन्तर्राष्ट्रिय कानुन अनुसार चिनियाँ सरकारको गतिविधि आम नरसंहार रहेको समेत रिपोर्टमा उल्लेख गरिएको छ। रिपोर्टमा चीन सरकारले उईघुरमाथि प्रायोजित नरसंहार मच्चाएको र यसमा राष्ट्रपति सी चिनफिङ नै जिमेवार रहेको रिपोर्टले आरोप लगाएको छ ।
पर्याप्त प्रमाणको अध्ययन र विश्लेषणको आधारमा उइघुरमाथिको दमनलाई अमानवीय नरसंहामरको संज्ञा दिइएको रिपोर्टमा उल्लेख गरिएको छ । बेलायती कानुनी विज्ञहरुको यो विश्लेणलाई अदालतकै मूल्यांकन समान बैद्यानिकता नभए पनि कानुनी कारबाहीका लागि आधार भने मान्न सकिने व्यबस्था छ ।

## इमरान सरकारविरूद्ध पाकिस्तानका विपक्षीहरू बृहत् आन्दोलनको तयारीमा

इस्लामवाद । पाकिस्तान सरकारको नेतृत्व गरिरहेका इमरान खानको राजीनामा माग गर्दै देशभर विरोध प्रदर्शनहरू भइरहेका छन् । यही अवस्थामा पाकिस्तान लोकतान्त्रिक आन्दोलन (पीडीएम) गठबन्धनले मार्च २६ मा बृहत् आन्दोलन गर्ने घोषणा गरेको छ ।
प्रधानमन्त्री इमरान खान नेतृत्वको सरकारविरुद्ध गरिने यो आन्दोलन गत वर्षदेखि सुरु भएका विभिन्न चरणका आन्दोलन र र्‍यालीहरूमध्येको एक महत्त्वपूर्ण अंशको रूपमा लिइएको छ । आगामी संसदीय निर्वाचनमा पनि प्रतिपक्षी दलहरू मिलेर उम्मेदवार चयन गर्ने पीडीएमका प्रमुख मौलाना फजलुर रहमानले बताएको पाकिस्तानी पत्रिका डनले जनाएको छ ।
त्यसैगरि विपक्षी दलहरू मिलेर प्रधानमन्त्री इमरान खानविरुद्ध अविश्वासको प्रस्ताव ल्याउने पनि पीडीएम प्रमुखलाई उद्धत गर्दै डनले उल्लेख गरेको छ ।
इमरान खानले महँगी वृद्धि, भ्रष्टाचार, दमन र शोषण र आपराधिक गतिविधिहरू बढेको र सरकारले नियन्त्रणका लागि पहल गर्न नसकेपछि विपक्षी दलहरूले काँधमा काँध मिलाएर सत्ता च्युत गर्ने चेतावनी दिएका छन् । यसअघि पीडीएमले प्रधानमन्त्री खानलाई जनवरी ३१ सम्म राजीनामा दिइसक्न चेतावनी दिएको थियो । तर, खानले राजीनामा नदिएपछि आन्दोलनलाई थप चर्काउने रणनीति पीडीएमले बनाएको हो ।
पाकिस्तानका एक भू-राजनीति विज्ञले पाकिस्तानको सेनाले धेरै हदसम्म सरकारलाई नियन्त्रणमा राखेको र चाँडै नै पीडीएमले देशको सैन्य प्रभावविरुद्ध कडा कदम चाल्न सक्ने बताएका छन्। विपक्षी गठबन्धन लगातार प्रधानमन्त्री इमरान खानले राजीनामा नदिए थप कडा रूपमा प्रस्तुत चेतावनी दिएका थिए ।

## जलवायु परिवर्तनको विरुद्धमा लड्न आह्वान

नयाँदिल्ली । भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले जलवायु परिवर्तनका विरुद्धमा लड्न सबैलाई आह्वान गरेका छन् । प्रधानमन्त्री मोदीले जलवायु परिवर्तनका विरुद्धमा लड्न नीतिगत व्यवस्था गरेर र मानवीय व्यवहार परिवर्तन गरेर लड्न सकिने बताए । 'सेरा सप्ताह २०२१' लाई प्रमुख वक्ताको रुपमा भिडियोमार्फत् सम्वोधन गर्दै उनले जलवायु परिवर्तनका विरुद्धमा लड्नु सबैको साझा दायित्व भएकोमा पनि जोड दिए । 'भारतले प्रकृतिक वायुको उत्पादन बढाउने र हानिकारक वायुको मात्रा घटाउने कार्य गरिरहेको छ', प्रधानमन्त्री मोदीले भने । अहिले ६ प्रतिशत रहेकोमा आगामी सन् २०३० सम्ममा १५ प्रतिशत पुर्‍याउने लक्ष्य लिइएको पनि उनले जानकारी दिए ।

# नाकामा चिनियाँ पक्षको अवरोध कायमै

काठमाडौं । चिनियाँ ल्होसारका कारण बन्द भएको नाका पुनः सञ्चालनमा आएसँगै दैनिकरूपमा उल्लेख्य मात्रामा आयात भएको छ । नाका पुनः सञ्चालनमा आएसँगै चीनसँगको व्यापारिक दुई नाकाबाट दैनिक सात कन्टेनर सामग्री आयात भएको सम्बन्धित भन्सार कार्यालयले जनाएका छन् ।
पछिल्लो समय सिन्धुपाल्चोकस्थित तातोपानी भन्सार र रसुवास्थित रसुवागढी भन्सारबाट निर्माणका सामग्रीदेखि तयारी पोशाक भित्रिने गरेका हुन् । कोरोना तथा चिनियाँ पक्षको अवरोधका कारण धेरै समय नाका बन्द भएका थिए ।
चिनियाँ ल्होसारका कारण बन्द भएको नाका पुनः सञ्चालनमा आएसँगै दैनिक सात कन्टेनर सामग्री आयात हुँदै आएको रसुवा भन्सार कार्यालयका प्रमुख रामप्रसाद रेग्मीले जानकारी दिए ।
उनले पछिल्लो समय रसुवागढी नाकाबाट उल्लेख्य मात्रामा जलविद्युतका लागि आवश्यक सामग्री आएको बताए । उनका अनुसार पछिल्ला केही दिनयता उल्लेख्यरूपमा आयात भए पनि साविकमा जस्तो सहजरूपमा आयात भएको छैन । नाकामा कार्यरत सबै कर्मचारीलाई कोरोनाविरुद्धको खोप लगाए पनि चिनियाँ पक्षको अवरोधका कारण आयातमा सहज नभएको उनी बताउँछन् ।
'हामीले नाकामा कार्यरत २०० भन्दा बढी कर्मचारीलाई गत महिना नै पहिलो चरणको कोरोनाविरुद्धको खोप लगाइसकेका छौँ । नाकामा कार्यरत श्रमिकलाई स्वास्थ्य सुरक्षा अपनाउँदै छुट्टै राखेका छौँ । कोरोनाविरुद्धको खोप लगाए पनि चिनियाँ पक्षको अवरोधका कारण आयातमा अझै समस्या हुने गरेको छ', उनले भने, 'रसुवा जिल्ला नै दुई महिनायता कोरोना सङ्क्रमणमुक्त हुँदासमेत चिनियाँ पक्षको अवरोध कम भएको छैन । जति प्रयास गरे पनि चिनियाँ पक्षको विश्वास जित्न नसक्दा आयातमा अवरोध हुने गरेको छ ।' कोरोनाका कारण लामो समयसम्म बन्द रहेको उक्त नाका गत कात्तिकबाट एकतर्फीरूपमा सञ्चालनमा आएको हो ।
नाका पूर्णरूपमा सञ्चालनमा आए पनि चिनियाँ पक्षको अवरोधका कारण न्यून मात्रामा तातोपानी नाकाबाट सामग्री भित्रिने गरेको व्यवसायीले गुनासो गर्दै आएका छन् ।
रसुवागढी र तातोपानी नाकाबाट न्यून मात्रामा आयात हुँदै आए पनि निर्यात भने ठप्प छ । रसुवागढी नाकाबाट गत वर्षको चिनियाँ ल्होसारदेखि नै निर्यात बन्द भए पनि हालसम्म पुनः सञ्चालन हुनसकेको छैन ।
चिनियाँ सामग्री आयातमा अवरोध गर्दै आएको चिनियाँ पक्षले निर्यातमा कुनै पहल नगरेको रसुवागढी भन्सार प्रमुख रेग्मी बताउँछन् ।

अन्तर्राष्ट्रिय नारा

"Women in leadership : Achieving an equal in a COVID-19"

अन्तर्राष्ट्रिय नारा

'महिलाको सुरक्षा समृद्ध नेपालको आधार : सम्मान र रोजगार'

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

सूचना तथा प्रसारण विभाग

## मधेशी महिलासम्बन्धमा अन्तरक्रिया

काठमाडौं । १११औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा "मधेशी महिलाहरुको भाषा, लिपि र संस्कृतिको संरक्षण तथा सम्बर्द्धन' अन्तरक्रियात्मक कार्यक्रम सम्पन्न भएको छ । मधेशी आयोगको आयोजनामा भएको कार्यक्रममा मधेशी महिलाहरुको उल्लेखनीय सहभागितामा रहेको थियो । कार्यक्रममा कन्चना झाले कार्यपत्र प्रस्तुत गरेकी थिइन । सो कार्यक्रममा मधेशी महिलाहरुले लोप हुँदै गइरहेको मधेशी समुदायको भाषा तथा संस्कृतिलाई बचाउन उपयुक्त कार्यक्रमहरु ल्याउन आयोगलाई आग्रह गरिन । कार्यक्रममा आयोगका अध्यक्ष डा.विजयकुमार दत्तले आफू र आयोग मधेशी समुदायको हक, हित संरक्षण, सम्बर्धन तथा सशक्तिकरणका लागि अहोरात्र लागिरहेको तथा आगामी दिनमा अझ लाग्ने प्रतिवद्धता जनाए ।
कार्यक्रममा आयोगका सचिव धर्मेन्द्र मिश्रले आयोगको कार्यक्षेत्र तथा हालसम्म आयोगले गरेका गतिविधिहरु बारे जानकारी गराए ।

## जिल्ला समाचार

### पर्सामा ४५ हजारलाई खोप लगाइने

वीरगञ्ज । कोरोनाविरुद्धको दोस्रो चरणको खोप अभियान पर्सामा पनि सुरु भएको छ । दोस्रो चरणमा पर्सामा ६५ वर्षमाथिका र पहिलो चरणमा छुटेका ४५ हजार जनालाई खोप लगाउन लागिएको स्वास्थ्य कार्यालय पर्साले जनाएको छ । प्रधानमन्त्री केपी शर्मा ओलीले खोप लगाएर दोस्रो चरणको अभियान सुरु गरेका थिए । पहिलो चरणको खोप अभियान गत माघ १४ गतेदेखि सुरु भएको थियो । फ्रन्टलाइनर चिकित्सक, स्वास्थ्यकर्मी, अस्पताल तथा नर्सिङ होमका कर्मचारी, महिला स्वास्थ्य स्वयंसेविका, पत्रकार, कर्मचारी, सुरक्षाकर्मी, जनप्रतिनिधिहरुले पहिलो चरणमा खोप लगाइसकेका छन् । पर्सामा पहिलो चरणमा ९ हजार ६०१ जनाले खोप लगाइसकेका छन् । १ प्रतिशत मात्रै खोप खेर गएको छ । स्वास्थ्य कार्यालय पर्साका अनुसार १४ वटा पालिकामध्ये आइतबारदेखि २६ गतेसम्म र २८ गतेदेखि चैत २ गतेसम्म ७-७ वटा पालिकामा खोप अभियान सञ्चालन हुनेछ । पालिका अन्तर्गत रहेका सबै स्वास्थ्य संस्थाहरुमा खोप केन्द्र स्थापना गरिएको छ । पर्सागढी र पोखरिया नगरपालिका, सखुवाप्रसौनी, पटेर्वासुगौली, जगरनाथपुर, जिराभवानी र ठोरी गाउँपालिकामा खोप अभियान सञ्चालन भएको छ । ३७ वटा खोप केन्द्रमार्फत यी ७ पालिकाका १८ हजार जनालाई खोप लगाइने स्वास्थ्य कार्यालयका जनस्वास्थ्य निरीक्षक अनिल सिंहले जानकारी दिए । वीरगञ्ज महानगरपालिका लगायत बाँकी ७ पालिकामा २८ गतेदेखि ५३ वटा खोप केन्द्रमार्फत खोप लगाइनेछ । नागरिकता प्रमाणपत्र नभएकालाई वडाध्यक्षको सिफारिसमा खोप लगाउने तर भारतीय नागरिकलाई खोप नलगाउने निर्देशन माथिल्लो निकायबाट आएको स्वास्थ्य कार्यालयले जनाएको छ ।

### ज्येष्ठ नागरिकले लगाए गाउपँलिकामा ताला

जनकपुरधाम । पछिल्लो आठ महिनादेखि सामाजिक सुरक्षा भत्ता नदिएको भन्दै ज्येष्ठ नागरिकहरुले धनुषाको औरही गाउँपालिकामा तालाबन्दी गरेका छन् । गाउँपालिकाको विभिन्न वडाबाट आएका ज्येष्ठ नागरिकहरुले आइतबार गाउँपालिकामा ताला लगाएका हुन् । साउन महिनादेखि हालसम्म गाउँपालिकाले भत्ता उपलब्ध नगराएको ज्येष्ठ नागरिक मजबुरी मेहताले बताए । भत्ता लिन पटक-पटक गाउँपालिका धाएपनि अध्यक्ष तथा कर्मचारीले फिर्ता घुमाउने गरेकाले बाध्य भएर ताला लगाउनुपरेको उनले बताए । 'भत्ता लिन आउँछु कसैले वास्ता गर्दैनन्,' अर्का ज्येष्ठ नागरिक जयकृष्ण साहले भने, 'आज दिन्छु भोलि दिन्छु भन्दाभन्दै ८ महिनादेखि दिएको छैन ।' गाउँपालिकामा भेला भएका करिब डेढ सयजना ज्येष्ठ नागरिकले एक महिनादेखि गाउँपालिकाका अध्यक्ष ब्रहमदेव यादव पनि सम्पर्कमा नआएकाले गाउँपालिकाको कार्यालयमा ताला लगाएको बताएका छन् ।

### विद्यालय भवन निर्माणका लागि सहयोग

रुपन्देही । बुटवल वडा नं.११ नहरपुरस्थित श्री नहरपुर माध्यमिक विद्यालयको नयाँ भवन निर्माणका लागि काठमाडौंस्थित भारतीय राजदूतावासको विकास साझेदारी तथा पुनर्निर्माण प्रभागका प्रमुख, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र बुटवल उप-महानगरपालिका बीच एक सम्झौतापत्रमा हस्ताक्षर भएको छ । भारत सरकारको 'उच्च प्रभाव सामुदायिक विकास परियोजना कार्यक्रम' अनुरुप 'नेपाल-भारत मैत्री विकास साझेदारी' अन्तर्गत नेरु. ४.४१७ करोडको लागतमा उक्त नयाँ भवनको निर्माण हुनेछ । सन् १९७१ मा स्थापना भएको यस श्री नहरपुर माध्यमिक विद्यालय राष्ट्रिय परीक्षा बोर्डसँग आबद्ध छ । यस विद्यालयले प्लस-टु तहको शिक्षा तथा व्यवस्थापन संकायमा पठनपाठन सञ्चालन गर्दै आएको छ । हाल विद्यालयमा अध्ययन गरिरहेका कूल ११२७ विद्यार्थीमध्ये ५० प्रतिशत छात्रा रहेका छन् । सन् २००३ यता भारतले स्वास्थ्य, शिक्षा, खानेपानी, कनेक्टिभीटी, सरसफाई र सार्वजनिक उपयोगिताका क्षेत्रमा सबिकको 'साना विकास परियोजना' र अहिलेको 'उच्च प्रभाव सामुदायिक विकास परियोजना कार्यक्रम' अन्तर्गत नेपालको सातै वटा प्रदेशमा ४४६ वटा परियोजना सम्पन्न गरिसकेको छ । तीमध्ये रुपन्देही जिल्लामा मात्रै १० गरी प्रदेश-५ मा ४१ वटा रहेका छन् भने सोही प्रदेशमा अन्य ९ वटा परियोजनाहरु विभिन्न चरणमा रहेका छन् । भारतले नेरु ५८०० मिलियन पुनर्निर्माण अनुदानमा २०७२ सालको विनाशकारी भुकम्पले क्षति पुर्‍याएका आठ जिल्लाका ७१ वटा शैक्षिक संस्थाको पुनर्निर्माण गरिरहेको छ । यस पुनर्निर्माण कार्यक्रमअन्तर्गत आठवटा विद्यालयको निर्माण सम्पन्न भइसकेको छ भने ६२ वटा विद्यालयको काम अघि बढिरहेको छ । त्यस्तै त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालय परियोजनाका लागि पनि टेण्डर प्रक्रिया अघि बढिरहेको छ । निकटको छिमेकी भएको नाताले भारत र नेपालबीच विशिष्ट मित्रता र सहकार्य रहिआएको छ । दुवै पक्षबीच भएको सम्झौताले प्राथमिकताका क्षेत्रहरुमा पूर्वाधार विकास गर्न नेपाल सरकारले गरेको प्रयासमा हातेमालो गर्ने भारत सरकारको अटूट प्रतिबद्धतालाई प्रतिबिम्बित गरेको छ ।

### 'पुरातात्विक मन्दिरप्रति ध्यान नजानु दुःखद'

रौतहट । मौलापुर नगरपालिकाकी मेयर रीनाकुमारी साहले पतौराको पुरातात्विक महादेव मन्दिरमा अन्य तहको ध्यान नजानु दुखद रहेको बताएकी छिन् । हजार वर्षभन्दा पुरानो रहेको तथ्य भेटिएको अवस्थामा समेत संघ तथा प्रदेश सरकारसहित अन्य पक्षले सो मन्दिरप्रति ध्यान नदिएकोमा मेयर साहले दुख व्यक्त गरिन् । नगरपालिकाले आफ्नो तहबाट सक्ने प्रयास गरेको भएपनि त्यसले नपुग्ने बताउदै मेयर साहले संघ र प्रदेशले साथ नदिएसम्म मन्दिरालई विश्व स्तरमा पुर्याउन नसकिने बताईन् । सो मन्दिरलाई विश्व सम्पदा सुचीमा पुर्याउन सकिने खालको प्रमाणहरु हुँदा पनि राज्य बेखबर भएजस्तो गरि प्रस्तुत भएको मेयर साहको गुनासो छ । संघ तथा प्रदेश सरकारले सानातिना मन्दिरहरु बनाउन बजेट व्यवस्था गर्ने गरेको तर ऐतिहासिक एवम् पुरातात्विक महत्वको पतौरा मन्दिरलाई वेवास्ता गरेको मेयर साहले बताइन् । उनले अब नगरपालिकाको क्षमताले मात्र नपुग्ने भएकोले मन्दिरको प्रवर्द्धन र विकास गर्नका लागि अन्य तहलाई ध्यान दिन आग्रह गरिन् । मेयर साहले ऐतिहासिक एवम् पुरातात्विक महत्व बोकेको पुरातात्विक मन्दिर नेपालकै एक महत्वपूर्ण पर्यटकीय केन्द्रको रुपमा स्थापित गर्न आफुहरु तयार रहेकोले जिम्मेवार बन्दै अन्य तह पनि लाग्नुको विकल्प नरहेको जीकिर गरिन् ।

### १३ महिला कर्मचारी सम्मानित

विराटनगर । १११ औं अन्तराष्ट्रिय नारी दिवसको अवसरमा प्रदेश १ सरकारले १३ जना महिला कर्मचारीलाई सम्मान गरेको छ । कोभिड-१९ को महामारीमा अग्रपंक्तिमा रहेर उल्लेखनीय भूमिका निर्वाह गर्ने ११ स्वास्थ्यकर्मी र २ जना महिला सुरक्षाकर्मीलाई सम्मान गरिएको हो । सोमबार सामाजिक विकास मन्त्रालयले एक कार्यक्रमको आयोजना गरी उनीहरूलाई सम्मानित गरेको हो । सम्मानित हुनेमा कोशी अस्पताल मोरङका कन्सल्ट्यान्ट प्याथोलोजिस्ट डा. कामना शर्मा, जिल्ला अस्पतालका मेडिकल अधिकृत डा.ऋचा भट्टराई, कोशी अस्पताल कोभिड-१९ उपचार केन्द्र विराटनगरकी स्टाफ नर्स दिव्या श्रेष्ठ र कार्यालय सहयोगी कञ्चन राय जिल्ला अस्पताल, धनकुटाकी अस्पताल नर्सिङ निरीक्षक शीला सुब्बा छन् । यस्तै नगर अस्पताल बेलटार, उदयपुरकी स्टाफ नर्स नीरु लिवाङग, मेची अस्पताल भद्रपुर झापाकी स्टाफ नर्स अनामिका राजवंशी, मेची अस्पताल भद्रपुरकी अनमी अनीता दाहाल, इलाका प्रहरी कार्यालय, रानीकी प्रहरी नायव निरीक्षक तारा विष्ट, विराटनगर महानगरपालिकाकी स्टाफ नर्स रेणुका चौधरी, विराटनगर महानगरपालिकाकी ल्याब टेक्निसियन नीता लुईटेल, जिल्ला प्रहरी कार्यालय झापाकी प्रहरी जवान पूजा कुमारी विश्वास र मेची अस्पताल भद्रपुरकी कार्यालय सहयोगी सरीता दियाली छन् । कार्यक्रममा प्रदेश न. १ का प्रदेश प्रमुख सोमनाथ अधिकारी, आन्तरिक मामिला तथा कानुन मन्त्री तथा सामाजिक विकास मन्त्री हिक्मत कार्की, विराटनगर महानगरपालिकाका उपप्रमुख इन्दिरा कार्की लगायतले सम्मान गरेका हुन् ।

### महिला संघले मनायो नारी दिवस

मणि प्रसाद गैह्रे, कपिलवस्तु । १११औं अन्तर्राष्ट्रिय नारी दिवसको अवसरमा नेपाल महिला संघ कपिलवस्तुले तौलिहवामा अन्तरकिया कार्यकम गरी मनाएको छ । 'महिलाको सुरक्षा, सम्मान र रोजगार, समृद्ध नेपालको आधार' भन्ने नारासहित यो दिवस मनाइएको हो । लैङ्गिक समानता, महिला सशक्तीकरण, महिला अधिकारको सुनिश्चिततामा जोड दिएर कार्यक्रम गरिएको हो । नेपालको संविधानमा मौलिक हक अन्तर्गत धारा ३८ मा महिलाको हकको व्यवस्था गरेको छ । तौलिहवास्थित नेपाली कांग्रेसको पार्टी कार्यालयमा सम्पन्न कार्यकममा बोल्दै नेपाली कांग्रेसका नेता एवं पूर्वमन्त्री दिप कुमार उपाध्यायले राज्यका हरेक निकायमा महिलालाई समानुपातिक, समावेशी सिद्धान्तका आधारमा सहभागी हुन पाउने अधिकार सुनिश्चित गरिएको हुँदा महिलाहरुले उक्त अवसर पाउन सक्ने क्षमता विकास गर्नुपर्ने बताए । समुदाय स्तरमा जनचेतना फैलाई महिलाहरुले हक अधिकार लिन सक्ने काम महिला संघले गर्नुपर्ने बताए ।

## कला/साहित्य

कमल मण्डल

# चर्चित हुँदै गायक अरुण विजैया

मैथिली गीत संगीतको क्षेत्रमा विगत एक दशकदेखि संघर्ष गर्दै आएका युवा गायक अरुण विजैया अब फिल्महरुमा पनि आफ्नो सुमधुर आवाज दिन थालेका छन् । धनुषा जिल्लाको कठाल स्थायी घर भएका गायक जनकपुरलाई आफ्नो कर्म भूमि बनाएका छन् । विभिन्न स्टेज तथा सांस्कृतिक कार्यक्रमहरुमा आफ्नो प्रस्तुति देखाउँदै आएका छन् । मैथिली फिल्मका लागि गाएको गीत बुझ्ु नै बुझ्ु प्रित अहिस लगौने छी बजारमा आएपछि एकाएक चर्चामा आएका छन् । हालसम्म प्रेमक दिवाना, ढोरीके निचा, दिल लुइटगेलै, एडभान्स चुम्मा, पागल बनेबु काहो, रमौलवाली, भोजपुरी फिल्म लाल सलाम, युद्ध भूमि लगायत करिब एक दर्जनभन्दा बढी एल्बम तथा फिल्महरुमा आफ्नो सुमधुर आवाज दिइसकेका छन् । दैनिक चार घण्टा हारमोनियममा रियाज गर्दे आएका अरुण आफ्नो गायन कलामा अझ निखार ल्याउनका लागि जनकपुरस्थित आलाप संगीत प्रशिक्षण केन्द्रमा ललित कापडसँग विशेष कक्षा लिइरहेका छन् । गीत रेकर्डिङ्गको क्रममा छोटो समयमा जनकपुर, काठमाण्डौं, पटना, दिल्ली हुँदै मुम्बईसम्मको ठाउँमा पुगेर गायन सम्बन्धी विशेष अनुभवहरु प्राप्त गरेको बताउने युवा गायक विजैया चाडै नै एकल गायनमा मैथिली आधुनिक गीतहरुको एल्बम लिएर मैथिली स्रोताहरु समक्ष ल्याउन लागेका छन् ।



# विद्यालयको भवन निर्माण सम्पन्न

काठमाडौं । भारत सरकारको नेरु. ४ करोड ३३ लाख आर्थिक सहयोगमा गोरखा जिल्लाको शहीद लखन गाउँपालिका–६, घैरुङ्गमा निर्माण गरिएको श्री हिमालय माध्यमिक विद्यालयको नयाँ भवनको भारतीय राजदूतावासका प्रशासन प्रमुख करुण वंशल, जिल्ला समन्वय समिति, गोरखा, विद्यालय व्यवस्थापन समिति तथा स्थानीय प्रतिनिधिहरुबाट संयुक्त रुपमा उद्घाटन भएको छ ।

'नेपाल–भारत विकास सहकार्य' कार्यक्रमअन्तर्गत निर्मित यस तीनतल्ले नयाँ विद्यालय भवनमा १८ वटा कक्षा कोठा, विज्ञान प्रयोगशाला, प्रशासन, शिक्षक र प्रधानाध्यापकका लागि एक–एकवटा कक्ष र छात्र छात्राका लागि छुट्टाछुट्टै सरसफाई संरचना रहनेछन् ।

भारत सरकार र नेपाल सरकारबीच भएको सम्झौता अनुरुप पहिले 'साना विकास परियोजना' को नामले परिचित यस परियोजनालाई 'उच्च प्रभाव सामुदायिक विकास परियोजना' को रुपमा अघि बढाइएको हो । यस परियोजनाको कार्यान्वयन जिल्ला समन्वय समिति, गोरखाले गरेको छ । सन् २००३ यता भारतले नेपालमा ५२० भन्दा बढी उच्च प्रभाव सामुदायिक विकास परियोजनाहरु अघि बढाइसकेको छ भने ४४६ वटा परियोजनाहरु सम्पन्न गरिसकेको छ ।

जसमध्ये गोरखा जिल्लाका ७ वटा परियोजना सहित ५० वटा परियोजना प्रदेश नं ४ मा रहेका छन् । भारत सरकारले आर्थिक सहयोग गरेका प्रदेश नं ४ का विविध परियोजनाहरु निर्माण र कार्यान्वयनका विभिन्न चरणहरुमा रहेका छन् ।

यसको अलावा, भारतीय राजदूतावासले गोरखा जिल्लाका विभिन्न स्वास्थ्य चौकी तथा गैरसरकारी संस्थालाई १२ वटा एम्बुलेन्स उपहार स्वरुप प्रदान गरिसकेको छ ।

२०७२ सालको भूकम्पले क्षति पुनयाएका नेपालका आठ जिल्लामा कूल ७१ वटा शैक्षिक संस्थाको निर्माण भारत सरकारको पुनर्निर्माण अनुदान सहयोग अन्तर्गत भइरहेको छ । यसमध्ये ७ वटा विद्यालय गोरखामा छन् । तीनवटा विद्यालयको निर्माण सम्पन्न भई गत मंसीर १२ गते भारतका विदेश सचिव महामहिम हर्षवर्धन श्रृंगलाद्वारा उद्घाटन भइसकेका छन् भने बाँकी चारवटा विद्यालयको निर्माण कार्य भइरहेको छ ।

भारतले गोरखामा भूकम्पले क्षति पुनयाएका ३० वटा अस्पतालको पुनर्निर्माण पनि गरिरहेको छ । ५. सन् १९६० मा स्थापित श्री हिमालय माध्यमिक विद्यालय सन् २०१० मा माध्यमिक तहमा स्तरोन्नति भएको थियो ।

विद्यालयमा करिब २५० जना विद्यार्थीहरु अध्ययनरत छन् जसमध्ये ६० प्रतिशत भन्दा बढी छात्रा रहेका छन् । यस नवनिर्मित संरचनाले विद्यार्थीहरुको सिकाई क्षमतालाई अझ अभिवृद्धि गर्ने अपेक्षा गरिएको छ ।

यस परियोजनाले भारतको नेपालसँगको विकास साझेदारीलाई प्रतिबिम्बित गर्नुका साथै शिक्षाको क्षेत्रमा पूर्वाधार सुदृढ गर्ने नेपाल सरकारको प्रयासमा थप बल पुनयाएको छ ।

# भारतीय सीमा छिट्टै खुल्छ : उपप्रधानमन्त्री पोखरेल

रौतहट । उपप्रधानमन्त्री ईश्वर पोखरेलले भारतीय सीमामा केहि समयभित्रै सवारी साधन आउजाउ हुने बताएका छन् ।

कोभिडको कारण लामो समय देखि भारतीय सीमाना बन्द रहेकाले गाडी नचल्दा सबभन्दा बढी मधेसको मानिस कठिनाईमा भएको बताउँदै अबको केही समय भित्रै यातायात संचालन हुने प्रतिवद्धता जनाएका छन् ।

उनले आफू कोभिडसम्बन्धी समितिको संयोजक रहेको जिकिर गर्दै मधेशी समूदायको मानिसको पिडालाई हटाउन केहीसमय भित्रै भारतीय सिमानामा गाडी चल्ने वातावरणको लागि भारतसंग पहल भईरहेको जानकारी दिए ।



रौतहटको मौलापुर नगरपालिकाको पतौरामा बिहीबारबाट सुरु भएको दोस्रो मधानी महायज्ञको उद्घाटन गर्दै उपप्रधानमन्त्री पोखरेलले सीमा क्षेत्रका जनताले भोग्नु परेको कठिनाइलाई मध्यनजर गर्दै पहिलेकै अवस्थामा नाका सुचारु हुने बताए । उपप्रधानमन्त्री पोखरेलले पतौरा मन्दीरको संरक्षण र प्रबर्द्धनका लागि आवश्यक सबै किसिमको सहयोग गर्न सरकार तयार रहेको बताए । पतौरामा जग्गा उत्खनन गर्दा शिवको प्राचीन मूर्ति फेला परेपछि सो स्थानमा मधानी महायज्ञको सुरुवाता गरिएको हो ।

# विद्यालय पुनर्निर्माण सुरु

काठमाडौं । चन्द्रागिरी नगरपालिकास्थित श्री विष्णुदेवी माध्यमिक विद्यालयको पुनर्निर्माणका लागि नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री कृष्णगोपाल श्रेष्ठले भारतीय राजदूतावासको पुनर्निर्माण तथा विकास सहकार्य प्रभागका प्रमुख डा. प्रफुल्ल चन्द्र शर्मा र चन्द्रागिरी नगरपालिकाका मेयरको उपस्थितिमा भूमि पूजन कार्यक्रम सम्पन्न गरेका छन् । शिक्षाको क्षेत्रमा भारत सरकारले प्रदान गरेको पुनर्निर्माण अनुदान सहयोगअन्तर्गत निर्माण हुन लागेको यो ६८ औं विद्यालय हो ।

उक्त कार्यक्रममा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको केन्द्रीय आयोजना कार्यान्वयन इकाई (भवन) का परियोजना निर्देशक, भारतीय राजदूतावास तथा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका अधिकारी, विद्यालय व्यवस्थापन समितिका प्रतिनिधि, स्थानीय सामुदायिक सदस्य तथा विद्यालयका विद्यार्थीहरुको पनि उपस्थिति थियो । नेरु. ६ करोड ४९ लाखको लागतमा पुनर्निर्माण हुन लागेको यस श्री विष्णुदेवी माध्यमिक विद्यालय नेपाल सरकारले निर्धारण गरेको भूकम्प प्रतिरोधी मापदण्डअनुरुप निर्माण हुनेछ । शैक्षिक, प्रशासनिक तथा प्रयोगशाला र पुस्तकालय गरी अब बन्ने नयाँ संरचनामा तीन वटा ब्लकहरु हुनेछन् जसमा १३ वटा कक्षाकोठा, परीक्षाहल, प्रयोगशाला कक्ष, कम्प्युटरकक्ष, पुस्तकालय, विद्यालय व्यवस्थापन समितिका लागि कक्ष, प्रशासनिक कक्ष र छात्र तथा छात्राका लागि छुट्टाछुट्टै सरसफाई संरचनाको सुविधा रहनेछन् । यी विद्यालयहरुको निर्माणका लागि केन्द्रीय भवन अनुसन्धान संस्थान (सीबीआरआई), रुड्कीले प्राविधिक सहयोग प्रदान गर्नेछ । केन्द्रीय भवन अनुसन्धान संस्थान (सीबीआरआई) भूकम्प प्रतिरोधी पुनर्निर्माण क्षेत्रमा भारतको शीर्ष संस्थानको रुपमा परिचित छ । २०७२ सालको भूकम्पले क्षति पुर्‍याएका नेपालका आठ जिल्लाका कूल ७१ वटा शैक्षिक संस्थाको पुनर्निर्माण हेतु भारत सरकारले ५० मिलियन अमेरिकी डलर (करिब नेरु. ५.८ अर्ब) आर्थिक सहयोग गर्ने प्रतिबद्धता जनाएको छ । निर्माण कार्य सुरु हुन लागेको यो ६८ औं विद्यालय हो र ८ वटा विद्यालयको निर्माण कार्य सम्पन्न भइसकेको छ । काभ्रे जिल्लामा थप दुई विद्यालयको पुनर्निर्माणका लागि ठेक्का हस्तान्तरण भइसकेको अवस्था छ र यी विद्यालयहरुको निर्माण कार्य पनि छिट्टै अघि बढ्नेछ ।

स्वास्थ्य, सांस्कृतिक सम्पदा र आवासका क्षेत्रमा पुनर्निर्माण परियोजनाका लागि भारतले थप २०० मिलियन अमेरिकी डलर आर्थिक सहयोग गर्ने प्रतिबद्धता पनि गरिसकेको छ । अहिलेसम्म गोरखा र नुवाकोट जिल्लामा ४७,००० घरहरु निर्माण भइसकेका छन् र बाँकी घरका निर्माण कार्य अघि बढिरहेको छ । राष्ट्रिय पुनर्निर्माण प्राधिकरण र सम्बन्धित नगरपालिकाका अधिकारीहरुले लाभग्राहीहरुलाई वर्षायाम आउनुअघि नै निर्माण कार्य सम्पन्न गरिसक्न आग्रह गरेका छन् ।

२०७२ सालको विनाशकारी भूकम्पले क्षति पुर्‍याएका ११ जिल्लाका २८ वटा सांस्कृतिक सम्पदाको पुनर्स्थापना तथा सबलीकरण र १४७ वटा स्वास्थ्य भवनको निर्माण भारतको आर्थिक सहयोगमा भइरहेको छ । यी दुवै क्षेत्रमा निर्माण कार्य सुरु भइसकेको छ । पुनर्निर्माण परियोजना यथासक्य चाँडै सम्पन्न गर्न राष्ट्रिय पुनर्निर्माण प्राधिकरण तथा दूतावास एक आपससँग सहकार्य गर्दै काम गरिरहेको छ ।

# विद्युत् आयात-निर्यात कार्यविधिको स्वागत

काठमाडौं । भारतले १४ फागुनमा जारी गरेको अन्तरदेशीय विद्युत् आयात-निर्यात कार्यविधिको स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इप्पान)ले स्वागत गरेको छ। नयाँ कार्यविधिले भारतमा विद्युत् आयात-निर्यात तथा भारत हुँदै तेस्रो मुलुकमा विद्युत् आदान-प्रदान गर्ने बाटो खोलेको इप्पानले गरेको पत्रकार सम्मेलनमा जानकारी दिएको छ। 'पछिल्लो व्यवस्थाले क्षेत्रीय ऊर्जा व्यापारलाई मूर्तरूप लिएको छ,' इप्पानका अध्यक्ष कृष्णप्रसाद आचार्यले भने ।

भारतले कार्यविधि जारी गरिसकेको अवस्थामा अब नेपाल सरकारले पनि विद्युत् व्यापार गर्न अविलम्ब आवश्यक नीति-नियम प्रक्रियाको व्यवस्था गर्नुपर्ने उनको भनाइ छ। अझ ढिलो भएमा अर्थतन्त्रमा दूरगामी असर पर्ने इप्पानको निष्कर्ष छ। यसबाहेक नेपालको जलविद्युत्लाई भारतीय बजारमा प्रतिस्पर्धी बनाउन कानुनी तथा प्राविधिक बाधा हटाउन पनि सरकारलाई आग्रह गरिएको छ। इप्पानले सकारसँग ६ बुँदे मागसमेत राखेको छ।

त्यस्तै, ऊर्जा व्यापारका लागि नेपाल, भारत र बंगलादेशको समेत त्रिदेशीय संयन्त्र बनाउने, आन्तरिक खपत वृद्धि गर्न इन्डक्सन चुलो र विद्युतीय सवारीसाधनमा सहुलियतको व्यवस्था गर्नुपर्ने, नेपाली उद्योग तथा कारखानालाई सहुलियत दरमा विद्युत् उपलब्ध गराउनेलगायतका व्यवस्थाका लागि सरकारसँग माग गरेको छ।

# 'नेपालले छिट्टै विद्युत् निर्यात गर्छ'

काठमाडौं । भारतका विदेश सचिव हर्षवर्द्धन श्रींगलाले नेपालले निकट भविष्यमा विद्युत निर्यात सुरु गर्ने विश्वास व्यक्त गरेका छन् । भारतीय संस्था 'रिचर्स एण्ड इन्फरमेसन सिस्टम फर डेभलपिङ कन्ट्रिज' ले आयोजना गरेको कार्यक्रमलाई सम्बोधन गर्ने क्रममा उनले यस्तो बताएका हुन् । हाल नेपालले भारतबाट सात सय मेगावाट विद्युत् आयात गरिरहेको बताउँदै उनले अब नेपालले विद्युत् निर्यात गर्ने बताए । उनले भारत सरकारको सहयोगमा नेपालको ढल्केवरदेखि भारतको मुजफ्फरपुरसम्मको पहिलो उच्च क्षमताको अन्तरदेशीय ट्रान्समिसन लाइन सम्पन्न भइसकेको र यसलाई सन् २०२० मा ४०० केभिमा स्तरोन्नति भएको बताएका छन् । अन्य अन्तरदेशीय उच्च क्षमताका ट्रान्समिसन लाइनको पनि परिकल्पना भइरहेको उनले बताए । विदेशसचिव श्रींगलाले हाल सतलज जलविद्युत् निगम लिमिटेडले ९०० मेगावाटको अरूण तेस्रो जलविद्युत् परियोजना निर्माण गरिरहेको र जिएमआरले ९०० मेगावाटको माथिल्लो कर्णली जलविद्युत् परियोजना पनि निर्माण गरिरहेको बताएका छन् । माथिल्लो कर्णाली परियोजना निर्यातमा आधारित परियोजना भएको बताउँदै उनले यसबाट भारत र बंगलादेशमा विद्युत् निर्यात हुने बताए । उनले भुटान बंगलादेश, नेपाल, म्यानमार र भारतलाई ऊर्जा हब बनाउने क्षेत्रमा काम गरिरहेको बताएका छन् ।

श्रींगलाले सम्बोधनका क्रममा भारतको मोतिहारीबाट नेपालको अमलेखगञ्जसम्म दक्षिण एसियाकै पहिलो अन्तरदेशीय पेट्रोलियम पदार्थसम्बन्धी पाइपलाइन निर्माण गरेको र हाल उक्त परियोजनालाई चितवनसम्म विस्तार गर्ने र भारतको सिलगुढी हुँदै नेपालको झापासम्मको नयाँ पाइपलाइन निर्माणबारेमा तयारी भइरहेको बताएका छन् ।

## आर्थिक समाचार

# सखुवा प्रसौनी सेञ्चुरी बैंकको शाखारहित बैंकिङ्ग सेवा

वीरगन्ज । सेञ्चुरी कमर्सियल बैङ्क लिमिटेडले फागुन २२ गतेबाट आफ्ना ग्राहकहरूको सेवामा थप विस्तार गर्ने उद्देश्यले पर्सा जिल्लाको सखुवा प्रसौनी गाउँपालिका-४ को देवरवानामा शाखारहित बैङ्किङ सेवा सुरु गरेको छ। शाखा रहित बैङ्किङ सेवाको शुभारम्भ प्रमुख अतिथिका रूपमा प्रदेश-२ का विधायक मन्जुर आलम र विशेष अतिथिको रूपमा सखुवा प्रसौनी गाउँपालिका अध्यक्ष प्रदीप जयसवालले संयुक्त रूपमा गरेका थिए । उक्त अवसरमा अध्यक्ष प्रदीप जयसवालले पर्सा जिल्लाको पुरानो बजारको रूपमा रहेको देवारवानामा शाखा रहित बैङ्क सेवाबाट स्थानीय जनताले वित्तीय सेवा प्राप्त गरी आर्थिक समृद्धिमा मद्दत पुग्ने बताए । शाखारहित बैङ्किङ सेवामा निक्षेप सङ्कलन, रकम भुक्तानी लगायत बैकले प्रदान गर्ने अन्य सेवा उपलब्ध हुने बैङ्कले जनाएको छ । आधुनिक प्रविधिको माध्यमबाट देशका दुर्गम तथा सहरी क्षेत्रमा सरल बैङ्किङ सेवा प्रदान गर्दै आएको सेञ्चुरी कमर्सियल बैङ्कले आफ्ना १२० शाखा १० एक्सटेन्सन काउन्टर, २३ शाखा रहित बैङ्किङ र ८८ एटिएम मार्फत वित्तीय सेवा प्रदान गर्दै आइरहेको छ ।

# बालमन्दिरलाई सेन्चुरी बैंकको सहयोग

जलेश्वर । जलेश्वरस्थित रहेको बालमन्दिर आधारभूत विद्यालयलाई सेन्चुरी कमर्सियल बैंकको जलेश्वर शाखाले फर्निचर सहयोग गरेको छ । फर्निचर हस्तान्तर कार्यक्रममा प्रदेश सांसद रानी शर्माले बैंकको सराहनीय कदमलाई स्वागत गर्दै अगामी दिनमा आफूले बालमन्दिरमा सहयोग गर्ने प्रतिबद्धता ब्यक्त गरिन् । उनले आफ्नै निर्वाचन क्षेत्रको विद्यालय भएपनि अहिलेसम्म ओझेलमा परेको खबरले दुखित बनाएको बताइन् । नेपाल बाल संगठन महोत्तरीका सभापति मनोज कुमार नायकको अध्यक्षतामा सम्पन्न फर्निचर हस्तान्तर कार्यक्रममा जलेश्वर उद्योग वाणिज्य संघका अध्यक्ष लवराजा सिंहले यस विद्यालयमा आफ्नो बाल्यकाल बितेको स्मरण गरे । उनले बालमन्दिरमा तत्कालिन समयमा वितरण हुने दुधलाई बिलायती दुध भन्ने बताए । आफूतर्फबाट हुनसक्ने सहयोगको लागि पहल गरिरहेको सिंहले जानकारी दिए । केही दिनभित्रै विद्यालयलाई सहयोग हुनसक्ने बातावरणको निर्माण गर्न नेपाल रेडक्रस सोसाइटी महोत्तरीका सभापति दिपक मिश्र, जलेश्वर २ का वडाप्रतिनिधि बलवीर गुप्ता, बाल संगठनका पूर्वअध्यक्ष दिलबहादुर श्रेष्ठ, प्रल्हाद साह, संचारकर्मी रञ्जन भण्डारी, समाजसेवी अरबिन्द साहलगायतले पहल गर्ने प्रतिबद्धता व्यक्त गरे । सेन्चुरी कमर्सियल बैंक जलेश्वर शाखाका प्रबन्धक मुकेश प्रसाद जयसवालले आफ्नो बित्तिय संस्थाको स्थापना दिवसमा सामाजिक कार्य गर्ने जिम्मेवारी अन्तर्गत २४ जना बालबालिका पढ्न सक्ने ६ वटा फर्निचर सेटमा सहयोग गरेको जानकारी दिए । बालमन्दिर विद्यालय २०३१ सालमा स्थापना भएकोमा २०४३ सालदेखि विद्युत सेवाबाट बंचित रहेको र अन्य पूर्वाधारमा समेत कमी रहेको समयमा प्राप्त भएको सहयोग सराहनीय रहेको प्रधानाध्यापक सुरेन्द्र सिंहले बताए । बालमन्दिर विद्यालयमा २१० जना बालबालिका अध्ययनरत छन् ।

# सहकारी प्रवर्द्धन केन्द्रको नयाँ भवन उद्घाटन

काठमाडौं, २६ फागुन । भारत सरकारको नेरु.३.५ करोड आर्थिक सहयोगमा ललितपुरस्थित जिल्ला सहकारी संघ लिमिटेडका लागि निर्माण गरिएको नयाँ सहकारी प्रवर्द्धन केन्द्र भवनको काठमाडौंस्थित भारतीय राजदूतावासका नियोग उप-प्रमुख नामग्यसी खम्पाले उद्घाटन गरेका छन् । नेपाल सरकारका पूर्वअर्थमन्त्री उदय राणा, सहकारी संघ लिमिटेड, ललितपुरका अध्यक्ष माधव दुलाल तथा संघका पदाधिकारी र जिल्ला समन्वय समितिका प्रतिनिधिहरुको उक्त समारोहमा उपस्थिति थियो । 'नेपाल–भारत विकास सहकार्य' कार्यक्रमअन्तर्गत निर्मित यस तीन तल्ले नयाँ भवनमा बहुउद्देश्यीय बेसमेन्ट, ग्राउण्ड र दोस्रो तल्ला छन् । पहिलो तल्ला खल्ला बजारका लागि प्रयोग गरिने छ । दोस्रो तल्लामा कार्यालय एवम् प्रशिक्षण कक्ष, बहुउद्देश्यीय हल, एउटा स्रोत केन्द्र तथा चमेना गृह रहनेछ भने बहुउद्देश्यीय बेसमेन्टको एउटा खण्डमा पार्किङ्गको सुविधा हुनेछ। यो परियोजना उच्च प्रभाव सामुदायिक विकास परियोजनाअन्तर्गत रहेको छ र यसको कार्यान्वयन जिल्ला समन्वय समिति, ललितपुरले गरेको हो ।

सन् २००३ यता भारतले नेपालमा ४४६ वटा उच्च प्रभाव सामुदायिक विकास परियोजना सम्पन्न गरिसकेको छ जसमध्ये ललितपुर जिल्लाका ९ वटा परियोजनासहित ८४ वटा परियोजना प्रदेश नं ३ मा रहेको छ । यी बाहेक भारतीय राजदूतावासले ललितपुर जिल्लाका विभिन्न स्वास्थ्यचौकी, गैरसरकारी संस्था तथा शैक्षिक संस्थाहरुलाई १८ वटा एम्बुलेन्स र ९वटा स्कुल बस उपहारस्वरुप प्रदान गरिसकेको छ। सन् १९७२ मा स्थापित यस सहकारी संघ लिमिटेडको सदस्य समाजको रुपमा ७६५ वटा सहकारी रहेका छन् भने तीन लाख पचास हजारभन्दा बढी सदस्यता रहेको छ । यस सहकारी संघको मुख्य उद्देश्य भन्नु नै सदस्य सहकारीको गतिविधिको नेतृत्व, समर्थन, समन्वय र प्रवर्द्धन गर्नुका साथै खेती किसानी गर्ने समुदायको विकास एवम् सुदृढीकरण गर्नु हो । यस नवनिर्मित सहकारी प्रवर्द्धन केन्द्रले सहकारी तथा यसका किसान सदस्यहरुको बजारीकरण क्षमता बढाउने अपेक्षा गरिएको छ। यसका साथै यसले किसान र उपभोक्ताबीच प्रत्यक्ष सम्बन्ध स्थापित गर्न मद्दत गर्ने अपेक्षा गरिएको छ । कृषिजन्य उत्पादनको बजारीकरणमा विशेष रुचि राख्ने व्यक्तिहरुका लागि सो भवनले सूचना केन्द्रको रुपमा पनि काम गर्ने विश्वास लिइएको छ । भारत नेपालको भरपर्दो विकास साझेदारको रुपमा रहेको छ । यस परियोजनामार्फत कृषि बजारीकरण क्षेत्रमा पूर्वाधार सुदृढ गर्ने नेपाल सरकारको प्रयासमा भारतीय राजदूतावासले थप बल प्रदान गरेको छ । गत दुई वर्षमा भारतले ५९ जना कृषि वैज्ञानिक, किसान, जैविक खेती, माटो परीक्षण र मलखाद विज्ञानजस्ता क्षेत्रमा आबद्ध कृषि क्षेत्रका नीति निर्माणकर्तालाई दिल्लीको National Capital Region को शीर्षस्थ भारतीय कृषि केन्द्रहरुमा प्रशिक्षण दिइसकेको छ । दुवै देशका सरकारले नेपालमा नमुना पशु अस्पताल र पशु प्रयोगशाला स्थापना गर्ने बारे काम पनि गरिरहेका छन् ।




मिथिला दर्शन
टीभी कार्यक्रम हेर्न नभुल्नु होला ।
मिथिलाको धर्म, संस्कृति र संस्कारको संरक्षण, सम्बर्द्धन, प्रबर्द्धन र विशेष जानकारी दिनका लागि मैथिली संस्कृतिको साप्ताहिक टी.भी. कार्यक्रम मिथिला दर्शन NEWS 24 टेलिभिजनमार्फत् हरेक बुधबार बिहान ५:३० बजे र कार्यक्रमको पुनः प्रसारण हरेक बिहीबार राति १:३० बजे नियमित रूपमा प्रसारण हुँदै आइरहेको छ ।
विशेष जानकारीका लागि सम्पर्क
मोबाइल : ९८४३१४६४८८
कार्यक्रममा राय, सल्लाह, सुझाव र प्रतिक्रिया दिनका लागि
Email : bsmedia65@gmail.com

मधेशवाणी प्रा.लि.द्वारा प्रकाशित, सम्पादक : रामसुकु … र्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१,
Email : madhes … il.com, Website : www.madheshvani.com, मुद्रण : धिम्ले अफसेट प्रेस, काठमाडौं